# अभिशप्त समय कथासङ्ग्रहको विधाताप्विक अध्ययन

त्रिभुवन  विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्काय अर्न्तगत रत्न राज्यलक्ष्मी क्याम्पस

स्नातकोत्तर तह द्वितीय वर्षको

दसौं पत्रको

प्रयोजनको लागि

प्रस्तुत

**शोधपत्र**

**शोधार्थी**

दिपेन्द्र बहादुर मल्ल

रत्न राज्यलक्ष्मी क्याम्पस,

पर्दशनी मार्ग, काठमाडौं

२०७१

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली एम.ए. दोस्रो वर्षका विद्यार्थी दिपेन्द्र बहादुर मल्लको "**अभिशप्त समय कथा सङ्ग्रहको विधातात्विक अध्ययन**" शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७१/१२/१०

.....................

शङ्कर सुब्बा

सह - प्राध्यापक

रत्न राज्यलक्ष्मी क्याम्पस

प्रदर्शनीमार्ग काठमाडौं ।

## रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली विभाग, प्रदर्शनीमार्ग, काठमाडौं ।

### स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पसका विद्यार्थी दिपेन्द्र बहादुर मल्लले स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौं पत्रको प्रयोजनको लागि प्रस्तुत गर्नुभएको **"अभिशप्त समय कथा सङ्ग्रहको विधातात्विक अध्ययन"** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधमूल्याङ्कन समिति**

| **क्र.सं.** | **हस्ताक्षर** |
|---|---|
| १. सह-प्रा. भगवान् चन्द्र उपाध्याय ज्ञवाली ( विभागीय प्रमुख ) | ...................... |
| २. सह-प्रा शङ्कर सुव्वा ( शोध निर्देशक ) | ..................... |
| ३. डा. गोविन्द प्रसाद शर्मा ( बाह्य परीक्षक ) | ...................... |

मिति : २०७१/१२/१८

## कृतज्ञताज्ञापन

**'अभिशप्त समय' कथासङ्ग्रहको विधातात्त्विक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गतको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरुज्यू शङ्कर सुब्बाका कुशल निर्देशनमा तयार पारेको हुँ । आफ्नो कार्यव्यस्तताका बाबजुद पनि बारम्बार प्रेमपूर्वक सल्लाह सुझाव र निर्देशन दिएर अविस्मरणीय सहयोग गर्नुहुने श्रद्धेय गुरुप्रति म सदा ऋणी रहनेछु ।

प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृती प्रदान गरी शोधपत्र लेख्ने अवसर प्रदान गर्नु हुने नेपाली विभागका विभागीय प्रमुख श्री भगवानचन्द्र उपाध्याय ज्ञवालीप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु । यस शोधपत्रको तयारीका सन्दर्भमा आवश्यक सामग्री सल्लाह र सुझाव अन्तर्वार्ता दिएर सहयोग प्रदान गर्नु हुने शोध नायककी श्रीमती सरला शर्माप्रति हार्दिक आभार प्रकट गर्दछु । मेरो पढाइलाई सुचारु रूपले सञ्चालन गर्न सहयोग पुऱ्याउने श्री जगदीश ओलीसरप्रति म सदा आभारी छु । त्यस्तै प्रस्तुत शोधपत्रका लागि सामग्री सङ्कलन तथा मस्यौदा लेखनका क्रममा सहयोग पुऱ्याउनु हुने मित्रहरु बुद्धिकृष्ण गौतम र बुद्धिराम अधिकारीप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

शोधपत्रका लागि आवश्यक सामग्री सङ्कलनमा नेपाल प्रज्ञा प्रतिष्ठान, रत्न राज्यलक्ष्मी क्याम्पसको पुस्तकालयबाट सहयोग गर्नु हुने पुस्तकालयका कर्मचारीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गतको नेपाली शिक्षण समिति, रत्न राज्यलक्ष्मी क्याम्पस समक्ष प्रस्तुत गर्दछु ।



........................

दिपेन्द्र बहादुर मल्ल

रोल नं. ६९/०६७

त्रि.वि.दर्ता न. ९-२-२९-६९५-२००३

अनुक्रमाङ्क नम्बर : ४००२१६

# विषयसूची

## अध्याय : एक

पृष्ठ सङ्ख्या

## शोध परिचय


| | |
|---|---|
| १.१ विषय परिचय | १ |
| १.२ शोध समस्या | १ |
| १.३ शोध कार्यको उद्देश्य | १ |
| १.४ पूर्वकार्यको समीक्षा | २ |
| १.५ शोध कार्यको सीमाङ्कन | ४ |
| १.६ अध्ययनको औचित्य र महत्व | ४ |
| १.७ सामग्री सङ्कलन | ४ |
| १.८ शोधविधि | ५ |
| १.९ शोधपत्रको रुपरेखा | ५ |


## अध्याय : दुई

कथाकार घनश्याम शर्माको रचनाधर्मिता


| | | |
|---|---|---|
| २.१ | विषय प्रवेश | ६ |
| २.२ | घनश्याम शर्माको जीवनी | ६ |
| २.१.१ | जन्म | ६ |
| २.२.२ | वाल्यकाल र स्वभाव | ६ |
| २.२.३ | शिक्षादीक्षा | ७ |
| २.२.४ | दाम्पत्य जीवन र पारिवारिक स्थिति | ७ |
| २.२.५ | कार्यक्षेत्र | ७ |
| २.२.६ | सम्मान र पुरस्कार | ८ |
| २.२.७ | रुचि | ८ |
| २.२.८ | लेखनका लागि प्रेरणा र प्रभाव | ९ |
| २.२.९ | लेखनको प्रारम्भ र प्रकाशित कृतिहरु | ९ |
| २.२.१० | साहित्यिक दृष्टिकोण | ९ |
| २.३ | घनश्याम शर्माको ब्यक्तित्व | १० |
| २.३.१ | साहित्यिक ब्यक्तित्व | १० |
| २.३.१.१ | कथाकार ब्यक्तित्व | १० |
| २.३.२ | साहित्येतर ब्यक्तित्व | १६ |
| २.३.२.१ | जागिरे ब्यक्तित्व | १६ |
| २..४ | निष्कर्ष | १७ |

## अध्याय : तीन

कथा विश्लेषणको सैद्धान्तिक आधार


३.१ विषय प्रवेश १८
३.२ कथाको विधागत परिचय १८
३.३ कथाका तत्वहरु १९
३.३.१ कथानक २०
३.३.२ चरित्रचित्रण २०
३.३.३ परिवेश २१
३.३.४ दृष्टिविन्दु २२
३.३.५ उद्देश्य २३
३.३.६ भाषाशैली २३
३.३.७ सारवस्तु २४
३.४ निष्कर्ष २४


## अध्याय : चार

अभिशप्त समय कथासङ्ग्रहको विधातात्विक अध्ययन


४.१ विषय प्रवेश २५
४.२ अभिशप्त समय कथाको विश्लेषण २५
४.२.१ कथानक २५
४.२.२ चरित्रचित्रण २६
४.२.३ परिवेश २७
४.२.४ दृष्टिविन्दु २८
४.२.५ उद्देश्य २८
४.२.६ भाषाशैली २८
४.२.७ सारवस्तु २८
४.२.८ निष्कर्ष २९

४.३ बर्दबहादुर कथाको विश्लेषण २९
४.३.१ कथानक २९
४.३.२ चरित्रचित्रण ३०
४.३.३ परिवेश ३१
४.३.४ दृष्टिविन्दु ३१
४.३.५ उद्देश्य ३१
४.३.६ भाषाशैली ३२

४.३.७ सारवस्तु ३२

४.४ मोबाइल कथाको विश्लेषण ३२
४.४.१ कथानक ३२
४.४.२ चरित्रचित्रण ३३
४.४.३ परिवेश ३३
४.४.४ दृष्टिविन्दु ३३
४.४.५ उद्देश्य ३४
४.४.६ भाषाशैली ३४
४.४.७ सारवस्तु ३४

४.५ आँसु - आँसु कथाको विश्लेषण ३४
४.५.१ कथानक ३४
४.५.२ चरित्रचित्रण ३५
४.५.३ परिवेश ३५
४.५.४ दृष्टिविन्दु ३५
४.५.५ उद्देश्य ३६
४.५.६ भाषाशैली ३६
४.५.७ सारवस्तु ३६

४.६ च्याम्पे कथाको विश्लेषण ३६
४.६.१ कथानक ३६
४.६.२ चरित्रचित्रण ३७
४.६.३ परिवेश ३७
४.६.४ दृष्टिविन्दु ३७
४.६.५ उद्देश्य ३७
४.६.६ भाषाशैली ३७
४.६.७ सारवस्तु ३८

४.७ मौनता कथाको विश्लेषण ३८
४.७.१ कथानक ३८
४.७.२ चरित्रचित्रण ३८
४.७.३ परिवेश ३९
४.७.४ दृष्टिविन्दु ३९
४.७.५ उद्देश्य ३९
४.७.६. भाषाशैली ३९
४.७.७ सारवस्तु ४०

४.८ मुत्युको खबर कथाको विश्लेषण ४०

| | |
|---|---|
| ४.८.१ कथानक | ४० |
| ४.८.२ चरित्रचित्रण | ४० |
| ४.८.३ परिवेश | ४१ |
| ४.८.४ दृष्टिविन्दु | ४१ |
| ४.८.५ उद्देश्य | ४१ |
| ४.८.६ भाषाशैली | ४१ |
| ४.८.७ सारवस्तु | ४१ |
| ४.९ डि.भी भर्नुभयो ? कथाको विश्लेषण | ४२ |
| ४.९.१ कथानक | ४२ |
| ४.९.२ चरित्रचित्रण | ४२ |
| ४.९.३ परिवेश | ४२ |
| ४.९.४ दृष्टिबिन्दु | ४३ |
| ४.९.५ उद्देश्य | ४३ |
| ४.९.६ भाषाशैली | ४३ |
| ४.९.७ सारवस्तु | ४३ |
| ४.१० तीनपुस्ता कथाको विश्लेषण | ४३ |
| ४.१०.१ कथानक | ४३ |
| ४.१०.२ चरित्रचित्रण | ४४ |
| ४.१०.३ परिवेश | ४४ |
| ४.१०.४ दृष्टिविन्दु | ४५ |
| ४.१०.५ उद्देश्य | ४५ |
| ४.१०.६ भाषाशैली | ४५ |
| ४.१०.७ सारवस्तु | ४५ |
| ४.११ जिरे कथाको विश्लेषण | ४५ |
| ४.११.१ कथानक | ४५ |
| ४.११.२ चरित्रचित्रण | ४६ |
| ४.११.३ परिवेश | ४६ |
| ४.११.४ दृष्टिविन्दु | ४६ |
| ४.११.५ उद्देश्य | ४६ |
| ४.११.६ भाषाशैली | ४७ |
| ४.११.७ सारवस्तु | ४७ |
| ५.१२ चियर्सदेखि गेम्बेसम्म कथाको विश्लेषण | ४७ |
| ५.१२.१ कथानक | ४७ |
| ५.१२.२ चरित्रचित्रण | ४७ |
| ५.१२.३ परिवेश | ४८ |

५.१२.४ दृष्टिबिन्दु ४८
५.१२.५ उद्देश्य ४८
५.१२.६ भाषाशैली ४८
५.१२.७ सारवस्तु ४८

४.१३ अस्तित्वको खोजीमा कथाको विश्लेषण ४९
४.१३.१ कथानक ४९
४.१३.२ चरित्रचित्रण ४९
४.१३.३ परिवेश ५०
४.१३.४ दृष्टिबिन्दु ५०
४.१३.५ उद्देश्य ५०
४.१३.६ भाषाशैली ५०
४.१३.७ सारवस्तु ५०

४.१४ एउटा अर्को आत्महत्या कथाको विश्लेषण ५१
४.१४.१ कथानक ५१
४.१४.२ चरित्रचित्रण ५१
४.१४.३ परिवेश ५२
४.१४.४ दृष्टिबिन्दु ५२
४.१४.५ उद्देश्य ५२
४.१४.६ भाषाशैली ५२
४.१४.७ सारवस्तु ५२

४.१५ उसैको प्रतिबिम्ब कथाको विश्लेषण ५२
४.१५.१ कथानक ५३
४.१५.२ चरित्रचित्रण ५३
४.१५.३ परिवेश ५३
४.१५.४ दृष्टिविन्दु ५३
४.१५.५ उद्देश्य ५३
४.१५.६ भाषाशैली ५४
४.१५.७ सारवस्तु ५४

४.१६ भत्किएको गोरेटो कथाको विश्लेषण ५४
४.१६.१ कथानक ५४
४.१६.२ चरित्रचित्रण ५४
४.१६.३ परिवेश ५५
४.१६.४ दृष्टिविन्दु ५५
४.१६.५ उद्देश्य ५५
४.१६.६ भाषाशैली ५५

४.१६.७ सारवस्तु ५५

४.१७ आज मिटिङ छ कथाको विश्लेषण ५६
४.१७.१ कथानक ५६
४.१७.२ चरित्रचित्रण ५६
४.१७.३ परिवेश ५६
४.१७.४ दृष्टिविन्दु ५६
४.१७.५ उद्देश्य ५७
४.१७.६ भाषाशैली ५७
४.१७.७ सारवस्तु ५७

४.१८ चक्रव्यूहभित्रको जीवन कथाको विश्लेषण ५७
४.१८.१ कथानक ५७
४.१८.२ चरित्रचित्रण ५८
४.१८.३ परिवेश ५८
४.१८.४ दृष्टिविन्दु ५८
४.१८.५ उद्देश्य ५८
४.१८.६ भाषाशैली ५९
४.१८.७ सारवस्तु ५९

४.१९ टाँकीको फेद कथाको विश्लेषण ५९
४.१९.१ कथानक ५९
४.१९.२ चरित्रचित्रण ५९
४.१९.३ परिवेश ६०
४.१९.४ दृष्टिविन्दु ६०
४.१९.५ उद्देश्य ६०
४.१९.६ भाषाशैली ६०
४.१९.७ सारवस्तु ६०

४.२० उसको टाउको कथाको विश्लेषण ६१
४.२०.१ कथानक ६१
४.२०.२ चरित्रचित्रण ६१
४.२०.३ परिवेश ६१
४.२०.४ दृष्टिविन्दु ६२
४.२०.५ उद्देश्य ६२
४.२०.६ भाषाशैली ६२
४.२०.७ सारवस्तु ६२

४.२१ नजन्मिएको कथा कथाको विश्लेषण ६२

४.२१.१ कथानक ६२
४.२१.२ चरित्रचित्रण ६३
४.२१.३ परिवेश ६३
४.२१.४ दृष्टिबिन्दु ६३
४.२१.५ उद्देश्य ६३
४.२१.६ भाषाशैली ६३
४.२१.७ सारवस्तु ६४

४.२२ एउटा समयको अन्त्य कथाको विश्लेषण ६४
४.२२.१ कथानक ६४
४.२२.२ चरित्रचित्रण ६५
४.२२.३ परिवेश ६५
४.२२.४ दृष्टिविन्दु ६५
४.२२.५ उद्देश्य ६५
४.२२.६ भाषाशैली ६५
४.२२.७ सारवस्तु ६५

४.२३ अवशेष जीवनयात्रा कथाको विश्लेषण ६५
४.२३.१ कथानक ६६
४.२३.२ चरित्रचित्रण ६६
४.२३.३ परिवेश ६७
४.२३.४ दृष्टिबिन्दु ६७
४.२३.५ उद्देश्य ६७
४.२३.६ भाषाशैली ६७
४.२३. सारवस्तु ६७

४.२४ बालिसरा कथाको विश्लेषण ६७
४.२४.१ कथानक ६८
४.२४.२ चरित्रचित्रण ६८
४.२४.३ परिवेश ६८
४.२४.४ दृष्टिबिन्दु ६९
४.२४.५ उद्देश्य ६९
४.२४.६ भाषाशैली ६९
४.२४.७ सारवस्तु ६९
४.२५ निष्कर्ष ६९

**अध्याय : पाँच**

उपसंहार ७१

सन्दर्भग्रन्थसूची ७४

## सङ्क्षिप्तीकृत शब्द सूची

| | |
|---|---|
| क्र.स. | क्रम सङ्ख्या |
| चौ.स. | चौथो संसकरण |
| प्र.सं. | प्रथम संस्करण |
| डा. | डाक्टर |
| वि.सं. | विक्रम संवत् |
| गा.वि.स. | गाउँ विकास समिति |
| मा.वि. | माध्यमिक विद्यालय |
| एस.एल.सी. | स्कूल लिभिङ सटिफिकेट |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| पि.ए | पर्सनल असिस्टेन्ट |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |

# अध्याय : एक

# शोध परिचय

## १.१ परिचय

कथाकार घनश्याम शर्माको धुलोमा उडेका सपनाहरू (२०६०) कथासङ्ग्रह शीर्षकको कथाबाट सुरुवात भएको हो । हालसम्म उनका प्रकाशित कथा सङ्ग्रहहरूमा **धुलोमा उडेका सपनाहरू** (२०६०) **अभिशप्त समय** (२०६४) र **छिरिङ डोल्मा र अनाम शहिदहरू** (२०६८) रहेका छन् । माथिका कथा सङ्ग्रहहरूका केही फुटकर कथाहरू पत्रपत्रिकामा समेत प्रकाशित भएका छन् । उनका कथाहरू समसामयिक विषयवस्तु समाजमा व्याप्त विकृतिहरूको चित्रण गर्ने, विषम परिस्थिति र विसङ्गत यथार्थसँगै भविष्यप्रतिको चेतना जगाउने खालका रहेका छन् । शर्माका कथासङ्ग्रहहरूमा समकालीन समाजका भोगाइ र अन्तरक्रियाबाट निःसृत विचार, भावना र दृष्टिचेत सहज, सरस, सरल अनि सशक्त ढंगले प्रस्तुत गरिएका पाइन्छन् । **अभिशप्त समय** (२०६४) कथा सङ्ग्रह सामाजिक समस्या र समाजभित्रको मानवीय मूल्य विघटन, यथार्थ र आदर्श बीचको वस्तुनिष्ट जीवनदृष्टि तथा अनेक सामाजिक कुरीति र पीडाबाट मुक्तिको खोजी गर्ने प्रयास स्वरुप प्रस्तुत कथासङ्ग्रह प्रकाशित भएको छ । सङ्ग्रहीत कथाहरूमा विगतको राजनैतिक द्वन्द्वले सिर्जना गरेका उतार-चढाब दुःख पीडाबाट आक्रान्त र वैचारिक विचलन कथावस्तुमा समेटेको छ । उनका कथासङ्ग्रहहरूको विधातात्विक अध्ययन भएको देखिदैन । तसर्थ **अभिशप्त समय** कथासङग्रहको अध्ययन गरी उनले नेपाली आख्यान विशेषगरी कथा क्षेत्रमा गरेको योगदानको कदर गर्नु आवश्यक देखिन्छ । त्यसैले यस कथा सङ्ग्रहमा प्रकाशित कथाहरूको विधातात्विक अध्ययन नै यस शोधको विषय रहेको छ ।

## १.२ शोध समस्या :-

कथाकार शर्माको दोस्रो कथासङ्ग्रह **अभिशप्त समय** (२०६४) को विधातात्विक अध्ययन गर्नु मुख्य समस्या रहेको छ भने यसै समस्यासँग सम्बन्धित भई निम्नलिखित समस्याहरू यस शोध कार्यमा रहेका छन् :

क) कथाकार घनश्याम शर्माको रचना धर्मिता के कस्तो छ ?

घ) "अभिशप्त समय" कथा सङग्रहका कथाहरू विधातात्विक दृष्टिले के कस्ता रहेका छन ?

## १.३ शोध कार्यको उद्देश्य :-

प्रस्तुत शोध कार्यका उद्देश्यहरू निम्नलिखित रहेका छनः-

क) कथाकार घनश्याम शर्माको रचना धर्मिताको निरूपण गर्नु ।

घ) विधातात्विक आधारमा अभिशप्त समय कथासङ्ग्रहको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

घनश्याम शर्माका प्रकाशित कृतिहरूका बारेमा विभिन्न शीर्षक र सन्दर्भमा केन्द्रित भई भएका केही अध्ययन अनुसन्धान निम्न अनुसार छन् :

धुव्रचन्द्र गौतम (२०६०) ले 'समाजको गाथा सुनाइरहेका कथाहरू' शीर्षक दिएर **धूलोमा उडेका सपनाहरू** (२०६०) कथा सङ्ग्रहमा घनश्याम शर्माका रूपमा एक नवीन कथा हस्ताक्षरको उदय भएको छ । उनका कथाहरु विभिन्न पत्र-पत्रिकामा प्रकाशित भइसकेका छन् । उनका कथामा समाजमा व्याप्त विकृतिहरूको चित्रण गर्ने आफूले भोगेका विभिन्न जीवन सस्कृति अनुभवहरूलाई पात्र र कथावस्तुको स्वरुप दिएर उतारेका छन् । यसले उनका विभिन्न कथाहरु प्रामाणिक बनेका छन्, कथाकै रुपमा प्रामाणिक बनेका छन् ।

उनले समाजमा व्याप्त विकृतिहरूको चित्रण गर्ने सराहनीय प्रयास गरेका छन् । घूसखोरी तथा अन्य भ्रष्टाचारको नमूना त टड्कारो रुपमा देख्न पाइन्छ नै, मानवीय सम्बन्धमा आएको परिवर्तन तथा अति आकाक्षाको शिकार मध्यम वर्ग पनि यहाँ देखा परेका छन् । घनश्याम शर्माका पात्रहरू प्रायः मध्यम, निम्नमध्यम र निम्न वर्गको प्रतिनिधित्व गर्दछन् । तिनीहरूका इच्छा, जीवन अनि जटिलतालाई लेखकले सूक्ष्म रुपमा हेर्ने प्रयास गरेका छन् । उदारहणका रुपमा 'राजकुमारी' कथालाई लिन सकिन्छ । 'कम्प्युटर र अनलाइन मित्रहरु' ले विदेशी समाजमा आउँदै गरेको सम्बन्धको ह्रासोन्मुख प्रवृत्तिलाई देखाइएको छ । यो कथा यन्त्रका सहयताबाट यान्त्रिक बन्न थालेको जीवनको सूचना दिन सफल छ ।

म धेरैको नाउँ लिनुसाटो यही भन्न चाहन्छु कथाहरुमा विविधता छ । घनश्याम शर्माको आफ्नो भाषाको निर्माण हुँदै छ । यथार्थलाइ आजको सन्दर्भ दिने चाख छ । त्यसले गर्दा उनका कथाहरू हामीलाई सान्दर्भिक लाग्दछन् । कथाहरू रोचक पनि छन् । वर्णनात्मक रुपमा लेखिएका यी कथाहरू हर किसिमले समाजको गाथा सुनाइरहेका लाग्दछन् ।

कवि ललिजन रावलले **धूलोमा उडेका सपनाहरू** (२०६०) कथा सङ्ग्रहमा टिप्पणी गरेका छन् । "··· कथाहरुमा विविधता छ । घनश्याम शर्माको आफ्नो भाषाको निर्माण हुँदैछ । यथार्थलाई आजको सन्दर्भ दिने चाख छ । त्यसले गर्दा उनका यी कथाहरु हामीलाई सान्दर्भिक लाग्दछन् । कथाहरु रोचक पनि छन् । वर्णनात्मक रुपमा लेखिएका यी कथाहरु हरकिसिमले समाजको गाथा सुनाइरहेका लाग्दछन् ।"

कथाकार घनश्याम शर्माका कथाप्रतिको दृष्टिकोण हो यो विशिष्ट आख्यानकार डा. ध्रुवचन्द्र गौतमको । वास्तवमा वर्तमानले भोगेको सामाजिक सन्दर्भ पात्रहरूको जीवन्त उपस्थितिले यी कथाहरूले जीवन प्राप्त गरेका छन् । विषय र पात्र चयनमा कथाकार घनश्याम शर्मा अन्त्यन्तै सफल हुनुको पछाडि उनमा निहित सामाजिक विविधताको गहिरो परख र पात्रहरूसँगको निकटतम तादात्म्य नै हो । यी कथाहरु सुदूरपश्चिमदेखि नेपालको पूर्वी पहाडसम्म फैलिएका छन् यसले गर्दा महाकालीदेखि मेचीसम्मको समाज र संस्कृतिको झलक केही मात्रामा भएपनि देख्न सकिन्छ । कथाकार स्वयं एउटा

प्राविधिक भएकाले होला सडक, मजदुर र सडक वरपरको सेरोफेरो धेरै कथाहरुमा समेटिएको छ । यतिमात्रै होइन संसारमा ब्याप्त हुँदैगएको यान्त्रिक सस्कृतिको उद्घाटन कथाकारले “कम्प्यूटर र अनलाइन मित्रहरु” जस्तो अत्याधुनिक कथा मार्फत गरेका छन् । आफू तटस्थ रहेर विषय र पात्रप्रति इमान्दारी निर्वाह गर्दै कथा सिर्जनामा साधनारत् कथाकार घनश्याम शर्मा अझै उच्चकोटीका कथासाथ अगामी दिनमा प्रस्तुत हुनेछन् भन्ने विश्वास लिएको छु ।

लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारी (२०६९) **नेपाली कथाको इतिहास** पुस्तकमा घनश्याम शर्मा (२०२१) सामाजिक यथार्थवादी धारामा कथा लेख्ने पछिल्लो समयमा देखिएका क्रियाशील कथाकारहरूमध्ये एक हुन् । आफूले भोगेको जीवन विभिन्न संस्कृति र अनुभवहरुलाई पात्र र कथावस्तुको स्वरूप दिएर कलात्मक रूपमा अभिव्यञ्जित गर्न सिपालु शर्माका कथाहरूमा सामाजिक विसङ्गतिको चित्रण प्रभावकारी रूपमा भएको देखिन्छ । उनका प्रकाशित कथाकृतिहरू यस प्रकार छन्: १.धूलोमा उडेका सपनाहरू (२०६०) २.**अभिशप्त समय** (२०६४) विषयवस्तुका दृष्टिले विविधतामय देखिने उनका कथामा समकालीन समाजका भोगाई, ग्रामीण जनजीवनको विकट परिस्थिति र समस्याका साथै सहरी जनजीवनको विसङ्गत अवस्थाको चित्रण गरिएको हुन्छ । विभिन्न किसिमका सामाजिक समस्या, मानवीय मुल्यको हासोन्मुखता, सामाजिक कुसंस्कारप्रति असन्तुष्टि उनका कथामा पाइने विशेषता हुन् । मान्छेका जीवनका विभिन्न पाटाहरुलाई केलाउँदै त्यसमा देखिएका विसङ्गति पहिल्याउनु नै उनका कथाको केन्द्रीय पक्ष हो । राजनीतिक विसङ्गति र भ्रष्ट नेताहरूको चरित्र, कर्मचारी वर्गका समस्या र पीडा, दाम्पत्य जीवनका जटिलताहरू, गरीबीको दुर्दान्त चित्रण, द्वन्द्वकालीन समयको चित्रण र द्वन्द्वले पारेको प्रभाव सामाजिक र सांस्कृतिक पक्षको चित्रण, नारीहरूले सहनुपर्ने विविध समस्याजस्ता अन्तर्विषयहरूमा उनको कथाको केन्द्रीय कथ्य अन्तर्निहित देखिन्छ । समाजका यथार्थहरूको प्रस्तुति र ग्रामीण तथा सहरी परिवेशको चित्रणले उनका कथा मार्मिक बन्न पुगेका छन् भनी उल्लेख गरेका छन् ।

दयाराम श्रेष्ठले (२०७०) **नेपाली कथा र कथाकार** पुस्तकमा विभिन्न समस्याहरूद्वारा आक्रान्त मानिसका विषाद र अन्तर्पीडालाई गम्भीरतापूर्वक बुझ्न सक्ने कथाकार हुन् घनश्याम शर्मा । उनले जीवनभित्रका तीता यर्थाथलाई आफ्ना कथामा उतारेका छन् । स्थान-विशेषका मानिसहरूका जीवनशैली संस्कार र लोकजीवनको प्रस्तुतिमा उनको विशेष अभिरुचि रहेको पाइन्छ । यसका साथै उनले विदेशी संस्कृति तथा जीवन-पद्धतिलाई पनि निकै अभिरुचिका साथ हेरेका छन् । पछिल्लो समयमा उनले देशमा सम्पन्न भएको द्वन्द्वका प्रसङ्गहरूलाई पनि आफ्ना कथाको विषय बनाएका छन् । घनश्याम शर्मा ( सं.२०२१) ले सं.२०५० को दशकको पूर्वाद्धदेखि आफ्नो कथायात्रा प्रारम्भ गरेका हुन् । समाजशास्त्रमा स्नातोकत्तर उपाधि प्राप्त गरेका यी कथास्रष्टाले इन्सास प्रावधिक स्रष्टा सम्मान (सं.२०६५) प्राप्त गरिसकेका छन् । उनका प्रकाशित कथासङग्रहहरु हुन्-(१) धूलोमा उडेका सपनाहरू(सं.२०६०), (२) **अभिशप्त समय** (सं.२०६४), र (३) छिरिङ डोल्मा र अनाम सहिदहरू (सं. २०६८) । कम्प्युटर र अनलाइन मित्रता, धूलोमा उडेका सपनाहरू, बिर्खे/घट्ट, ढाँडे खोलो, अभिशप्त समय, आँसआँसु, जिरे, एउटा अर्को आत्महत्या, आज मिटिङ छ, बालिसरा, छिरिङ डोल्मा र अनाम सहिदहरू, अँध्याराभित्रको

अँध्यारो, टुल्की, भवानीः जीवन आशाको गोरेटोमा, एक जोर आँखा आदि उनका उत्कृष्ट कथाहरू हुन् उल्लेख गरेका छन् ।

यसरी माथि उल्लेखित विद्वानहरूले घनश्याम शर्माका विभिन्न कथाहरूको अध्ययन गर्ने क्रममा **अभिशप्त समय** कथासङ्ग्रहका बारेमा पनि सामान्य चर्चा गरेका छन् तर यस कृतिको विधातात्विक अध्ययन हुन नसकेकाले यो शोध कार्य गरिएको छ । माथि उल्लेखित गरिएको पूर्वकार्यको अध्ययनबाट शर्मा सामाजिक यथार्थवादी धाराका कथाकार हुन भन्ने कुरा प्रष्ट हुन्छ । उनका अधिकांश कथाहरु समकालीन समाजका भोगाइ, ग्रामीण जनजीवनको विकट परिस्थिति र समस्याका साथै सहरी जनजीवनको विसङ्गत अवस्थाको चित्रण र विभिन्न किसिमका सामाजिक समस्या, मानवीय मूल्यको ह्रासोन्मुखता, सामाजिक कुसंस्कारप्रति असन्तुष्टि उनका कथामा पाइने विशेषता हुन् । शर्माका अधिकांश कथाहरू सामाजिक सन्दर्भमा आधारित छन् । मान्छेको जीवनका विभिन्न पाटाहरुलाई केलाउँदै त्यसमा देखिएका विसङ्गति पहिल्याउनु नै उनका कथाको केन्द्रीय पक्ष हो । नेपाली समाजमा देखिएको राजनैतिक, वैयक्तिक, पारिवारिक, सामुदायिक र सामाजिक विकृति र विसङ्गति उनले आफ्ना कथामा व्यक्त गरेका छन् । द्वन्द्वकालको पीडालाई पनि उनले आफ्नो कथामा व्यक्त गरेका छन् ।

## १.५ शोध कार्यको सीमाङ्कन

प्रस्तुत शोध कार्यमा कथाकार घनश्याम शर्माको कथा सङ्ग्रह **अभिशप्त समय** (२०६४) को अध्ययन गर्ने उद्देश्य रहेकाले यस भित्र समेटिएका कथाहरूको विधातात्विक विश्लेषण गर्नु यस अध्ययनको सीमाङ्कन रहेको छ ।

## १.६ अध्ययनको औचित्य र महत्व

शर्माका कथासङ्ग्रहरुको विधातात्विक कृतिपरक अध्यन भएको देखिदैन् तसर्थ उनको दोस्रो कथासङ्ग्रह **अभिशप्त समय** (२०६४) को अध्ययन विश्लेषण गरी उनको कथा यात्राको सीमाङ्कन गर्दै कथाकार शर्माको मुल्याङ्कन गर्नु पनि यस अध्ययनको महत्व रहन्छ । त्यसै गरी अगामी दिनमा शर्मा र उनका कथा सङ्ग्रहहरुका वारेमा अध्ययन गर्न चाहनेहरूका लागि पनि अध्ययन सामग्रीका रूपमा यस शोध कार्यले सहयोग पुऱ्याउने हुँदा पनि यस शोध कार्यको औचित्य र महत्व रहेको छ ।

## १.७ सामग्री सङ्कलन

सामग्री संकलनमा मुख्यतयाः पुस्तकालय अध्ययन सामग्री विधिलाई नै अवलम्वन गरिएको छ । द्रोसो सामग्री अभिशप्त समय पुस्तक प्राथमिक सामग्रीका रूपमा र उनका विषयमा लेखिएका अन्य पुस्तक द्वितीय सामग्रीका रूपमा त्यसैगरी शोध नायकको परीवार सँगको भेटघाट र कुराकानी, शोध निर्देशकको सहयोगका साथै विभिन्न पत्र-पत्रिकामा प्रकाशित लेख रचनाहरूवाट पनि आवश्यक सामग्री सङ्कलन गरिने छ ।

## १.८ शोध विधि

यस शोध कार्य गर्नका लागी विषयवस्तको वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिने छ । सो विधिमार्फत आवश्यक सामग्रीको अध्ययन पश्चात कथा विधा सिद्वान्तका आधारमा प्रत्येक कथाको विधाताफ्विक विश्लेषण गरिने छ ।

## १.९ शोध पत्रको रुपरेखा

अध्याय एक : शोध परिचय

अध्याय दुई : कथाकार घनश्याम शर्माको रचनाधर्मिता

अध्याय तीन : कथा विश्लेषणको सैद्वान्तिक आधार

अध्याय चार : अभिशप्त समय कथा सङ्ग्रहको विधाताफ्विक अध्ययन तथा विश्लेषण

अध्याय पाँच : उपसंहार

सन्दर्भग्रन्थ सूची

# अध्याय : दुई

## कथाकार घनश्याम शर्माको रचनाधर्मिता

### २.१ विषय प्रवेश

घनश्याम शर्माले नेपाली साहित्यको क्षेत्रमा आफ्नो पहिचान बनाउन सफल उनको जीवनी, ब्यक्तित्व बाल्यकाल र स्वभाव, शिक्षादीक्षा, पारिवारिक स्थिति, रुचि, लेखनका लागि प्रेरणा र प्रकाशित कृतिहरू, कथाकार ब्यक्तित्व, जागिरे ब्यक्तित्व र सम्मान र पुरस्कारका आधारमा कथाकार घनश्याम शर्माको रचनाधर्मिताको प्रारुप तयार पारिएको छ ।

### २.२ कथाकार घनश्याम शर्माको जीवनी

### २.२.१ जन्म

घनश्याम शर्माको जन्म वि.सं.२०२१ भदौ २४ गते अछाम जिल्लाको भागेश्वर गा.वि.स. वडा नं ९ डोट्या भन्ने ठाउँमा एक निम्न मध्यम परिवारमा पिता कृष्णराज शर्मा र माता कर्णादेवी शर्माको जेष्ठ सन्तानका रूपमा भएको पाइन्छ । पञ्चायतकालीन समयमा शर्माका पिता प्रधानपञ्च सम्म भएका प्रधानपञ्च भएपनि काम गरेर नै खानुपर्ने र पढेलखेका पनि थिएनन् । उनको परिवारमा बा, आमा, दुई भाइ, ,दुई वहिनी  श्रीमती, र दुई छोरा छन् । २०६८ साल बैशाख २६ गते आफ्नो कार्यालय भक्तपुर सडक डिभिजन कार्यालय जादै गर्दा बानेश्वर तिनकुनेमा ट्राफिकको रातो बत्तीमा रोकिराखेको उनको मोटरसाइकललाई पछाडिबाट आएको जिपले ठक्कर दिएपछि उनको होश नै नआई मिति २०७० फाल्गुण ९ गते दुःखद निधन भयो । (शोधनायककी श्रीमती सरला शर्माबाट प्राप्त जानकारी) ।

### २.२.२ बाल्यकाल र स्वभाव

घनश्याम शर्माको वाल्यकाल आफ्नै गाउँमा निम्न मध्यम परिवारमा जन्मिएकाले उनको वाल्यकाल अभाव पीडा र दुःखका बीच नै बितेको पाइन्छ । उनी साहसी, लगनशील कर्तब्यनिष्ठ, ज्ञानी, मिहिनेती फूर्सदको समयमा खेत जोत्ने भत्किएका गराहरू मिलाउने, बोटबिरुवा रोप्ने, गोडमेल गर्ने सरसफाइमा ध्यान दिने र खानामा सौखिन फुर्सदको समय खेर नफाल्ने त्यतिकै नबस्ने स्वभावका ब्यक्ति भएकै कारण उनी आफ्नो उद्देश्य प्राप्त गर्न सफल भएका हुन् । ( शोध नायककी श्रीमती सरला शर्माबाट प्राप्त जानकारी ) ।

लेखकहरूमा हार्दिक मन भएका र सबैका लागि उत्तिकै प्रिय चिनजान भएपछि भुल्नै नसकिने र उनको लेखनबाट निकट भएका पाठकहरु साथी भइहाल्ने र पाठकहरुसँग पनि मित्रवर व्यवहार गर्न

सिपालु व्यक्ति मान्नुपर्दछ । (तिनवटै कथासङ्ग्रहका आवरणशिल्पी कवि गीतकार रमेशनाथ पौडेल सँगको अन्तवार्ताबाट प्राप्त जानकारी ) ।

घनश्याम शर्माका सरल सादा, मिजासिला नरिसाउने त्यस्तो सहज स्वभावका मान्छेहरु कमै भेटिन्छन । वादविवाद प्रतिवाद गरि नहाल्ने आलोचना सहन सक्ने धैर्य भएका इमान्दार स्रष्टा लाग्दछन् । ( कवि ललिजन रावल सँगको अन्तवार्तावाट प्राप्त जानकारी ) ।

### २.२.३ शिक्षादीक्षा :

धनश्याम शर्माको शिक्षा क्षेत्रमा प्रवेश ६ वर्षको उमेरमा महेन्द्र उच्च मा.वि.बाट सुरु भएको पाइन्छ । उनी पढाइमा सधैं प्रथम हुने ८ कक्षामा पढ्दा आठै कक्षाको विद्यार्थीहरूलाई समेत पढाउने गर्नुका साथै पढाईमा एकदमै मिहिनेती महेन्द्र उच्च मा.वि बाट २०३७ सालमा एस.एल.सी. पास गरेपछि घरायशी आथिक समस्याले गाउँकै प्रा.वि. अस्थायी शिक्षकको रुपमा अध्यापन गरी एक वर्षको तलवबाट कमाएको रकम बचत गरि त्यहाँको जागिर छोडी पढ्नको लागि काठमाडौं आए । सानै देखि प्राविधिक काम गर्ने इच्छाले उनले पुलचोक इन्जिनियरिङ्ग अध्यन संस्थानमा ओभरसिएर पढ्न शुरु गरि प्राईभेट कलेजमा भर्ना भई आइ.ए समेत पास गरी सँगसँगै ओभरसियरको दुई वर्षे पढाई पनि सिध्याई पुनः काठमाडौं छोडि अछाम फर्किइ सार्बजनिक निर्माण शाखामा ४/५ वर्ष जागिरी गर्दै त्यही समयमा प्राइभेट कलेजबाट विए समेतको परीक्षा पास गरेको पाइन्छ । अछामबाट हेटौडामा सरुवा भई आएपछि हेटौडा बहुमुखी क्यामपसमा भर्ना भई समाजशास्त्र विषयमा स्नातकोत्तर पास समेत गरेका छन् । ( शोध नायकको श्रीमती सरला शर्मा बाट प्राप्त जानकारी ) ।

### २.२.४ दाम्पत्य जीवन र पारिवारिक स्थिति :

घनश्याम शर्माको दाम्पत्य जीवन मागी विवाह २०४६ साल फागुन ३ गते काठमाडौंमा नै भएको थियो । स्थायी घर संखुवासभामा भई रत्न राज्यलक्ष्मी कलेजमा विएमा पढदै गरेकी र खादबारी बाबा बोडिङ स्कुल चुच्चेपाटीमा समेत शिक्षिकाको रुपमा काम गर्दै गरेकी सरला न्यौपानेसँग भएको पाइन्छ । उनका दुई छोरा हुनुहुन्छ (पूर्ववत् ) ।

### २.२.५ कार्यक्षेत्र :

सानै उमेर देखि निकै दुःख कष्ट सङ्घर्ष झेल्दै आएका घनश्याम शर्माले आफ्नो अध्ययनको क्रम सँगै पेशा अगाल्नु पर्ने बाध्यता पनि देखिन्छ । एस.एल.सी पास भईसकेपछि पढ्नको लागि आर्थिक समस्याले गर्दा गाउँकै प्राविमा शिक्षकको रुपमा अध्यापन गराई एक वर्षको अध्यापन पश्चात सानै देखि प्राविधिक काम गर्ने चाहना पुरा गर्न काठमाण्डौं आइ पुलचोक इन्जिनियरि दुई वर्ष ओभरसियर पढाई सिध्याएर सावजनिक निमार्ण शाखामा जागिर खाएको देखिन्छ । त्यस पछि २०४७ सालमा स्थानिय विकाश मन्त्रालयमा, २०४७ सालमै ३/४ महिना महेन्द्र नगर नगरपालिकामा ओभरसियर भएर काम गरे पश्चात लोकसेवा आयोगबाट २०४८ साल जेठमा स्थायी रूपमा ओभरसियरमा नाम निकाली

स्थायी रूपमा सरकारी सेवामा प्रवेश गर्नुभयो । २०६६ सालमा सिभिल इन्जिनयरमा बढुवा हुनुभयो । जागिर दौडानका साथसाथै उनले आफुले देखेका भोगेका यथार्थपरक कुराहरूलाई उतारेर साहित्य सिर्जनामा लाग्ने गर्नुहुन्थ्यो । ( शोध नायककी श्रीमती सरला शर्माबाट प्राप्त जानकारी ) ।

## २.२.६ सम्मान र पुरस्कार :

नेपाली साहित्यको क्षेत्रमा घनश्याम शर्माले हालसम्म प्राप्त गरेका सम्मान तथा पुरस्कार यस प्रकार छन् ।

(क) इन्सास प्राविधिक स्रष्टा सम्मान २०६५,

(ख) त्रिमूति निकेतन सम्मान २०६९,

(ग) हरि प्रसाद पौडयाल स्मृति प्रतिष्ठान सम्मान २०७०,

(शोध नायककी श्रीमती सरला शर्माबाट प्राप्त जानकारी ) ।

## २.१.७ रुचि

घनश्याम शर्माको सानै उमेरदेखि लेख्न पढ्नमा विशेष रुचि राख्थे । खानामा एकदमै सौखिन माछा, मासु धेरै खानुपर्ने कपडा जुत्ता इलेक्ट्रोनिक्सका सामान किन्न सौखिन जीवनशैली हाइफाइ खालको घर भित्रका व्यवहारिक काम गर्न पछि नपर्ने भान्छामा छिरेर मिठो मिठो पकाउने र परिवारका सदस्यहरूलाई खुवाउने पिछिडिएको क्षेत्रलाई अगाडि वढाउनु पर्छ भन्ने भावना भएका कामको सिलसिलामा कामदारका रुपमा भेटिएका चेपाङहरूलाई रोजगार अवसर प्रदान गर्ने लुगाफाटो दिने ब्राखा पालनमा प्रोत्साहित गर्ने कार्यालयका आफू भन्दा तल्ला तहका कर्मचारीको पीरमर्का बुझ्ने कार्यालयको यर्थाथ कुरा वुझाउनका लागि उच्च हाकिमहरूलाई अवलोकन भ्रमण समेत गराउने गर्नुहुन्थ्यो । राजनीतिमा कम्यूनिष्ठ विचारधारा कसैको झण्डा बोकेर नहिडने सदस्यता कसैको नलिएको सामाजिक चिन्तन र सामाजिक काममा लाग्ने राजनैतिक लगााव थिएन र राजनिति गर्ने इच्छा पनि थिएन । साहित्य सिर्जनामा निरन्तरता दिने र पढाईमा विद्यावारिधि गर्ने धोको थियो । ( शोध नायककी श्रीमती सरला शर्माबाट प्राप्त जानकारी ) ।

घनश्याम शर्माको रुचिमा विभिन्न ठाउमा घुम्ने आन्तरिक पर्यटनमा विशेष रुचि गीत संगीत अन्त्यन्तै सुन्ने कार्यालयको काममा धादिङ होस् हेटौडा वा महेन्द्रनगर जहाँ बसे पनि त्यहाका मानिसहरुसग घुलमिल उठबस भएर राम्रो सम्वन्ध स्थापित गर्न सक्ने उनी सामाजिक थिए भन्ने यसबाट पनि बुझ्न सकिन्छ । उनलाइ एकचोटी भेटेको मान्छे उनको सरलता र सहजताले गर्दा उनलाई कहिल्यै बिर्सन नसक्ने खालको अनभूति गराउन सक्ने स्रष्टा थिए । ( कवि ललिजन रावल सँगको अन्तवार्ता ) ।

## २.२.८ लेखनका लागि प्रेरणा र प्रभाव

घनश्याम शर्माको परिवारमा साहित्यिक वातावरण त थिएन तर लेखनतर्फ आफै अग्रसर हुने बाह्र वर्षको उमेर देखि नै कविता लेख्न लाग्नु भएको र नयाँ कामना किताब लिखित रुपमा लेखरचना, कविता, उखानटुक्का, कोपिला शीर्षक दिएर कविता, जीवन र जवानी लघु उपन्यास समेत भेटिन्छ । जब उनी काठमाण्डौ आए तब उनको निकटता गजलकार एवम कवि ललिजन रावल सँग भएको र साहित्य क्षेत्रमा अघि बढनको लागि प्रेरणाको स्रोत ललिजन रावल बन्नुपुगेको देखिन्छ किनभने ललिजन रावल साहित्यको क्षेत्रमा अपरिचित नाम होइन् उनका गजल कविताहरु थ्रुपै प्रकाशित भइसकेका थिए । कथाकार घनश्याम शर्मा गुरु प्रसाद मैनालीका कथाहरू र लेखनाथ पौडेलका कविताहरू, रमेश विकलका कथाहरू, पारिजातका कथा र उपन्यासहरू र रसियन आख्यानकारका धैरै पुस्तकहरुबाट प्रभावित हुनुका साथै उनले साझा पुरस्कार, जगदम्बा पुरस्कार, र मदन पुरस्कार पाएका सवै पुस्तकहरु पढने गरेको पाइन्छ । ( गजलकार एवंम कवि ललिजन रावल सागको अन्तवार्ता ) ।

## २.२.९ लेखनको पारम्भ र प्रकाशित कृतिहरू

घनश्याम शर्माले बाह बर्षकै उमेरदेखि नै साहित्य सिर्जनामा लागेको देखिन्छ । उनका लेख रचना दैनिकी उखानटुक्का कविता लघुउपन्यास अप्रकाशित रचनाहरू भेटिन्छन । उनको घनश्याम कोपिला कविता शीर्षक दिएको कविता र जीवन र जवानी शीर्षक दिएको लघु उपन्यास समेत भेटिन्छ । घनश्याम शर्माले नेपाली साहित्यमा कथा विधामा कलम चलाएर मूलतः कथाकारका रूपमा यिनको प्रसिद्वि छ ।

घनश्याम शर्माका पुस्तककारका रुपमा प्रकाशित कृतिहरू यस प्रकार छन :

| क.स | प्रकाशित कृति | विधा | प्रकाशित साल | प्रकाशक |
|---|---|---|---|---|
| १ | धूलोमा उडेका सपनाहरू | कथासङग्रह | २०६० | अनुराग प्रकाशन |
| २ | अभिशप्त समय | कथासङग्रह | २०६४ | साझा प्रकाशन |
| ३ | छिरिड डोल्मा र अनाम सहिदहरू | कथासङग्रह | २०६८ | साझा प्रकाशन |

## २.२.१० साहित्यिक दृष्टिकोण

कुनै पनि साहित्यकारको साहित्यक कृतिको यथार्थ मुल्य निधारण गर्नको लागि उसको जीवन जगत प्रतिको दृष्टिकोण लाई पनि बुझ्न नितान्त आवश्यक छ । यस सन्दर्भमा घनश्याम शर्मालाई हेर्दा उनका कथा संङ्ग्रहका आधारमा सडक वरिपरि केन्द्रित एंवम् समाजको यर्थाथ चित्रण गर्ने खालका आफुले देखेका भोगेका कुराहरुलाई यर्थाथ रूपमा उतारेको पाइन्छन् । ( शोध नायककी श्रीमती सरला शर्मा बाट जानकारी प्राप्त ) ।

घनश्याम शर्मा कथाकार नियात्राकार मूलतः कथाकार आफ्नै आँखाले देखेका भोगेका पात्रहरु कथामा जीवन्त भएर आएका हुन्छन् । उनी लेखनमा निरन्तर लेखि राख्ने केही लेख्न पाए हुन्थ्यो भनेर मनमा हुटी हुटी जमाई राख्ने सफल कथाकार हुनुन्थ्यो । ( तीनवटै कथा संङग्रका आवरण शिल्पी कवि रमेश नाथ पौडेल सँगको अन्तवार्ता ) ।

## २.३ घनश्याम शर्माको व्यक्तित्व

### २.३.१ साहित्यिक व्यक्तित्व

घनश्याम शर्मा नेपाली साहित्यका फाटका आख्यानकार व्यक्तित्व हुन् । उनको आख्यानको उत्कृष्ट विधा कथा विधा हो । उनले नेपाली साहित्यिक जगतमा कथा विधाबाट नै साहित्यिक व्यक्तित्वको पहिचान बनाउन सफल भएका व्यक्ति हुन् ।

#### २.३.१.१ कथाकार व्यक्तित्व

घनश्याम शर्मा साहित्यिक व्यक्तित्वमा कथाकार व्यक्तित्वमा उल्लेखनीय छन् । नेपाली साहित्यको फाँटमा धूलोमा उडेका सपनाहरू (२०६०) कथासङ्ग्रहद्वारा औपचारिक रुपमा प्रवेश गरेका शर्माका हालसम्म तीनओटा कथा सङ्ग्रहहरू प्रकाशित छन् । उनका कथासङ्ग्रहरूमा सडकसँग सम्बन्धित जनजीवन, सडक संस्कृति सडक सेरोफेरोमा केन्द्रित विषयवस्तु आफुले देखे भोगेका समाजमा देखिएका यर्थाथ घटनालाई पात्रको माध्यमबाट जस्ताको तस्तै चित्रण गर्ने र आफ्नो कथाहरूको विषयवस्तु तत्कालीन समाजलाई नै बनाएका छन् । घनश्याम  शर्माले कथाका माध्यम बाट निम्न वर्ग चेपाङ समुदायको समस्या गरीब र अभाव जन्ने घटनाहरू निम्न दलित वर्गका जनताको पक्षमा वकालत गरेका छन । ( शोधनायककी  श्रीमती सरला शर्माबाट जानकारी प्राप्त ) ।

घनश्याम शर्मा मूलतः सामाजिक यर्थाथवादी कथाकार हुन् । सहजतापूर्वक अभिव्यक्त गरेका सिर्जना भनेकै काल बा समयको अभिव्यक्ति हो । जस अनुसार घनश्याम शर्माले नेपालको दश वर्षे युद्व जनयुद्वले दिएका पीडालाई आफ्ना कथामा धेरै ठाउँमा चित्रण गरेका छन् लोकजीवन र पात्रहरुसग अत्यन्तै निकट तादाम्त्यता राख्न पनि उनी त्यत्तिकै सवल छन् । शुरुमा कविता यात्राबाट शुरु गर्नु भएका स्रष्टा घनश्याम शर्माले पछिल्लो समय कथामा आफूलाई केन्द्रित गरेर छोटो समयमको अन्तरकाल भित्रै उनका तीनवटा कथासङ्ग्रह प्रकाशित भए । उनको कलम अन्त्यन्तै उर्वर भएको कुरा पनि पुष्टि गर्दछ । उनी व्यवहारमा जति ईमान्दार थिए त्यति नै उनको व्यक्तित्व र कृतित्वको बीच निकै समानता भेटिन्छ । नेपाली साहित्यको कथा विधामा पछिल्लो समयमा आफ्नो गर्विलो उपस्थिति उनले जमाएका छन् र पछिल्लो समयका आधुनिक कथाकार हुन् । सामाजिक यर्थाथवादी अधिकांश कथाको विषयवस्तु राजमार्ग वरिपरि मै राजमार्गका कथाकार यसरी एउटा क्षेत्रमा लेखिरहने अर्को कथाकार छैनन् । पेशा वरिपरिको दृश्य कथामा उतार्ने काम उनका रचनामा पाइन्छन् । ( गजलकार एवंम कवि ललिजन रावल सँगको अन्तर्वाता ) ।

घनश्याम शर्माको कथा यात्रा भन्नु नै समग्र साहित्य यात्रा हो । १२ वर्षकै सानै कलिलो उमेरदेखि साहित्यको कविता विधामा कलम चलाउन थाल्नुभएका शर्मा २०३९ सालदेखि २०४३ सालताका काठमाण्डौंमा आयोजना हुने कवि गोष्ठीहरुमा सहभागी हुन्थ्यें । घनश्याम कोपिला उपनामबाट थालनी गरेको पाइन्छ । उनका अप्रकाशित घनश्याम कोपिला शीर्षकको कविता र जीवन र जवानी शीर्षकको लघु उपन्यास भेटिन्छ । यसबाट के पुष्टि हुन्छ भने उनी साहित्य सिर्जनामा सानैदेखि लाग्नु भएको देखिन्छ । घनश्याम शर्माको औपचारिक साहित्य यात्राको थालनी वि. सं २०६० साल अनुराग प्रकाशनले प्रकाशित गरेको धूलोमा उडेका सपनाहरू कथा सङ्ग्रहवाट भएको हो । उनका हालसम्म तीनवटा कथा सङग्रहहरू प्रकाशित छन् । **धूलोमा उडेका सपनाहरू** २०६०, **अभिशप्त समय** २०६४, र **छिरिङ डोल्पा र अनाम शहिदहरू** २०६८ रहेका छन् । यिनै कथा सङ्ग्रहहरुका आधारमा कथाकारको ब्यक्तित्वको मूल्याङ्कनका लागि कथा सङ्ग्रहहरूकै आधारमा प्रवृत्तिहरू केलाउनुपर्ने हुन्छ ।

यसरी तीनवटै कथासङग्रहका आधारमा कथा यात्रा र प्रवृत्तिहरू यसरी प्रस्तुत गरिन्छ ।

**(क) पहिलो कथा सङ्ग्रह (२०६०) धूलोमा उडेका सपनाहरू ।**

**(ख) द्रोसो कथा सङ्ग्रह (२०६४) अभिशप्त समय**

**(ग) तेस्रो कथा सङ्ग्रह (२०६८) छिरिङ डोल्मा र अनाम शहिदहरू**

**(क) पहिलो कथा सङ्ग्रह (२०६०) धुलोमा उडेका सपनाहरू ।**

घनश्याम शर्माको कथायात्रा थालनी वि.स.२०६० मा प्रकाशित धूलोमा उडेका सपनाहरू कथा सङ्ग्रह बाट भएको हो । घनश्याम शर्माको यस कथा सङ्ग्रहमा गौतम, डा.ध्रुवचन्द्र १८ असोज २०६० समाजको गाथा सुनाइरहेका कथाहरू शीर्षक दिएर घनश्याम शर्माका रूपमा एक नविन कथा हस्ताक्षर को उदय भएको छ नयाँ प्रतिभाको स्वागत हुनुपर्दछ । प्रोत्साहन पाउनु पर्दछ नयाँ लेखकले । घनश्याम शर्मा एकदम अपरिचित नाम पनि होईन् । नेपाली पाठकलाई उनका कथाहरु विभिन्न पत्रपत्रिकामा प्रकाशित भईसकेका छन् । कुरा गरौ “धुलोमा उडेका सपनाहरू”को प्रस्तुत कथा सँगालोको शीर्षक हो पेशागत रुपमा घनश्याम शर्मा बेग्लै क्रियाशिल छन् । उनका कथाहरूलाई त्यसले पनि बल पुऱ्याएको देखें मैले । आफूले भोगेका विभिन्न जीवन संस्कृति र अनुभवहरुलाई पात्र र कथा वस्तुको स्वरूप दिएर उतारेका छन् । यसले उनका विभिन्न कथाहरु प्रमाणित बनेका छन्, कथाकै रूपमा प्रमाणिक बनेका छन् ।

उनले समयमा ब्याप्त विकृतिहरुको चित्रण गर्ने सराहनीय प्रयास गरेका छन् । घूसखोरी तथा अन्य भ्रष्टाचारको नमुना त टड्कारो रचनामा देख्न पाईन्छ नै, मानवीय सम्बन्धमा आएको परिवर्तन तथा अति आकांक्षाको शिकार मध्यम वर्ग पनि यहाँ देखा परेका छन् । घनश्याम शर्माको पात्रहरु प्राय :मध्यम, निम्न मध्यम र निम्न वर्गको प्रतिनिधित्व गर्दछन । तिनिहरुको इच्छा जीवन अनि जटिलतालाई लेखकले सुक्ष्म रुपमा हेर्ने प्रयास गरेका छन् । उदाहरणका रुपमा ‘राजकुमारी’ कथालाई लिन सकिन्छ । ‘कम्यूटर अनलाईन मित्रहरु’ ले विदेशी समाजमा आउँदै गरेको सम्बन्धको ह्रासोन्मुख प्रवृत्तिलाई

देखाइएको छ । यो कथा यन्त्रका सहायताबाट यान्त्रिक बन्न थालेको जीवनको सूचना दिन सफल छ । म धेरैको नाउँ लिनुको साटो यही भन्न चाहन्छु कथाहरुमा विविधता छ । घनश्याम शर्माको आफ्नो भाषाको निर्माण हुँदै छ । यथार्थलाई आजको सन्दर्भ दिने चाख छ । त्यसले गर्दा उनका यी कथाहरू हामीलाइ सार्न्दभिक लाग्दछन् । कथाहरू रोचक पनि छन् । वर्णनात्मक रुपमा लिखिएका यी कथाहरू हर किसिमले समाजको गाथा सुनाइरहेका लाग्दछन् । कथाकार घनश्याम शर्मा जुन कथा यात्रामा निस्केका छन् त्यसमा उच्चता र विस्तार हासिल गर्दै जाउन् । यस्तो आशा गर्न सकिन्छ उनी भित्र एउटा कथाकारको राम्रो उर्जा देखिन्छ । त्यसकारण उनी सम्भावनाले भरिएका छन् । आफ्नो यात्रामा ठूलो सफलता मिलोस् भन्ने शुभकामना सहित दिएका छन् ।

कवि ललिजन रावलले घनश्याम शर्माको धूलोमा उडेका सपनाहरू कथासङ्ग्रहमा यसरी टिप्पणी गरेका छन् । कथाहरुमा विविधता छ । घनश्याम शर्माको आफ्नो भाषाको निमार्ण हुदैछ । यर्थाथलाई आजको सन्र्दभ दिने चाख छ । त्यसले गर्दा उनका यी कथाहरू हामीलाई सार्न्दभिक लाग्दछन् । कथाहरू रोचक पनि छन् । वर्णनात्मक रुपमा लेखिएका यी कथाहरू हर किसिमले समाजको गाथा सुनाईरहेका लाग्दछन् । कथाकार घनश्याम शर्माका कथाप्रतिको दृष्टिकोण हो यो विशिष्ट आख्यानकार डा. ध्रुवचन्द गौतमको । वास्तवमा वर्तमानले भोगेको सामाजिक सन्र्दभ र पात्रहरुको जीवन्त उपस्थितिले यी कथाहरूले जीवन्त प्राप्त गरेका छन् । विषय र पात्र चयनमा कथाकार घनश्याम शर्मा अन्त्यन्तै सफल हुनुको पछाडि उनमा निहित सामाजिक विविधताको गहिरो पौरख र पात्रहरुसँगको निकटतम तादात्म्य नै हो । यी कथाहरु सुदूरपश्चिम देखि नेपालको पूर्वी पहाडसम्म फैलिएका छन् यसले गर्दा महाकाली देखि मेची सम्मको समाज र संस्कृतिको झलक केही मात्रामा भएपनि देख्न सकिन्छ । कथाकार स्वयं एउटा प्राविधिक भएकाले होला सडक मजदुर र सडक वरपरको सेरोफेरो धेरै कथाहरुमा समेटिएको छ । यति मात्र होइन संसारमा ब्याप्त हुदै गएको यान्त्रिक संस्कृतिको उद्घाटन कथाकारले कम्प्यूटर र अनलाईन मित्रहरु जस्तो अत्याधुनिक कथा मार्फत गरेका छन् । आफू तथस्ट रहेर विषय र पात्र प्रति इमान्दारी निर्वाह गर्दै कथा सिर्जनामा साधनारत् कथाकार घनशयाम शर्मा अझै उच्च कोटीका कथा साथ आगामी दिनमा प्रस्तुत हुनेछन् भन्ने विश्वास लिएको छु ।

यस कथा सङग्रहका मूलभूत प्रवृत्तिहरूलाई वुदाँगत रुपमा यसरी उल्लेख गर्न सकिन्छ

- कथाहरूमा विविधता,
- यर्थाथलाई सन्दर्भदिने चाख,
- रोचक र वर्णनात्मक,
- समाजका गाथा सुनाईरहेका,
- वर्तमान जीवनले भोगेको सामाजिक सन्दर्भ र पात्रहरूको जीवन्त उपस्थिति,
- सामाजिक विविधता र पात्रहरूसँगको निकटतम तादाम्य,

- समाज र संस्कृतिको झलक दिने,
- सडक मजदुर र सडक वरपरको सेराफेरो,
- यान्त्रिक संस्कृतिको उद्घाटन,
- आफूले भोगेको विभिन्न जीवन संस्कृति र अनुभवहरूलाई पात्र र कथावस्तुको स्वरुप,
- समाजमा व्याप्त विकृतिको चित्रण,
- पात्रहरु मध्यम, निम्नमध्यम र निम्न वर्गका,
- आफूले देखेका भोगेका कटु यर्थाथ घटनाको प्रस्तुति ।

**ख) दोस्रो कथासङ्ग्रह अभिशप्त समय** (२०६४)

घनश्याम शर्माको दोस्रो कथा सङ्ग्रह **अभिशप्त समय** (२०६४) हो । पहिलो कथा सङ्ग्रह भन्दा भाषा, शिल्पशैलीका दृष्टिले उत्तम देखिन्छ । उनको यो कथा सङ्ग्रहमा भाषिक शिल्प शैलीमा स्पष्टता देख्न सकिन्छ । यस कथा सङ्ग्रहमा उनका २३ वटा कथाहरू रहेका छन् । यस कथा सङ्ग्रहमा कथाकार घनश्याम शर्माले आफ्ना कथाकृतिलाई दुखान्त चेतनाद्वारा सशक्त बनाएका छन् । उनका कथाहरूमा मानवीय अनुभूति र संवेदनाहरूको बाहुल्य रहने भएकाले स्वभावतः मानिसले भोग्न बाध्य हुनुपर्ने अनेक समस्याहरूका दुष्परिणाम देखाइएको हुन्छ । उनका कथाहरू पढ्दा के लाग्छ भने यस संसारमा मानिस दुख र कष्ट सामना गर्नकै लागि जन्मेको हो । जीवन भनेको क्षणक्षणमा सामना गर्नुपर्ने सामान्यदेखि अति नै गम्भीर दःुख र कष्टहरू हुन् जसले मानिसमा अर्न्तपीडा सिर्जना गरेर ठूलो यातना दिन्छ । यसै क्रममा उनले आफ्ना कथाहरूमा विभिन्न विषम र गम्भीर परिस्थितिमा परेका मानिसका अन्तर्व्यथा र विषादलाइ व्यक्त गरेका छन् । उनको दृष्टिमा मानिसलाई विषम र प्रतिकूल परिस्थितिले आफ्नो नियन्त्रणमा लिन्छ र पराजित बनाएर अलपत्र पारिदिन्छ । दुर्नियतिको सिकार बन्नु नै मान्छेको जीवनको आदिअन्त्य हो भन्ने कुरामा विश्वास राख्ने यी कथास्रष्टा आफ्ना कथाहरूमा अनेकौं वैयक्तिक, पारिवारिक, सामुदायिक र सामाजिक विकृति र विसङ्गतिका प्रसङ्गहरु दिएका छन् । घनश्याम शर्माका अधिकांशं कथाहरू सामाजिक सन्दर्भमा आधारित छन् । उनले नेपाली समाजको आभ्यन्तरिक तथा आन्तरिक दुवै पक्षको अवलोकनबाट के निष्कर्ष दिएका छन् भने हाम्रो समाज अशिक्षा र गरिबीका साथै परम्परित मान्यताका कारणले अनैको कुरीति, रुढिवादी, विचारधारा र कुसंस्कारद्धारा आक्रान्त छ । यसै क्रममा बालविवाह, अनमेल विवाह, अनिच्छित विवाहप्रथाका कारणबाट जीवन दःुख र कष्टको पर्याय बनिरहेको यथार्थलाई स्पष्ट पारेका छन् । यसका साथै उनले समाजका अधिकांश मानिसको दुराग्रह, सङ्कीर्ण दृष्टिकोण तथा अन्धविश्वासले गर्दा प्रेमविवाह तथा अर्न्तजातीय विवाह पनि सकरात्मक परिणामको हुन नसकेको कुरा स्पष्ट पारेका छन् । यति मात्र नभएर उनले गम्भीर सामाजिक समस्याका रूपमा दाइजो प्रथा, जातीय भेदभाव र छुवाछुतको भावना, एक नारीको कारुणिक स्थिति, छाउपडी प्रथा आदिलाई हेरी ती सङ्कीर्ण सामाजिक मूल्यबाट मानवीय भावनामा पर्ने कुप्रभावबारे पनि प्रकाश पारेका छन् । उनको दृष्टिमा नारीहिंसा हाम्रो समाजको निकै ठूलो र गम्भीर समस्या हो । यस समस्याले पारिवारिक तनाव र विघटनको स्थिति निम्त्याएको कुरो पनि उनले स्पष्ट पारेका छन् । भने समाजमा गरिबी र शोषणको चरम रूप विद्यमान भएकाले उच्च वर्गका मानिसहरूले निम्न वर्गका मानिसहरूको जीवनमाथि खेलबाड गरी आफूले मात्र सुख र आनन्द भोगिरहेका छन् । यस सन्दर्भमा उनले सम्पन्न वर्गका मानिसहरूको दुश्चरित्र र अनैतिक गतिविधिहरुको पर्दाफास पनि गरिदिएका छन् । यसरी समग्रमा उनले आफ्ना कथाहरूमा विद्यमान सामाजिक समस्याका विविध

पक्षहरूलाइ आलोचनात्मक दृष्टिले हेरी मानिसको जीवन झन्झन् सङ्कटपूर्ण र जटिल बन्दै गएको यथार्थको सजीव चित्रण गरेका छन् ।

घनश्याम शर्माले स्थानविशेषका लोकजीवन र संस्कृतिको चित्रण गरेर कथाहरूलाई आञ्चलिकताको रङ दिएका छन् । विशेष गरेर उनले सुदूर पश्चिमाञ्चल क्षेत्रका भौगोलिक र सास्कृतिक परिवेशलाई आधार मानेर त्यहाको लोकसंस्कृति तथा संस्कारहरूलाई कथ्य बनाएका छन् । उनका कथामा मुख्यतः उनको लक्ष्य सुदूर पश्चिमको भूगोल हो तापनि उनको दृष्टि बहुपति प्रथा भएको हिमाली क्षेत्र र दाइजो प्रथाले जरा समाएको तराई क्षेत्रमा पनि पुगेको पाइन्छ । चेपाङहरूको जनजीवनको चित्र पनि उनले उतारेका छन् । यसरी हेर्दा उनले स्थानीयतामा देखाएको गहन अभिरुचि आधुनिक नेपाली कथाको यस तेस्रो 'परावर्तनको युग' का लागि अन्त्यन्त महत्वपूर्ण रहेको देखिन्छ । कथाकार घनश्याम शर्माले समुन्द्रपारका मानिसहरूका जीवनपद्धति, संस्कार र संस्कृतिलाई पनि आफ्ना कथामा समेटेका छन् । उनले तिनीहरूको दाम्पत्य तथा पारिवारिक जीवनको यथार्थ स्थिति देखाउने सन्दर्भमा पतिपत्नीबीचको सम्बन्धको संवेदनशीलता, आमाबाबु र छोराछोरीबीचको सम्बन्धको श्रृङ्खला, नातासम्बन्ध आदिको रुपलाई स्पष्ट पारेका छन् । घनश्याम शर्माले लेखेका द्वन्द्धकथाहरूमा सर्वसाधारण मानिसहरूले अनूभूति गरेका सन्त्रास र पीडालाई व्यक्त गरिएको छ । जुन उद्देयका निमित्त एक दशकसम्म देशमा युद्ध भएको थियो, त्यो परिणाममुखी हुन नसकेकोमा नागरिकहरूमा छाएको निराशालाई उनले कथामा व्यक्त गरेका छन् । उसका साथै त्यस द्वन्द्धमा भएका हत्या, हिंसा र विनाशका प्रसङ्गहरू पनि उनले दिएका छन् । द्वन्द्वले नेपालीहरूको जीवनलाई आघात मात्र पारेको तथ्यलाई उनले अघि सारेका छन् ।

घनश्याम शर्मा जीवनको विसङ्गत अवस्थामा विश्वास गर्ने संवेदनशील कथासर्जक हुन् । उनले मानिसभित्रको बर्बर पाशविक प्रवृतिको भण्डाफोर गर्दे सदा दुर्नियति र विडम्बनामा बाँच्न बाध्य हुनुपर्ने मान्छेको कथा लेखेका छन् । उनका विचारमा मान्छे नीच छ, कुटिल छ र भ्रष्ट छ । त्यसैले मानिस चारैतिरबाट पराजय, विफलता, निराशा, कुण्ठा आदिद्वारा घेरिएको हुदा जीवन विसङ्गतिपूर्ण छ । उनले, यसरी, मानवजीवनलाई विभिन्न कोणबाट हेरी आफ्नो निराशावादी दृष्टि व्यक्त गरेका छन् ।

कथाशिल्पी घनश्याम शर्मा-

- विम्ब निर्माण गरेर वस्तु, दृश्य र पात्रको मानसिक अवस्थालाई जीवन्त बनाउँदछन्,
- भावपरिमण्डलमा जोड दिएर कथालाई सौन्दर्यीकरण गर्दछन्,
- व्यङ्ग्य गर्न निकै मन पराउँदछन्,
- प्रयोगवादी नभए पनि प्रयोगप्रति वितृष्णा देखाउँदैनन्, र
- सूचनाप्रविधिलाई आधार बनाएर कथ्य प्रस्तुत गर्दछन् ।

घनश्याम शर्मा मानवीय अन्तर्पीडालाई लक्षित गरी मार्मिक कथा सिर्जना गर्ने प्रतिभा हुन् । उनले समाजभित्रका गम्भीर समस्याहरूलाई कथ्य बनाएका छन् । उनले स्थान विशेषको संस्कार र संस्कृतिमा

प्रकाश पारेर स्तरीय कथाहरू लेखेका छन् । उनको अभिरुचि विदेशी जीवनशैलीमा पनि रहेको पाइन्छ । द्वन्द्वकालको पीडालाई पनि उनले आफ्नो कथामा व्यक्त गरेका छन् । उनी विसङ्गतिपूर्ण जीवनमा विश्वास गर्ने स्रष्टा हुन् (श्रेष्ठ, दयाराम,२०७०:३७६-३७९) ।

यस कथा सङ्ग्रहका मूलभूत प्रवृत्तिहरूलाई वुदागत रूपमा यसरी उल्लेख गर्न सकिन्छ ।

- समसामयिक विषयवस्तु,
- सामाजिक समस्या र समाजभित्रको मानवीय मूल्य विघटन,
- यर्थाथ र आर्दश वीचको वस्तुनिष्ट जीवनदृष्टि,
- सामाजिक कुरीति र पीडावाट मुक्तिको खोजी,
- विगतको राजनीतिक द्वन्द्वले सिर्जना गरेका उतारचढाव,
- विषम परिस्थिति र विसङ्गत यथार्थसँगै भविष्य प्रतिको चेतना,
- सामाजिक यथार्थवादी कथाकार,
- आधुनिक कथाकार,
- सामाजिक भेदभावप्रतिको ब्यङ्ग्य,
- गरीवी र अशिक्षाको फेरिहस्त प्रस्तुत,
- ठूलावडा सरकारी कर्मचारीले निम्न कर्मचारीलाई गर्ने सरकारी रवैयाको भण्डाफोर,
- सहरिया समाजका ठूलावडा भनाउँदाहरूको सिकार वन्न पुगेका युवायुवतीको यर्थाथ प्रस्तुति,
- सार्वजनिक पद धारण गरेका ब्यक्तिहरूको भण्डाफोर,
- गरीवी, आर्थिक समस्या एवं वेरोजगारी समस्याको उठान,
- रुढिवादी प्रथाको उठान,
- महिलामाथि हुने अन्याय अत्याचारको प्रस्तुति ।

### (ग) तेस्रो कथासङ्ग्रह छिरिङ डोल्मा र अनाम सहिदहरू

घनश्याम शर्माको तेस्रो कथा सङ्ग्रह **छिरिङ डोल्मा र अनाम सहिदहरू** (२०६८) मा प्रकाशनमा आएको हो । यो कथा सङ्ग्रह अझ भाषा, शिल्पशैली र विचारका दृष्टिले अझ परिष्कृत भएर आएको देखिन्छ । यो कथा सङग्रहमा २२ वटा कथाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका पाइन्छन् । प्रस्तुत सङ्ग्रह यर्थाथपरक जनजीवनको सबल उपस्थिति हो । प्रस्तुत कृतिले जीवनभोगाईलाई यर्थाथ रुपमा प्रस्तुत गरिएको पाइन्छ । गरीवी र अभावजन्य घटनाको फेरिहस्त प्रस्तुत एवं भौतारिदाका पीडाका आर्तनाद तथा सहरमा गाउँलेले खेप्नुपरेका सास्तीको कथाब्यथा प्रस्तुत कृतिमा समेटिएका छन् । दुःख पीडाबाट आकान्त र वैचारिक विचलनका कथावस्तुले समसामयिक समाजको प्रतिनिधित्व गर्दछ ।

- यस चरणका मूलभूत प्रवृत्तिहरूलाई वुदागत रुपमा यसरी उल्लेख गर्न सकिन्छ ।

- गरीवी र अभावजन्य घटनाको प्रस्तुतिकरण,
- सहरमा गाउँलेले खेप्नुपरेका सास्ती,
- जीवनभोगाईको यर्थाथ स्वरुप,
- समसामयिक समाजको प्रतिनिधित्व,
- यर्थाथपरक जीवन,
- सहरको महगीको मार, प्रदूशित वातावरण, महगो शिक्षाप्रणाली,
- विदेश जानुपर्ने वाध्यता,
- वेरोजगारी समस्या,
- शोषण बलत्कार हुनु पर्ने वाध्यता,
- समाजका गाथाब्यथा प्रस्तुत,
- सामाजिक समस्याका विविध पक्षहरूको यथार्थ सजीव चित्रण ।

## २.३.२ साहित्येतर ब्यक्तित्व

### २.३.२.१ जागिरे व्यक्तित्व

जागिरे व्यक्तित्वको रुपमा धनश्याम शर्माको आफ्नै गृह जिल्ला अछाममा अध्यापन पेशाबाट सुरु भएको हो । एक वर्ष अध्यापन गरेर उनी काठमाडौ आई अध्ययन तर्फ लागे र दुई वर्ष ओभरसियरको पढाई सिध्याएर सार्वजनिक निर्माण शाखामा जागिर गरेको पाइन्छ । त्यस पछि २०४७ सालमा स्थानिय विकास मन्त्रालयमा ओभरसियरमा पदमा ३/४ महिना र महेन्द्रनगर नगरपालिकामा ओभरसियर भएर केही महिना जागिर पश्चात २०४८ सालमा लोकसेवा आयोगबाट स्थायी रूपमा सडक विभागको ओभरसियर पदमा नाम निकाल्नु भयो । तत् पश्चात संखुवासभा, धादिङ भक्तपुरमा ओभरसियरमा काम गर्नभयो र २०६६ सालमा सिभिल इन्जिनियरमा वढुवा हुनुभयो । जागिरे काममा जादै गर्दा २०७० सालमा फाल्गुण ९ गते उनको निधन भयो । ( शोध नायककी श्रीमती सरला शर्माबाट प्राप्त जानकारी)।

घनश्याम शर्मा सरकारी सेवकको रूपमा काम गर्दा आफ्नो कर्तव्य र जिम्मेवारी प्रति अन्त्यन्त निष्ठावान सेवा ग्राहि प्रति संवेदनशील, आफ्ना निष्ठावान कार्य प्रति जिम्मेवार जवाफदेहिपन विशेषगरी ओभरसियरको रूपमा कृष्ण भीरको पहिरो थाम्ने कार्य उनकै नेतृत्वमा भएको र कृष्णभीरमा कविता नामक कविता गोष्ठी पनि उहाँकै नेतृत्वमा संचालन भएको र कविहरूलाई काठमाडौंबाट लगिएको थियो । उनी परिणाम खोज्ने व्यक्ति थिए । प्राविधिक क्षमताको सफल परिक्षण पनि त्यतिवेला उनको भएको देखिन्छ । ( कवि तथा साहित्यकार भागवत आचार्यसँगको अन्तवार्ताबाट प्राप्त जानकारी ) ।

यथार्थवादी अधिकांश कथाको विषयवस्तु राजमार्ग वरिपरिको परिवेश राजमार्ग वरिपरिमै राजमार्गका कथाकार यसरी एउटा क्षेत्रमा लेखिरहने अर्के कथाकार  हुन् । पेशा वरिपरिको दृश्य कथामा

उतार्ने काम उनका रचनामा पाइन्छन । ( कवि तथा निवन्धकार अनिल पौडेलसँगको अन्तवार्ताबाट प्राप्त जानकारी ) ।

## २.४ निष्कर्ष

कथाकार घनश्याम शर्माका सम्पूर्ण प्रकाशित कृतिहरूका आधारमा उनको कथा यात्रा र प्रवृत्तिहरु केलाउदै कथाहरूको वस्तु एवम् शैली विश्लेषण गरिएको छ । उनका कथा सङ्ग्रहहरूमा सामाजिक विषयवस्तुलाई चित्रण गरिएको पाइन्छ । उनको कथा यात्राको पहिलो कथासङ्ग्रहले सडक वरिपरिको विषयवस्तु समाजका गाथा सुनाइरहेका कथाहरू पाइन्छन भने दोस्रो कथा सङग्रह देश द्वन्द्व मूढभेढमा भएको अवस्थामा **अभिशप्त समय** (२०६४) अझ भाषा शिल्प शैली र विचारका दृष्टिले परिष्कृत भएर आएको पाइन्छ । प्रस्तुत कृतिमा राजनितिक द्वन्द्वले सृजना गरेका उतारचडाव विषम परिस्थिति र विसङ्गत यर्थाथसँगै भविष्य प्रतिको चेतना जगाउने, समाजिक कुरीति र पीडाबाट मुक्तिको खोजी, गरिवी आर्थिक समस्या एवम् वेरोजगारी समस्या एवम् ठुलावडाले गर्ने विकृति एवम् विसङ्गतिको भण्डाफोर एवम् समसामयिक विषयवस्तु यथार्थपरक रूपमा प्रस्तुत छन् । तेस्रो कथा सङ्ग्रहमा गरिवी र अभावजन्य घटनाको प्रस्तुति शहरमा गाउँलेले खेप्नु परेको महगी, सास्ती एवम् जीवन भोगाईको यथार्थ स्वरुप प्रस्तुत एवंम सामाजिक सन्दर्भमा आधारित सामाजिक समस्याहरूको विविध पक्षको यथार्थ सजीव चित्रण गरिएको पाइन्छ । सामाजिक मूल्यवाट मानवीय भावनामा पर्ने कुप्रभाववारे पनि प्रकाश पार्नुका साथै उनका कथाहरूमा वैयक्तिक,पारिवारिक, सामुदायिक, र सामाजिक विकृति र विसङ्गतिको प्रसङ्गहरू उल्लेख गरेका पाइन्छन् । । उनले आफू सरकारी कर्मचारी हुँदा नेपाली जनताले भोगेका र भोग्ने गरेका यर्थाथ घटनाहरूलाई विषयवस्तु वनाएका छन् । गरीवी, अभाव, निम्नवर्ग र मजदूर दलितले भोग्नुपरेका वास्तविक यर्थाथता उनका कृतिहरूमा पाउन सकिन्छ । उनका कृतिहरूमा अन्याय, अत्याचार, शोषण र दमनको स्वरूप देख्न पाइन्छ भने उनका कथाहरूमा वास्तविक समाज, सामाजिक रहनसहन, समाजका विद्यमान सास्कृतिक, राजनैतिक तथा आर्थिकपक्षहरूलाई जीवन्त रुपमा प्रस्तुत गरेका छन् । जसले गर्दा उनका कथामा सामाजिक यथार्थताको वस्तुपरक चित्रण रहेको पाइन्छ ।

# अध्याय : तीन

## कथा विश्लेषणको सैद्धान्तिक आधार

### ३.१ विषय प्रवेश

कथा साहित्यिक विधा मध्ये एक महत्वपूर्ण र संसारकै लोकप्रिय विधा हो । प्राचीन कालमा लोक जीवनमा प्रचलित रहेको कथा त्यस समयमा लोक कथा वा दन्त्यकथाका नाममा प्रचलित थियो । यसको आफ्नै सैद्वान्तिक ढाँचा र संरचना छ । कथाको संरचनागत पूर्णताका लागि विभिन्न तत्वहरू आवश्यक पर्दछन् । यस परिच्छेदमा कथाको विधागत परिचय दिदै कथा विश्लेषणको प्रारुप तयार गरिएको छ ।

### ३.२ कथाको विधागत परिचय

कथा शब्द संस्कृत शब्द हो । संस्कृतको 'कथ' धातुमा टाप् (आ) प्रत्यय लगाउदा कथा शब्दको निर्माण हुन्छ र यसले कुनै कुरा कथ्नु वा भन्नु भन्ने अर्थ बुझाउँछ । यही अर्थबाट कथाको तात्पर्यगत अर्थ पनि स्पष्ट हुन्छ । कथाको परम्परालाई पहिल्याउदै जादा अलिखित रुपमा रहेका लोक कथा सम्म पुग्नुपर्ने हुन्छ । मानव सभ्यताको आरम्भसगै मानिसले कथा भन्ने र सुन्ने क्रम पनि शुरु गरेको मान्न सकिन्छ । आधुनिक कथाको विकासको पृष्ठभूमिलाई हेर्ने हो भने पनि यिनै लोक कथा र दन्त्यकथाहरूलाई भेटन् सकिन्छ । आज जुन प्रकारका कथालाई कथाको संज्ञाले परिचित गराइन्छ, त्यस्तो कथाको विकासको जन्म भने उन्नाइसौं शताब्दीमा अमेरिकाका स्कर्नर एडगर एलेनपोबाट भएको हो । तसर्थ आज कथा नामले चिनिने विधा प्राचीन कथा नभएर आधुनिक कथा हो । अग्रेजीमा कथालाई सर्ट स्टोरी भनिन्छ र यही अग्रेजी सर्ट स्टोरी लाई फ्यार्यवाची शब्दका रुपमा कथा भन्ने शब्दले नेपालीमा ठाउँ लिएको छ । कथा साहित्यको विकास प्रकियालाई हेर्दा पूर्वीय तथा पाश्चात्य साहित्यका आख्यान तत्वयुक्त गद्य पद्य रचनामा कथा साहित्यका प्रारम्भिक चेष्टाहरू पाइन्छन् । ( गौतम र अधिकारी, २०६९:१ ) । प्राचीन पद्य साहित्यका व्यतिरेकमा मध्ययुगमा आएर प्राचीन गद्यवद्ध साहित्यको प्रादुभार्व भयो । फलतः गद्यमा साहित्यक अभिब्यक्ति हुन थाल्यो । यसै गद्य विधाको समन्नयसँगै कथा साहित्यको पनि थालनी र विकास भएको हो । पाश्चात्य जगतमा मान्छेले अस्तित्वबोधको सचेष्टता प्राप्त गरेपछि नवजागरणको युग शुरु भएको पाइन्छ । यसै पृष्ठभूमिमा प्राचीन युगको प्रतिकिया स्वरुप मध्ययुगको थालनी भएको हो । मध्य युगको मूल साहित्यिक उपलब्धि पनि गद्य विधामै नै भएकाले यस अवस्थामा गद्यमा आख्यानहरू लेखिएका छन् । यसलाई आधुनिक कथा साहित्यका प्रारम्भिक उपलब्धि, परम्परा वा पृष्ठभूमि मान्न सकिन्छ । ( गौतम र अधिकारी २०६९:१ ) । आधुनिक कथा पाश्चात्य साहित्यको उपज हो । उन्नाइसौं शताब्दीमा पश्चिममा एकातिर दन्त्य कथाको परम्परा र अर्कातिर कथात्मक निबन्धको परम्परा थियो । यिनै दुई परम्पराका रुपमा सम्मिश्रित भएर आधुनिक कथाको जन्म भएको हो । कथाको प्रारम्भ मानवीय चेतनाको विकास सँगसँगै भएको हो । आधुनिक कथाको उत्पत्ति र विकासको श्रेय एउटै मात्र देश र त्यस देशको भाषालाई दिन

सकिन्न । साहित्यको क्रमिक विकास सँगै यसका विधागत परिभाषा र मान्यताहरूमा पनि परिवर्तन आइरहेको देखिन्छ । पूर्वीय, पाश्चात्य र नेपाली साहित्यका कथा सम्बन्धी परिभाषाहरू यस प्रकार रहेका छन् । वाण भट्टले आफ्नो कादम्बरी गद्यख्यानको पूर्व भागमा कथा र आख्यायिकाको भेद छुट्याउँदै कथा सम्बन्धी यस किसिमको परिभाषा प्रस्तुत गरेको पाइन्छ : सुमधुर वार्तालाप र हाउभाउको आकर्षणका कारण अन्त्यन्त सुन्दरी र आफै शय्यानजिक उपस्थित भएकी नव-वधू जस्तै सरल, सुवोध, कलात्मक वाक्य विन्यासले कर्णप्रिय, भावानुकरणका कारण चित्ताकर्षक भएको, अलङ्कारहरूले युक्त रसिकको ह्दयलाई आहादित तुल्याउने बत्तीजस्तै उज्यालो र फूलजस्तै सुशोभित गद्याख्यान नै कथा हो । कथालाई परिभाषित गर्दै एडगर एलेनपोकोले द ग्रेस्ट फर लिटरेचर नामक पुस्तकमा एकै बसाइमा पढेर सकिने, सानो तर स्वंयममा पूर्ण र पाठकलाई विशिष्ट प्रभाव पार्ने तथा यही विशिष्ट प्रभावका लागी विभिन्न उपकरणहरूको प्रयोग गरि लेखिने आख्यानात्मक रचनालाई कथा भनिन्छ । कथाको परिभाषा गर्ने क्रममा लक्ष्मी प्रसाद देवकोटाको छोटो किस्सा शीर्षकको नैवन्धिक लेखमा छोटो किस्सा एउटा सानो आँखीझ्याल हो, जहाबाट सानो संसार चियाइन्छ । थोरैमा मीठो र भरिलो हुनु यसको बानी हो भने यो एउटा संसार हो र महान संसार हो । दयाराम श्रेष्ठले नेपाली साहित्यको संक्षिप्त इतिहास नामक मोहनराज शर्मासँग सहलिखित पुस्तकको आफूद्वारा लिखित अंश नेपाली कथामा कथालाई यस प्रकार परिभाषित गरेका छन् : निश्चित प्रकारको संरचनामा निवद्ध र सीमित आयतन भएको समय र स्थानभित्र विस्तारित विचार वा भावाभिव्यञ्जक संक्षिप्त आख्यानात्मक गद्य रूपलाई कथा भनिन्छ । मोहनराज शर्माले आफ्नो समकालीन समालोचनाः सिद्धान्त र प्रयोग नामक पुस्तकमा कथालाई यसरी परिभाषित गरेका छन् : परिवेश, उपाख्यान, प्रतिक्रियाको अन्तर्निहित योजनामा वाँधिएर प्रतिफलित हुने लघु विस्तार भएको गद्य सङ्कथनलाई साहित्यमा कथा भन्दछन् ।

यसरी पूर्वीय, पाश्चात्य र नेपाली साहित्यमा प्रचलित उपयुक्त परिभाषाहरू आधार बनाएर कथालाई यस किसिमले परिभाषित गर्न सकिन्छ । लघु आयतन भएको, सीमित परिवेशमा आधारित तथा न्यून पात्रहरूको उपस्थिति भएको र प्रभावपूर्ण भाव वा विचारयुक्त घटना भई लघु संरचनामा आवद्ध गद्य रचनालाई कथा भनिन्छ । (गौतम र अधिकारी २०६९:९) ।

## ३.३ कथाका तत्व

कथा बन्नका लागि आवश्यक पर्ने तत्व वा उपकरण नै यसका संरचक घटक हुन् । कथामा हुनुपर्ने अङ्गहरूको अभावमा त्यो कथा हुँदैन । त्यसैले कथा भनेको यौगिक रचना हो । यौगिक रचनामा विविध तत्वको समावेश हन्छ । संक्षिप्त र लघु आयाम भएको कथा संरचनामा विभिन्न तत्वहरू नै कथाका तत्वहरू हुन् । यी तत्वहरू परस्परमा सम्बद्ध भएर आएपछि त्यहाँ एउटा राम्रो कथाको जन्म हुन्छ । कथाको आफ्नै कथात्मक संरचना रहेको हुन्छ र त्यसैमा आवद्ध भएर कथाको रचना हुन्छ । यही रचना विधानमा कथाका तत्वहरू वा कथातत्व भन्ने चलन छ । ती कथातत्वहरू निम्नलिखित छन्:

१) कथावस्तु /कथानक

२) पात्र/ चरित्रचित्रण

३) परिवेश

४) दृष्टिविन्दु

५) उद्देश्य

६) भाषाशैली

७ सारवस्तु

### ३.३.१ कथावस्तु/कथानक

कृतिमा वाह्य प्रकाशनको सारवस्तु अंश वा सारवस्तु तथा आन्तरिक सत्व वा गुदीलाई वस्तु भनिन्छ । ( शर्मा २०५५:२७ ) । कथामा पाइने मूल कथ्य नै वस्तु हो र यो कथाको सारवस्तु अंशका रूपमा रहेको हुन्छ । कथानकले वस्तुलाई र वस्तुले कथानकलाई अन्तर्गभित गरेका हुन्छन् । वस्तुलाई कथाको सवैभन्दा महत्वपूर्ण घटक मानिन्छ । कथाका तत्वहरूमध्ये कथानक स्थूल तत्व हो । यो कथाभरि नै व्याप्त रहन्छ । कथा, कथावस्तु र उक्त घटनाक्रमको कुनै न कुनै मूल्य हुनुपर्दछ । कथामा कुनै कार्यकारण सम्बन्ध हुनका लागि उत्प्रेरणा वा अभिप्रेरणा ल्याउने तत्व पनि हुन्छ । कथानक वा कथावस्तुको निर्माणको लागि केही कच्चा पर्दाथहरू अपेक्षित हुन्छन् । तिनलाई उपकरण भनिन्छ । ती क्रियाव्यापार र द्वन्द्व गरी दुईवटा छन् । कथावस्तुको निर्माणमा यी दुई तत्वको आवश्यकता रहन्छ । कथालाई गति प्रदान गर्न र कथावस्तुलाई सहयोग पुऱ्याउन उपकरण वा कच्चा पर्दाथको आवश्यकता हुन्छ । कथावस्तुसँगै क्रिया व्यापार पनि जोडिएर आएको हुन्छ र क्रियाव्यापारले सम्पूर्ण कथालाई प्रभावित पारेको हुन्छ । कथामा घट्ने घटना वा क्रियाहरु कार्यकारण श्रृखलामा आवद्व भएर आएका हुन्छन् । क्रियाव्यापारले पनि घटनाहरुलाई अगाडि बढाउन ठूलो भूमिका निर्वाह गरेको हुन्छ । पात्रहरूले जे गर्दछन्, जे भन्छन् र जे सोच्छन त्यसको कुनै न कुनै कारण हुन्छ । यसरी कथामा आदि, मध्य र अन्त्य वा उपसंहारको सुनियोजित प्रयोगका लागि क्रिया व्यापार नभई हुँदैन । कथामा प्रारम्भ, मध्य र उपसंहारको पूर्वापर सम्बन्ध मिलेको हुनुपर्दछ । प्रारम्भमा घटना सूक्ष्म वा सामान्य देखिएपनि मध्यमा त्यसले विशाल रुप र अन्त्यमा गएर कथाकारको उद्देश्यलाई उक्त कथाले प्रस्तुत गर्दछ । हरेक कथावस्तुको रैखिक ढाँचा पनि बनाउन सकिन्छ । कथानकमा फेटागको सिद्वान्तअनुसार समस्या शुरु भएको भाग कथाको आदि हो र समस्याको समाधान भएको भाग कथाको अन्त्य हो । ( गौतम र अधिकारी २०६९:१४) ।

### ३.३.२ पात्रविधान/चरित्रचित्रण

कथाका कुनै पनि घटनालाई निश्चित उद्देश्य प्राप्त गर्नका लागि अगाडि बढाउन पात्रको आवश्यकता पर्ने हुनाले यसलाई कथाको अनिवार्य तत्वका रूपमा लिइन्छ । कथामा सहभागिता जनाउन

आउने व्यक्तिलाई नै पात्र वा सहभागी भनिन्छ । यो चरित्रका रूपमा आएको हुन्छ । कथामा कुनै न कुनै रूपमा यसको उपस्थिति भने अनिवार्य हुन्छ । कथामा पात्र वा सहभागीको भूमिका मुख्यतः वक्ता, श्रोता, पेषक-प्रापक, सम्बोधक-सम्बोधित र समाख्याता आदिका रूपमा रहन्छ । कथामा पात्रहरू परिमित संङख्यामा आएको हुनुपर्दछ । परिमित भनेको सीमित हो । कथामा मुख्य पात्र हुन्छ त्यो मुख्य पात्र सापेक्ष हुन्छ र अनुकूल हुन्छ भने अर्को निरपेक्ष पनि हुन्छ । मुख्य पात्रको उद्देश्यलाई सम्पुर्णतामा पुग्न नदिने तत्व नै निरपेक्ष पात्र हो । यो निरपेक्ष पात्र स्त्री वा पुरुष पनि हुनसक्छ । निरपेक्ष पात्रलाई प्रतिद्वन्द्वी पनि भन्न सकिन्छ ।

कथामा यी दुवै प्रकारका पात्रको समान भूमिका हुन्छ । कथामा मुख्यतः यी दुई प्रकारका पात्र मात्र हुन्छन् । कथा समाजको अघि बढने हुँदा र गतिशील विधा भएको हुदाँ समाजसापेक्ष वा मानवीय हार्दिकतायुक्त पात्रको प्रयोग कथामा स्वीकार्य हुन्छ । यदि कथामा कुनै निरपेक्ष पात्र छ भने त्यसले पाठकको मनमा मानसिक प्रतिकिया उत्पन्न गराइदिन्छ । कथामा पात्र र परिस्थितिका बीच अन्तरकिया भईरहेको हुन्छ । कथामा पात्रको पहिचान हुनु आवश्यक छ । पात्रलाई अनुकूल र प्रतिकूल कुन रूपमा प्रस्तुत गर्नुपर्ने हो, त्यस रूपमा प्रस्तुत गर्न कथाकार कुशल हुनुपर्छ । कथाको अध्ययन पछि पात्रहरूको ढाँचा वुभ्न सकिन्छ । कथामा प्रत्यक्ष र नाटकीय गरी दुई पद्वति अबलम्बन गरिएको छ । भिन्न विचार धाराका पात्रहरू उभ्याएर तिनीहरूका बीच संङघर्ष गराउनु द्वन्द्व हो द्वन्द्व पनि पात्रसँगै सम्बन्धित छ । पात्र र समाजबीच, नयाँ र पुरानो बीच आदि विभिन्न द्वन्द्व हुन्छ । त्यो द्वन्द्व पात्र पात्रसँग, पात्र र समाजसँग, प्राचीन र नवीन मान्यतासँग आदि कुनै रुपबाट देखाउन सकिन्छ । कथावस्तुलाई जीवन्त वा क्रियाशील वनाउन द्वन्द्वको आवश्यकता पर्छ । पात्रका निम्ति संवाद वा कथोपकथन अनिवार्य तत्व हो । कथालाई अगाडि बढाउन र पात्रको चरित्र चित्रण गर्न संवाद आवश्यक पर्दछ । (गौतम र अधिकारी २०६९:१६) ।

### ३.३.३ परिवेश

परिवेश भनेको दिक्ं+काल हो । दिक् ठाँउ र काल वा समय जनाउने परिवेशलाई यस्तो मूर्त भौतिक स्थिति मानिन्छ, जहाँ कुरा वा कथन घटित हुन्छ ( शर्मा, २०५५:२२९ ) । कथामा वर्णित स्थान, काल र वातावरणको समष्टि नै परिवेश हो र यो पात्रले कार्य व्यापार सम्पन्न गर्ने ठाँउ, समय र परिस्थिति हो । यस परिवेशले स्थान, काल, र वातावरण मध्ये कुनै एकको अथवा तीनओटैका अभिव्यक्तिलाई जनाउँछ । कथामा यस्तो अभिव्यक्ति विभिन्न किसिमले आउँछ र वर्णनात्मक विवरणात्मक र सङ्केतात्मक किसिमले कथामा परिवेशलाई अभिव्यक्त गरिएको हुन्छ । कथामा यी तीन किसिमका परिवेशमध्ये कुनै एक वा सबैको वर्णनात्मक एवंम विवरणात्मक अभिव्यक्ति हुन्छ । कथामा स्थान, समय र वातावरणको प्रयोग सामान्य वा विशिष्ट कुन रूपमा गरिएको छ भन्ने कुराको निक्यौल गरिन्छ ।


परिवेश वा देशकाल परिस्थिति कथाको संरचनामा आउने स्थूल तत्व हो । देशकाल भन्ने वित्तिकै स्थान र समय आउँछ । परिस्थिति भन्नाले वातावरण भन्ने वुझिन्छ । कथामा आउने घटनाहरू

निश्चित स्थान र समयमा घटित हुन्छन् । यसै गरी वातावरण वा परिस्थिति त्यसलाई सहयोग गर्ने अरु सामाजिक, आर्थिक, जैविक परिवेशहरू र त्यसबाट उब्जिएको पात्रको मानसिकता आदि सबै वातावरण अर्न्तगत पर्दछन् । कथामा काल र स्थान रहेको हुन्छ र यसको सम्बन्ध गतिसग रहेको हुन्छ । गतिशीलताका लागी कथाकारले दृश्यात्मक पद्वति र संङ्क्षेप पद्वति गरी दुई पद्वति अँगाल्छ । दृश्यात्मक गति पद्वतिमा कथाको गति मन्द रहन्छ । यो पद्वति कथाको दृश्य निर्माण गर्नमा आधारित हुन्छ । सङ्क्षेप पद्वतिमा चाहि कथाको गति लुप्तप्रायः रहन्छ । यस पद्वति अनुसार कथामा आवश्यक अनुपातको यथास्थान सङ्क्षेपको संयोजन गरिएको हुन्छ । (गौतम र अधिकारी २०६९:९) ।

### ३.३.४ दृष्टिविन्दु

कृतिलाई पाठक समक्ष उपस्थित गर्ने तरिका वा उपस्थापन पद्वतिलाई दृष्टिविन्दु भनिन्छ । ( लुइटेल, २०६०:९७ ) । कथालाई पाठकसामु उपस्थापन गर्ने पद्वति वा कथनभूमि नै दृष्टिविन्दु हो र यो कथाको भाव वा विचारलाई पाठक समक्ष पुऱ्याउने तरीका पनि हो । यसमा कथाकारका विचारधाराको अभिब्यक्ति हुन्छ र यो मुख्य रूपमा प्रथम पुरुष दृष्टिविन्दु र तृतीय पुरुष दृष्टिविन्दु गरी दुई किसिमको हुन्छ । दृष्टिविन्दुका माध्यमबाट कथाकारले अगाडि सार्न खोजेको विचारधारालाई पनि देखाइन्छ । पात्रको मनका कुरालाई अभिब्यक्त गर्ने तत्व दृष्टिविन्दु वा दृष्टिकेन्द्र आन्तरिक र वाह्य गरी दुई प्रकारका हुन्छन् ।

कथामा प्रयोग गरिने दृष्टिविन्दुलाई यस प्रकार वर्गीकरण गर्न सकिन्छ ।




आन्तरिक दृष्टिविन्दुमा प्रथम पुरुष 'म' को प्रयोग गरिन्छ भने वाह्य दृष्टिविन्दुमा तृतीय पुरुष 'त्यो' वा 'उ' वा कुनै नामथरी पात्रको प्रयोग गरिन्छ । आन्तरिक दृष्टिकेन्द्रीय पात्र प्रथम पुरुषका रुपमा रहन्छ । यसमा 'म' मुख्य पात्रका रुपमा रही कथा प्रस्तुत हुन्छ । कथाको सम्पूर्ण आकर्षण र रुचि यही पात्र रहन्छ । वैयक्तिक मानसिकता, संयोग, भाव, प्रतिक्रिया आदिको प्रस्तुतिकरणका निम्ति आन्तरिक दृष्टिविन्दु उपयुक्त मानिन्छ । यसैलाई केन्द्रीय दृष्टिविन्दु भनिन्छ र यस्तो दृष्टिविन्दुमा पात्रको भूमिका

केन्द्रवर्ती हुन्छ । परिधीय दृष्टिविन्दुमा पनि म पात्र रहन्छ तर कथामा उसको स्थान कि त गौण रहन्छ कि त तटस्थ रहन्छ । यसमा केन्द्र अर्के पात्र हुन्छ । म पात्रले त्यो मुख्य कथालाई प्रस्तुत गर्ने माध्यमको मात्र भूमिका खेलेको हुन्छ । कुनैकुनै कथामा म पात्रको भूमिका रङ्गमञ्चको एक प्रेक्षक झैं मात्र पनि हुन सक्छ । त्यसका विपरीत वाह्य दृष्टिकेन्द्रीय पात्र तृतीय पुरुषमा रहन्छ । यो तीन प्रकारको हुन्छ । सीमित दृष्टिकोणमा एउटै पात्रको मनोविश्लेषण हुन्छ र उसको विचार, भाव, सोचाई, संवेगात्मक प्रतिक्रिया आदि व्यक्त गरिन्छ । अर्थात कथाकार एउटै मात्र पात्रको मन भित्रको संसारमा विचरण गर्छ । सर्वदर्शीय दृष्टिविन्दुमा एकभन्दा वढी पात्रको विश्लेषण हुन्छ र प्राःय सवै पात्रका मनका भाव, विचार, चिन्तन आदिको चित्रण हुन्छ । वस्तुपरक दृष्टिविन्दुमा भने कुनै पात्रको मनोविश्लेषण नभएर कुनै वर्णन वा विवरण मात्र हुन्छ । यदि कथाकार आफ्नो कथामा कुनै पनि पात्रको मन भित्र नपसी निरपेक्ष भएर पात्रलाई क्रियाव्यापारमा संलग्न गराउँछ भने त्यसलाई वस्तुपरक दृष्टिकेन्द्रीय पात्र भनिन्छ । (गौतम र अधिकारी २०६९:१७) ।

### ३.३.५ उद्देश्य

प्रत्येक साहित्यिक रचना कुनै न कुनै प्रयोजनको पूर्तिका लागि लेखिएको हुन्छ र प्रयोजन नै उद्देश्य हुन्छ । ( शर्मा, २०५५: २१० ) । कथाले प्रस्तुत गर्न खोजेको मुख्य प्रयोजन नै उद्देश्य हो र प्रयोजन विना कुनै कथा पनि रचना गरिँदैन । मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण र यथार्थको प्रकटीकरणलाई नै कथाको प्रमुख उद्देश्य मानिन्छ र कथाको विश्लेषण गर्दा त्यसमा अर्न्तनिहित उद्देश्यलाई पनि केलाइन्छ र सामान्य तथा विशिष्ट उद्देश्यको निरूपण गरिन्छ । उद्देश्य कथाको सुक्ष्म तत्व हो । उद्देश्यविहीन कथाको कल्पना गर्न सकिन्न । सामान्यतयाः कथामा कथा सृजनाको कुनै न कुनै उद्देश्य हुन्छ । सामान्यतया आधुनिक कथाहरुमा निम्नलिखित उद्देश्य लिएर लेखिएका छन् । (गौतम र अधिकारी २०६९:१८) ।

(१) कुनै एक सत्यको झलक प्रस्तुत गर्नु ,

(२) कुनै क्षण विशेषको अनुभूतिलाई देखाउनु,

(३) कुनै ब्यक्ति विशेषको चरित्र वा प्रकृतिको उद्घाटन गर्नु,

(४) कुनै समाजको चित्रण गर्नु,

(५) कुनै स्थानसापेक्ष वा निरपेक्ष विचार वा धारणा व्यक्त  गर्नु,

(६) यथार्थको प्रकटीकरण गर्न आदि ।

### ३.३.६ भाषाशैली

कथाको निर्माण गर्ने रूपविन्यासका उपकरण वा सानातिना लघु घटकहरूलाई भाषाशैली भनिन्छ र भाषाशैली भित्रका विभिन्न लघु घटकहरूको समुचित व्यवस्थापन नै भाषाशैलीय विन्यास हो । यस्ता

साना साना लघु घटकहरू कथाका बुनोट हुन । बुनोट भन्नाले भाषा, शैली, बिम्ब, प्रतीक, अलङ्कार विचलन आदिलाई वुझाउँछ । यिनै बुनोटहरूको कुलयोगबाट बुनोट वा कथाको निर्माण हुन्छ र यी भाषाशैलीय तत्वहरूले कथालाई विशिष्ट समेत तुल्याइदिन्छन् । कथामा कुनै न  भाव वा  विचारको अनुभूति प्रकटीकरण हुन्छ । त्यसलाई व्यक्त गर्न भाषाको आवश्यकता पर्दछ र कथा एउटा साहित्यिक विधा भएकाले त्यसको निर्माणमा भाषाशैलीको अपरिहार्यता हुन्छ र त्यसले कथालाई वढी कलात्मक प्रदान गर्छ । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली त्यस भाषालाई सुन्दर र मीठो वनाउने कला हो । कथामा विचार, भाव वा अनुभूतिलाई अभिव्यक्त दिने तरीका वा ढाचाँलाई नै शैली भनिन्छ । प्रत्येक कथाकारको आफ्नै शैली हुन्छ । मुख्यतयाः परम्परागत शैली र आधुनिक शैली गरी दुई प्रकारका  छन् । रैखिक ढाँचा (आदि, मध्य र अन्त्य) को श्रृङ्खलामा हुन्छ भने अरैखिक ढाँचामा कथाकारले आफ्ना विचार वा अनुभूति घुमाएर प्रस्तुत गरिन्छ । शैली अर्न्तगत कथाका शब्दविन्यास, बिम्बविधान, वाक्यविन्यास, प्रतीकप्रयोग, ध्वनितात्विक रुप वा ढाँचा शर्ब्दाथ, लय, अनुप्रास, आलङ्कारिक भाषिक रुप, पूर्वापरप्रसङ्ग, चिद्वैषम्य आदि पर्दछन् । यस प्रकार भाषाशैली साहित्य कलाका लागि अनिवार्य तत्व भएकाले यसको उपयोग अपरिहार्य छ । भाषाशैली कथाको महत्वपूर्ण तत्व हो, जसले कथाको वाह्य एवंम आन्तरिक दुवै संरचनात्मक पक्षलाई सबल पारिदिन्छ भने स्रष्टा र पाठक दुवैका वीचमा यसले सम्प्रेषणको माध्यम बन्ने काम गर्दछ । (गौतम र अधिकारी २०६९:२०) ।

### ३.३.७ सारवस्तु

कुनै पनि साहित्यिक विधामा समाविष्ट रहने केन्द्रीय विचारलाई सारवस्तु भनिन्छ । कथाले पनि कुनै न कुनै रुपमा एउटा केन्द्रीय विचार वोकेको हुन्छ र कथाका घटनाक्रमहरु त्यो विचारधारासँग गासिएर आएका हुन्छन् । कथा पढिसकेपछि जुन कुराको बोध पाठकले गर्दछ वा सन्देश प्राप्त गर्दछ त्यो नै त्यस कथाको सारवस्तु हो । कुन एक निश्चित विचार र उद्देश्य विना कथा लेखिनु सम्भव छैन । कथाकारले कथामार्फत दिन खोजेको मूल सन्देश नै सारवस्तु हो । कुनै कथाकृति पढिसकेपछि समग्रमा हामी त्यसमा जुन भावार्थ पाउँछौ त्यो नै सारवस्तु हो । कथामा प्रत्यक्ष वा परोक्षरुपमा कुनै न कुनै विचार आएको हुन्छ र त्यसकै आधारमा कथानकको संरचना तयार भएको हुन्छ । कथामा विभिन्न विचार भएका पात्रहरु हुन्छन् र ती पात्रहरूका फरक-फरक विचारहरूले कथामा खेल्ने अवसर पाएका हुन्छन् तर निष्कर्षतः एउटा विचारको विजय भएको देखाइन्छ त्यो नै त्यस कथाको सारवस्तु हो ।

### ३.४ निष्कर्ष

कथा साहित्यको आख्यान विधाको एउटा महत्वपूर्ण विधा हो । यसको सैद्धान्तिक ढाँचा वा संरचना रहेको हुन्छ । यसको संरचना निर्माण गर्नका लागि विभिन्न तत्वहरूको आवश्यकता पर्दछ । कथाको संगठनात्मक तत्वहरूको विषयमा पूर्वीय तथा पाश्चात्य साहित्य चिन्तकहरूका आ-आफ्नै किसिमका मतहरु रहेको पाइन्छ । यिनै साहित्य चिन्तकहरूका विचारहरू वा मतलाई आधार मानेर निष्कर्षमा कथाका तत्वहरूलाई यस प्रकार देखाउन सकिन्छ : कथानक, पात्र/चरित्रचित्रण, परिवेश, दृष्टिविन्दु, उद्देश्य,  भाषाशैली र सारवस्तु ।

# अध्याय : चार

## अभिशप्त समय कथासङ्ग्रहको विधातात्त्विक अध्ययन

### ४.१ विषय प्रवेश

घनश्याम शर्माले वि.सं. २०६० मा धूलोमा उडेका सपनाहरू कथा सङ्ग्रह प्रकाशित गरेर नेपाली साहित्यको क्षेत्रमा आख्यानकारका रूपमा कथा विधाबाट कथायात्राको शुरुवात गरेका हुन् । उनको दोस्रो कथा सङ्ग्रह **अभिशप्त समय** २०६४ हो । यही कथा सङ्ग्रह अर्न्तगत २३ वटा कथाहरू संकलित रहेका छन् । तिनै कथाहरूको विश्लेषण कथा तत्वहरूका आधारमा गरिएको छ । अभिशप्त समय कथासङ्ग्रहको पृष्ठ १ देखि पृष्ठ ११ सम्म फैलिएको **अभिशप्त समय** कथा समावेश गरिएको छ ।

### ४.२ अभिशप्त समय कथाको विश्लेषण

अभिशप्त समय कथा **अभिशप्त समय** कथा सङ्ग्रह २०६४ मा रहेको द्वन्द्व कथा हो । प्रस्तुत कथामा सर्वसाधारण मानिसहरूले अनुभूत गरेका सन्त्रास र पीडालाई व्यक्त गरिएको छ । प्रस्तुत कथा अभिशप्त समय कथा सङ्ग्रहको पृष्ठ १-११ सम्म विस्तारित छ । प्रस्तुत कथाको कथानक रैखिक ढाँचा (आदि, मध्य र अन्त्य) को शृङ्खलामा संरचित छ । प्रस्तुत कथा कथाका तत्वहरु कथानक, चरित्रचित्रण, परिवेश, दृष्टिविन्दु, उद्देश्य, भाषाशैली र सारवस्तुका आधारमा विश्लेषण गरिएको छ ।

### ४.२.१ कथानक

प्रस्तुत कथाको कथानक 'म' पात्र मित्र सन्दिप र ड्राईभर गरी तीन जना कामको सिलसिलामा पृथ्वी राजमार्ग मलेखु धादिङ पु:न निर्माण हुँदै गरेको अवस्था वाटाभरि कामदारले काम गरेको अवस्था देश द्वन्द्वमा फसेको घरमा श्रीमती र छोराछोरीको कचकचका बीच सरकारी जागिर खान हिडेका वाटामा वार्तालापबाट प्रस्तुत कथा प्रारम्भ भएको छ । त्रास र द्वन्द्वको छायाले त्रिशूली नदी तर्ने बित्तिकै छोएको हुन्छ । उनीहरू मानसिक रूपमा एकदमै कमजोर भएका हुन्छन् । एकजना खलपात्रले सल्यानटारमा एकजना योजना हेर्न गएका प्राविधिकलाई आतंककारीलाइ सघाउने भनेर झण्डै मारेको बताएपछि झन मनोविज्ञान विचलित र छिया छिया भएको अवस्था बुङ्चेको पुल काटेपछि ठेकदारले यहीबाट उकालो चढी गएको दुई दिनमा उनीहरूको क्याम्पमा पुगेको उनीहरूको सर्म्पकमा आएमा केही नहुने र चार किस्ता बुझाउनुपर्नेमा एक किस्ता बुझाइसकेको र चाडै राज्यसता कब्जा हुने हेलिकप्टरले नदेखिने जङगलमा सुरुङ खनेर बसेका कोड भाषा प्रयोग गर्ने उनीहरूको आफ्नै दुनिया छ भनेर सुनाउँछन् । कर्ल्भट भत्काएर चार पटक ब्लास्ट गरेको र घरबाट मोती सिलवाललाई लिई दुवै हात काटिएका, गुप्ताङ्ग काटिएका , घाटी रेटिएका रुखमा बाँधिएर मारेको ज्यान गुमाउनु परेको कारण थाहा नभएको बताएपछि झनै आतंकित र त्रसित हुन्छन् । सल्यानटार हुदै आँखुखोला निर्माणस्थल पुग्छन र ठेकदारले होटलमा खानाको प्रवन्ध मिलाउँछन् र आश्वाश्त पार्दे खबर पुगिसकेको उनीहरू

पनि विकास विरोधी होइनन विकासका नाममा निश्चित मानिसहरू पुँजीपति भएको र आम मानिसहरू गरीव भएको तर्क दिन्छन । यहाँ सम्मको घटनालाई कथानकको आदिभाग मान्न सकिन्छ ।

प्रस्तुत कथाको कथानकको मध्य भाग 'म' पात्र ले गोमाका बारेमा चिन्तनमग्नबाट प्रारम्भ भएको छ । सत्र अठार बर्षकी कलिलो उमेर अनुहारमा लालित्य र यौवनको कुनै छाया छैन आखा हेर्नका निम्ति आँखा भएका छन् गोमाले होटल खोलेर बसेकी छे । सानो बालक अन्य अर्धेबैशे बाआमा छन । दुईजना केटाहरू बरम्बार आएर गोमालाई जिस्क्याउने तर गोमा भने प्रतिक्रियाविहिन उनलाई कुनै कुराले छोएको हुँदैन । गोमाकी आमाले यी दुवै जना केटाहरू उतैका मानिस हुन् यिनीहरूको घरमा बस्ने र मिटिङ गर्ने सुनेको छु सरकारी आए भने कुन दिन यहाँ भिडन्त परिन्छ भन्ने त्रास छ भन्छिन । 'म' पात्रलाई झन गोमाका बारेमा केही प्रश्न गर्न मन लाग्छ र तपाई माइती बसेको कति भयो ? श्रीमान कहाँ हुनुहुन्छ ? के गर्दै हुनुहुन्छ ? आदि प्रश्नहरू गोमालाई तेश्याउँछन्  र प्रश्नहरूले गोमाको अनुहारमा लज्जावती निराशा कुरा गर्न चाहेर पनि भन्न नपरे हुन्थ्यो भन्ने मानसिकतामा हुन्छिन् तर 'म' पात्रले भन्नोस भन्नोस भनेपछि जे सुनाइन् त्यो हद्‌यविदारक, पीडाको ठूलै पहाड र सङ्घर्ष जिउदो कथा थियो गोमा भन्दै गईन म पात्र सुन्दै गएँ । जीवनमा प्रेम विवाहको अर्थ नबुझेरै गृहस्थीमा हाम फालेको जसलाई शुरुमा अन्त्यन्त प्रेम गर्थे उसले एकाएक तासको महल भत्केर जाला भन्ने कल्पना सम्म नगरेको कुरा, घरमा प्रेमविवाह स्वीकार नगरेर घरका सदस्यले गरेको व्यवहार, मानसिक पीडा, घरबाट घिसारेर निकालि दिएपछि माइती घरमा आएर वुवाआमा सँग माफी मागी कहिल्यै पनि नजाने र अर्को विवाह पनि नगर्ने आत्म विश्वासका साथ होटल खोलेर बस्न पुगेको यर्थाथ सुनाइन् गोमाका दाजु अहिले क्रान्तिमा हिडेका छन् जुन दिन क्रान्ति सफल हुन्छ त्यही दिन आमा बाबुबाट आशीबाद लिन आउन्छु, शहिद भैहाले भने खबर आउला भनेर अन्त्यन्त कठिनमा हिडेको छ । दाजुले उसको परिवारलाई कारर्वाही गरिदिन्छु भनेको थियो तर उनीहरूको विचार राम्रो लाग्दछ तर उनीहरूले लिने वदलाको भावना कैले उचित ठानिन त्यसैले मैले जीवनप्रतिको दृष्टिकोण परिवर्तन गरे । उनी पढन् भोको रहेको मिहिनेती संङघर्षशील उनको रहस्य बुझेँ । यहाँ सम्मको घटनालाई कथानकको मध्यभाग मान्न सकिन्छ ।

प्रस्तुत कथाको अन्त्य भागमा रातको एघार बजे तिनै जना सुत्ने तरखरमा लाग्दा अचानक गाउँमा दोहोर भिडन्त भएबाट प्रारम्भ भएको छ । फायरिङ गोली हानाहान तिनै जना डल्लो परेर भगवानको नाम जपि विहान पाँच बजाउन तीनै जनालाई लाई पाँच बर्ष बराबर भएको हुन्छ । मानिसका लासहरू क्षतविक्षत कूरुक्षेत्रको लडाइ समाप्त भएपछिको सन्नाटा जस्तै मुर्दा शान्ति अवस्था हुन्छ । त्यहाँ ती घाइते मानिसहरू छटपटाइरहेका जिउँदै खाल्डोमा खनेर गाडिएका लासहरू देखेर संवेदना कता हरायो पतै पाइएन 'म' पात्रले गोमाका बा आमाको अनुहार हेरे गोमा एउटा गराको डिलमा मुठी भरी माटो लिएर बसेकी हुन्छिन् । हामीले आँशु झार्दै ती बाआमाका अनुहारमा हेर्न सकेनौ हामी भने धन्न ज्यान जोगाएर फर्क्यौं । 'म' पात्र भने गोमाको भविष्य कस्तो होला भन्ने अन्योलमा तर्कना गरिरहेको हुन्छ । यत्तिकैमा कथानक समाप्त भएको छ ।

## ४.२.२ पात्र/ चरित्र चित्रण

अभिशप्त समय कथाको मुख्य भुमिका 'म' पात्र नै केन्दीय चरित्र हो । अन्य पात्रहरूमा सन्दिप, ठकेदार ड्राइभर, गोमा, गोमाका वाआमा, लोग्ने, छोरा, मोती सिलवाल, गोमाको दाजु रहेका छन् । निम्न अनुसार प्रमुख पात्रहरूको चरित्रचित्रण गरिएको छ ।

**'म' पात्र**

'म' पात्र प्रस्तुत कथाको मुख्य भुमिका भएको केन्दीय चरित्र हो । कथामा आदि देखि अन्त्यसम्म नै उपस्थिती रहेको छ । प्रस्तुत कथामा 'म' पात्र स्वंयम सरकारी जागिरे भई प्राविधिकका रूपमा पुलको निर्माणस्थल जादाखेरिको त्यतिबेलाको सरकारीपक्ष र  विद्रोही पक्ष बीचको द्वन्द्वको अवस्थाका वारेमा चित्रण गर्न खोजिएको छ । लामो समयको द्वन्द्व, विस्थापित मनहरू दोहोरो चेपुवामा परेका मानिसहरू तिनका भोगाई र तिनका छटपटाहटहरू देखेर 'म' पात्रले आफ्नो कलम रोक्न नसकि द्वन्द्वको परिवेशमा द्वन्द्वकै कथाहरू लेखेका छन् ।

**गोमा**

गोमा यस कथाकी प्रमुख नारी पात्र हो । प्रस्तुत कथामा 'म' पात्रले गोमाका जीवनमा घटेका घटनाहरूको बडो मार्मिक तवरले प्रस्तुत गरेको पाइन्छ । सत्र अठार वर्षको कलिलो उमेर, मसिनो आवाज भएकी, काम गरेर जीविकोपार्जन गर्ने सरल सोझी अन्याय र अत्याचार शिकार भएकी श्रमिकको प्रधिनिधित्व गर्ने पात्र हुन् । उनले 'म' पात्रलाई आफ्नो जीवनमा घटेका घटनाहरूको यर्थाथपरक उत्तर दिएर सहयोग गरेकी छन् भने साञ्है मिहिनेती परिश्रमी र बदलाको भावना नलिने हत्या हिसांलाई कहिल्यै उचित नठान्ने विचारमा विश्वास गर्ने साहसी नारीका रूपमा उनको उपस्थिति देखिन्छ । घरका सदस्यले घर निकाला गर्दा समेत जीवनमा सङ्घर्ष गर्नुपर्छ भन्ने भावना बोकेकी शिक्षाको भोको रहेकी यस कथाकी गतिशील पात्र हो ।

**मित्र सन्दिप**

मित्र सन्दिप यस कथाको सहायक पात्र हो । ऊ पनि 'म' पात्रसँगै सरकारी प्राविधिकका रूपमा पुलका निर्माणस्थल गएको हुन्छ । प्रस्तुत कथामा 'म' पात्रको सहयोगीको भूमिका मात्रै छ । गतिहीन चरित्रका रूपमा कथामा उसको उपस्थिति छ ।

**ठेकेदार**

प्रस्तुत कथामा ठेकेदार पनि सहायक पात्र हो । 'म' पात्रलाई सरकारी प्राविधिकका रुपमा जाँदा सहयोग गर्ने र सरकारी र विद्रोही पक्षलाई मिलाउने भूमिकामा देखिएको छ । कथामा उसको भूमिका थोरै भएपनि महत्वपूर्ण रहेको  छ । ठेकेदार गतिशील चरित्र भएको पात्र हो ।

## ४.२.३ परिवेश

परिवेश भन्नाले कृतिमा वर्णित स्थान समय र वातावरणलाई जनाउँछ । प्रस्तुत कथामा तत्कालीन राजनैतिक द्वन्द्वको परिवेश देखिन्छ । सरकारी पक्ष र विद्रोही पक्ष बीचकोयुद्वमा सर्वसाधारण जनताले भोग्नु परेका पीडा वेदना मर्का मुत्यु र मानसिक छटपटाहटका वारेमा चित्रण गरिएको छ । इतिहासकै कठिन घडी सर्वसाधारणहरू कहानेर द्वन्द्वमा परिन्छ र ज्यान जान्छ भन्ने मानसिकतामा बाँचिरहेका छन् । समयका हिसावले एक दशकसम्म देशमा भएको युद्व देखिन्छ । स्थानका हिसावले त्रिशूली नदी, फुर्के खोला, मलेखु धादिङ सडकखण्ड, सल्यानटार जस्ता स्थानहरूको वर्णन गरिएको पाइन्छ ।

## ४.२.४ दृष्टिविन्दु

प्रस्तुत कथामा प्रथम पुरुष परिधीय दृष्टिविन्दुको प्रयोग गरिएको छ । कथाकार स्वयंम कथामा म पात्रका रुपमा उपस्थित भएर कथाका सम्पूर्ण घटना र पात्रका वारेमा वर्णन गरेकाले यहा प्रथम पुरुष परिधीय दृष्टिविन्दु देख्न सकिन्छ । तत्कालीन राजनीतिक द्वन्द्व सरकारी पक्ष र विद्रोही पक्षवीचको युद्वको समयमा आएका घटनाहरूलाई दृश्यात्मक रुपमा वर्णन गरिएको छ ।

## ४.२.५ उद्देश्य

प्रस्तुत कथामा युद्वले मान्छेको जीवनमा पार्ने प्रभाव कष्टकर जीवन डर त्रास मानसिक रुपमा विक्षिप्त हुनु भयको जीवन जीउन वाध्य  हुनुपर्ने वाध्यता लामो समयको द्वन्द्वबाट विस्थापित मनहरू दोहोरो चेपुवामा परेका मानिसहरू तिनका भोगाई र मानसिक छटपटाहटहरूलाई छलङ्ग पार्नु र सर्वसाधारण मानिसहरुले अनुभूत गरेका सन्त्रास र पीडालाई जुन उद्देश्यका निमित्त एक दशक सम्म देशमा युद्व भएको थियो, त्यो परिणाममुखी हुन नसकेकोमा नागरिकहरूमा छाएको निराशा एवंम द्वन्द्वमा भएका हत्या, हिसां र विनासका प्रसङ्गहरू र द्वन्द्वले नेपालीहरूका जीवनलाई आघात मात्र पारेको तथ्यलाई ब्यक्त गर्नु यस अभिशप्त समय कथाको उद्देश्य रहेको छ ।

## ४.२.६ भाषाशैली

प्रस्तुत द्वन्द्व कथामा सर्वसाधारण मानिसहरुले अनूभूत गरेका सन्त्रास र पीडालाई व्यक्त गरिएको छ । भाषाशैली सहज सरल र स्पष्ट नै देखिन्छ । कथाको घटना शृङ्खला र पात्रहरुको तादात्म्यता मिलेको छ । म पात्र मित्र सन्दिप, ठेकेदार र ड्राइभर पढेलेखेका ब्यक्ति भएकाबाट उनीहरूको संवादमा स्पष्ट नेपालीपन देखिन्छ भने गोमा नपढेकी पात्र भएकाले संवादमा ठेट स्थानियपन देखिन्छ । बिम्ब प्रतीकको प्रयोग संवादात्मक भाषाशैली रहेको छ । यसर्थ प्रस्तुत कथा सरल सहज मिठासपूर्ण स्वतःस्फूर्त र प्रवाहमय, भाषाशैलीमा प्रस्तुत गरिएको छ ।

## ४.२.७ सारवस्तु

प्रस्तुत कथामा कथाकार स्वंयम सरकारी कामको सिलसिलामा प्राविधिकको रूपमा जादा त्यतिबेलाको देशको अवस्था सरकारी र विद्राही पक्षबीचको द्वन्द्वको अवस्था त्यो द्धन्द्वको चपेटामा परेका

मानिसहरू तिनका भोगाई र मानसिक छटपटाहटलाई यर्थाथपरक रुपमा अन्याय र अत्याचार सहन बाध्य पार्नुका साथै द्वन्द्वले नेपालीहरूको जीवनलाई आघातमात्र पारेको तथ्य र द्वन्द्व सदाका लागी अन्त्य हुनुपर्ने यस कथाको सारवस्तु रहेको छ ।

### ४.२.८ निष्कर्ष

प्रस्तुत कथाको सैद्वान्तिक अध्ययन विश्लेषण गर्दा कथाकार घनश्याम शर्मा एक नवीन कथाकार आफूले भोगेका विभिन्न जीवन र अनुभवहरुलाई पात्र र कथावस्तुको स्वरूप दिएर उतार्ने कथाकारका रुपमा प्रसिद्व छन् । विगतको राजनैतिक द्वन्द्वले सिर्जना गरेका उतारचढाव, सार्वजनिक जीवनको प्रभाव समसामयिक विषयवस्तु, विषम परिस्थिति र विसङ्गत यर्थाथसगै भविष्यप्रतिको चेतना जगाउने अभिप्रायका साथ वर्तमान जीवनको दस्तावेजका रूपमा प्रस्तुत गरिएको छ । लामो समयबाट विस्थापित मनहरू, दाहोरो चेपुवामा परेका मानिस, तिनका भोगाई र मानसिक छटपटाहट द्वन्द्वको परिवेश भएको उत्कृष्ट समसामयिक आधुनिक कथा परम्परालाई सहयोग पुऱ्याउने सामाजिक यर्थाथवादी कथा हो । संवादात्मक शैली सरल, सरस अनि सशक्त ढङ्गले प्रयोग वर्णनात्मक शैली समेत गाँउले परिवेश रहेको उत्कृष्ट द्वन्द्व कथा हो ।

## ४.३ बर्दबहादुर कथाको विश्लेषण

बर्दबहादुर कथा **अभिशप्त समय** (२०६४) कथासङग्रहमा रहेको सामाजिक यथार्थवादी कथा हो । प्रस्तुत कथा अभिशप्त समय कथासङग्रह भित्र (१२-२१) पृष्ठमा संरचित छ । प्रस्तुत कथाको कथानक रैखिक ढाँचामा संरचित छ । यो कथा विधातत्वका आधारमा विश्लेषण गरिएको छ ।

### ४.३.१ कथानक

प्रस्तुत कथाको कथानक तिङराङको बर्दबहादुर सिमखर्कको मङ्गलेकी स्वास्नी साँहिलीसँग भेट भएपछि कथानक पारम्भ भएको छ । बर्दबहादुरले साँहिलीलाई मन पराउँछ र सिमखर्कको संसारीपूजाको मेलाबाट भगाएर ल्याउँछ । त्यो कुरा थाहा पाएपछि सिमखर्के चेपाङहरू तिङराङका गाउँमा आउँछन र मङ्गले बर्दवहादुरसँग अर्काकी स्वास्नी सित्तैमा लान पाइन्छ ? भनेर गर्जन्छ र बर्दबहादुर र मङ्गले बीच भनाभन हुन्छ र अन्त्यमा बर्दबहादुरले जारी तिर्छ र मङ्गलेले दुई सय रुपैया लिइ फर्कन्छ । मङ्गले पनि विवाह गर्छ उसका पनि छोराछोरी हुन्छन् । बर्दबहादुरको पनि जेठो छोरो बीस वर्ष भईसकेको हुन्छ बुधे उसको नाम  हुन्छ । चेपाङ बस्तीमा यस्ता नाम थुप्रै हुन्छन् । बुधे बाखा चराउन जान्थ्यो भने यता मङ्गलेकी छोरी अन्तरी पनि ठूली भइसकेकी हुन्छे र बाखा चराउने काम गर्छे  गण्डकी किनारको पौडी खेलाई, फिस्लिङ-मोवा खोला राजमार्गछेउको ओहोरदोहोर र प्रायः सँगै हुने निकटताले बुधे र अन्तरी प्रेमबन्धनमा बाँधिसकेका हुन्छन् र अन्तरी सँगको प्रेमप्रसङ्ग थाहा पाएपछि बर्दबहादुर छोरा बुधेसँग रिसाउछ तर बुधेले मान्दैन यसरी छोरो विचारमा दृढ भएपछि बर्दबहादुर र साहिलीले हार खान्छन् र अन्तरी बुहारी बनेर बर्दबहादुरको घरमा भित्रिन्छे । बर्दबहादुर र मङ्गले दुवै बूढा भइसकेका हुन्छन् र

मङ्ले बर्दबहादुरको घरमा गएर पुराना कुरा बिर्सन र अब सम्धीसम्धी भएका कुरा गर्छ । बर्दबहादुर पनि यसमा सहमत हुन्छ । यहाँ सम्मको घटनालाई कथानकको आदिभाग मान्न सकिन्छ ।

कथानकको मध्यभागमा मङ्ले बारम्बार जसो बर्दबहादुरकोमा गइरहने प्रसङ्गबाट प्रारम्भ भएको छ । बर्दबहादुर, मङ्ले र साहिली उमेरले बूढाबूढी भइसकेका हुन्छन् । मङ्लेले साँहिलीसग नजिकिएर गफ गर्न थाल्छ तर बर्दबहादुरले पुरानो कुरा गरेको होला भनेर चासो राख्दैन र अचानक साहिली बर्दबहादुरको घरबाट हराउँछ र पुःन मङ्लेसगै जान्छे  र बर्दबहादुरले यो कुरा थाहा पाएपछि सिमखर्कतिर लाग्छ र मङ्लेलाइ गाली बेइज्जत र सराप्छ । यसरी मङ्लेलाई गाली बेइज्जत गरी फर्केको दुइ दिनपछि जाबे बर्दबहादुरको गाँउमा आइ आफ्ना दिदीभिनाजुलाइ बेइज्जत किन गरेको र दिदीलाइ अन्याय गरेको दिदीले जो सँग चाहन्छ उसैसँग बस्न पाउने जिकिर गर्छ र बर्दबहादुरले नानाभाति गाली गर्छ । रिसको झोकमा जाबेले बर्दबहादुरलाई मुखमा थप्पड हान्छ र मुखबाट रगत बग्छ र जाबे भाग्छ । यहाँसम्मको घटनालाई कथानकको मध्यभाग मान्न सकिन्छ ।

कथानकको अन्त्य भाग बर्दबहादुर यसरी सार्वजनिक रूपमा बेइज्जत हुनु परेपछि विहानै गाउँबाट हिडे पछिको प्रसङ्गबाट प्रारम्भ भएको छ । बर्दबहादुर यताबाट जादै गर्दा उताबाट सुरक्षाफौजको गस्ती आइरहेको देख्छ जाबेलाई ठीक पार्ने उपाय सोच्छ र जङ्गली मान्छे देखाइदिन्छु त्यसले सुराकीको काम गर्छ भनेर जाबेलाइ देखाउँछ र सुरक्षाफौजले जाबेलाइ कुटपिट गर्छन् र क्याम्पमा ल्याएर यथार्थ कुरा बुझ्छन । बर्दबहादुरलाइ पनि बोलाइन्छ, रिस साध्नैका लागि जाबेलाई आरोप लगाएको कुरा थाहा पाएपछि सुरक्षाफौजले जाबेलाई छाडिदिन्छन् र बर्दबहादुरले आफूलाइ असुरक्षित ठान्छ र क्याम्प छोडन मान्दैन जाबेको डरले पुःन जाबेलाइ बोलाएर मेलमिलाप गराइन्छ र बर्दबहादुर मन नलागीनलागी घर फर्कन्छ । आफ्नै घर विरानो लागेको हुन्छ छोराले गाली गर्ला कि भनी डराइडराई ढोका ढकढकाउँछ निकैबेरसम्म पनि ढोका नखुलेपछि घरको बार्दलीमा सुत्छ र रात अन्धकार भइसकेको हुन्छ । बर्दबहादुरको भविष्य झनै अन्धकारमय हुन्छ र यत्तिकैमा यस कथाको कथानक समाप्त हुन्छ ।

## ४.३.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा कथाका घटनाक्रमसँग प्रत्यक्ष सम्बन्ध राख्ने पात्रहरू बर्दबहादुर, मङ्ले, साहिली जाबे, बुधे र अन्तरी देखिन्छन् । कथाको अन्य पात्रहरूमा सुरक्षाफौज, चेपाङ गाउँलेहरू गोठलाहरू देखिन्छन् । यहाँ प्रमुख पात्रहरूमा बर्दबहादुर, मङ्ले र साँहिली रहेका छन् भने सहायकपात्रहरूमा बुधे, अन्तरी र जाबे रहेका छन् ।

बर्दबहादुर

बर्दबहादुर यस कथाको  केन्द्रीय भूमिका भएको प्रमुख पात्र हो । कथाका सबै घटनाक्रम उसकै केन्द्रीयतामा घुमेका छन् । तिकराङ गाउको वडाध्यक्ष भएको एक जमानामा गाउँलेहरूलाइ थर्कमान गरेर निर्णय गराउन सक्ने, मुरली बजाएर केटीहरूलाई मख्ख पार्न सक्ने सम्मको खुबी भएको मङ्लेकी

स्वास्नीलाई भगाएर विहे गरेको, जाबेसँग रिस साध्न सुरक्षाफौज लगाएको घटनाक्रमहरूमा प्रारम्भदेखि अन्त्यसम्म बर्दबहादुरको उपस्थिति देखिन्छ । बर्दबहादुर कथाको मुख पात्र हो किन कि कथाकारले आफ्नो विचार बर्दबहादुरका माध्यमबाट प्रस्तुत गरेका छन् । यस कथामा बर्दबहादुर सामन्ती सोच भएको सत्ता पाएपछि निम्न वर्गलाई थिचोमिचो गर्ने पात्रका रूपमा चित्रित छ ।

साहिली

साहिली यस कथाकी प्रमुख नारी पात्र हो । कथामा ऊ मङ्गलेकी स्वास्नी र पछि बर्दबहादुरसँग पोइल गएकी र पछि पुःन मङ्गलेकी स्वास्नी भएकी कथामा शुरुदेखि अन्त्यसम्म उपस्थिति रहेको छ ।

मङ्गले

मङ्गले यस कथाको प्रमुख पात्र हो । मङ्गले यस कथामा साहिलीको लोग्नेका रुपमा उपस्थित छ । आफ्नी स्वास्नी पोइल जादा गर्जिने, जारी बुझ्ने र अन्त्यमा पोइल गइसकेकी स्वास्नीलाई पुःन ल्याएर आउने परिस्थिति अनुरूप आफ्नो व्यवहार परिवर्तन गर्न सक्ने गतिशील चरित्र हो ।

जाबे

यस कथाको सहायक पात्र हो । साहिलीको भाइ र मङ्गलेको सालाका रुपमा भूमिका खेलेको र प्रतिकार गर्न सक्ने थिचोमिचो सहन नसक्ने विद्रोही चरित्रका रूपमा चित्रिण छ । अन्य पात्रहरूमा बुधे अन्तरी रहेका छन् ।

### ४.३.३ परिवेश

परिवेश भन्नाले कथामा वर्णन गरिएको स्थान समय र वातावरणलाई बुझाउँछ । यो कथा पञ्चायती व्यवस्थातिरको समय अथाह गरीबीको भूमरीमा परेका चेपाङ समुदाय सामाजिक समस्या गरीबी र वहुविवाह गर्ने चलनको चित्रण गरिएको छ । तिकराङ गाउ, सिमखर्क, गण्डकी नदी, मोवाखोला, मझिमटार, फजिमटार आदि स्थानहरु रहेका छन् ।

### ४.३.४ दृष्टिविन्दु

प्रस्तुत कथामा कथाकार कथाबाट अलग्गै रहेर कथाका सम्पूर्ण घटना र पात्रका वारेमा वर्णन भएकाले यहाँ तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

### ४.३.५ उद्देश्य

प्रस्तुत कथामा कथाकार घनश्याम शर्माले चेपाङ समुदायको सामाजिक, आर्थिक समस्या एंवम वेरोजगारी अशिक्षाको चित्रण प्रस्तुत गर्नु नै मुख्य उद्देश्य रहेको छ । गरीबीको भूमरीमा बाँच्न विवश चेपाङहरुको फेरिहस्त प्रस्तुत गर्नु पनि यस कथाको उद्देश्य रहेको छ ।

### ४.३.६ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सरल सहज, र सरस रहेको छ । सोझा, नपढेका पात्रहरु भएकाले उनीहरुले प्रयोग गर्ने भाषामा स्थानियपन पाइन्छ । संवादात्मकशैली उखानटुक्काको प्रयोग समेत पाइन्छ ।

### ४.३.७ सारवस्तु

प्रस्तुत कथाको सारवस्तु भनेको निम्न आर्थिक अवस्था भएका चेपाङ समुदायको सामाजिक समस्याहरुको समाधान खोज्नु नै यस कथाको सारवस्तु रहेको छ । चेपाङहरुको जनजीवन माथि उकास्न लाग्नु पर्दछ भन्ने सन्देश दिनु पनि यस कथाको सारवस्तु रहेको छ ।

## ४.४ मोबाइल कथाको विश्लेषण

मोबाइल शीर्षकको कथा **अभिशप्त समय** कथासङ्ग्रह २०६४ मा सङ्ग्रहीत सामाजिक यथार्थवादी कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** कथासङ्ग्रह भित्र (२२- २९) पृष्ठमा विस्तारित छ । यस कथाको कथानक रैखिक ढाँचाको शृङ्खलामा संरचित छ । कथातत्वका आधारमा विश्लेषण गरिएको छ ।

### ४.४. १ कथानक

प्रस्तुत कथाको कथानक 'म' पात्रको मोवाइलमा प्रश्नकर्ताको घण्टी बजेर तिमी कहा छयौ ? भन्ने प्रश्नबाट प्रारम्भ भएको छ । म कोठामै छु 'म' पात्रको जवाफ हुन्छ । 'म' पात्रको मृद हासो र शिष्ट शालीन जवाफले प्रश्नकर्ता उत्तेजित हुन्छ । मिठो र कलात्मक बोलेर विशेष गरी लोग्ने मानिसलाइ कसरी वशमा राख्न सकिन्छ भन्ने कुरामा 'म' पात्र आफुलाइ पोख्त ठान्छे । मोबाइलले 'म' पात्रको जीवनलाई नयाँ मोड दिएको छ । यो प्रविधिको विकासले गर्दा त्यो मोबाइल गर्ने मानिस अझै लाइनमा हुन्छ र आज फुर्सद छैन र ? यो द्रोसो प्रश्नले उसलाई ठम्याइसकेकी हुन्छिन् । आफुलाइ चाहेको बखत आफ्नै इच्छाले बाँच्न सक्ने भएको भए यसरी भुमरीमा फस्ने थिइन र पक्कै त्यो त्यही दलाली जस्ले जीवनको दलाली गर्छ । सरकारी वैतनिक कर्मचारी हो जीवन र समयलाई पैसासँग साटेको छ । सरकारले उसलाइ यति थोरै पैसा दिन्छ कि आफ्नो सामान्य गृहस्थी चलाउन अक्षम छ अनि सरकारका ठुलाबडा मानिसहरूका पुऱ्याउँछ र ठुलाबडाहरूलाइ हातमा लिन्छ र माथिकालाई पोस्ने र तलकालाई चुस्ने व्यवहार गर्छ । शुक्रबारको दिन एकजना विशिष्ट मान्छेसँग जानुपर्ने लाइनमै कुरा हुन्छ र एकजना भद्र अर्धवैशे देखिने मानिससँग बालाजु बाइबासको चोकबाट कलंकी थानकोट हुँदै धादिङ, मलेखु, वेनीघाट, विशालटार, मझिमटार र गण्डकीको किनारमा पुगेर गाडी रोकिन्छ । 'म' पात्रको सर्म्पक सूत्र ऊ पहिल्यैदेखि त्यही हुन्छ । 'म' पात्रले अर्को एक दिनलाई श्रद्वान्जली दिन्छिन र त्यो भद्र मानिसले आफू मन्त्री पनि भएको छोरो अमेरिका गएको धेरै पैसा कमाएको व्यापार बिजनेश गरेको आफ्नी श्रीमती हप्तामा पाँच दिन उपहास बस्ने कुराको सम्पूर्ण कुरा ओकल्छ । 'म' पात्रले

उसको विचारलाइ पनि नङग्याइन् 'म' पात्रका वरिपरि भोग गर्नेहरू यस्तै प्रतिष्ठित समाजका मानिसहरूसँग निश्चित रकममा ठूलठूला नेताहरू, राज्यका वरिष्ठ कर्मचारी, पैसावाल, ठेकेदार र प्रहरी र सेनाका उपल्ला मान्छे हुन्थ्ये ती हेर्दा जति शालीन र शिष्ट देखिन्छन् यथार्थमा अन्त्यन्त भद्दा र कुरुप हुन्छन् । 'म' पात्रलाई भेटने नै चाहना भए मोबाइल गर्नु होला हामी तपाइकै वरिपरि हुनेछौ । यत्तिकैमा यस कथाको कथानक समाप्त भएको छ ।

## ४.४.२ पात्र /चरित्रचित्रण

प्रस्तुत मोबाइल कथाको प्रमुख भूमिकामा 'म' पात्र 'ऊ' पात्र र भद्र मानिस रहेका छन् । यस कथाका प्रमुख पात्रको मात्रै चरित्रचित्रण गरिएको छ ।

'म' पात्र

प्रस्तुत कथामा मुख्य भुमिकामा 'म' पात्र रहेकी छिन् । कथामा आदिदेखि अन्त्यसम्म नै उनको उपस्थिति रहेको छ । 'म' पात्रका माध्यमबाट ठुलाबडा भनाउदा मानिसहरूको यथार्थ स्वरूप र देखाउटी स्वरूपको भण्डाफोर गर्न पनि महत्वपूर्ण रहेको छ ।

'ऊ' पात्र

प्रस्तुत कथामा 'ऊ' पात्र पनि मुख्य भुमिका भएको पात्र हो । ऊ सरकारी वैतनिक कर्मचारी हो र उसले दलाली गर्छ र उच्च ओहदाका ब्यक्तिलाइ पोस्ने र निम्न तहका कर्मचारीलाई चुस्ने खलपात्रका रूपमा समेत देखिन्छ ।

अर्धवैशे मानिस

प्रस्तुत कथामा अर्धवैशे मानिस सहायक पात्रका भुमिकामा रहेको छ । पूर्व मन्त्री समेत भई धेरै पैसा कमाएको र नारीहरूलाई गलत बाटोमा हिडाउन प्रोत्साहन गर्ने र परस्त्रीगमन पात्रको भुमिकामा रहेको छ । अन्य पात्रमा ड्राइभर रहेको छ ।

## ४.४.३ परिवेश

यस कथामा परिवेशलाइ जनाउने केही स्थान समय र वातावरणलाइ सूचक तथ्यहरु स्पष्ट रूपमा आएका छन् । सहरिया परिवेश काठमाडौ, बालाजु, कलकी, थानकोट, नागढुंगा, नौबिसे, वैरेनी, गजुरी, मलेखु, वेनीघाट, मझिमटार र गण्डकीकिनार सम्मको स्थान रहेको छ । सरकारका ठूलाबडा उच्च पदस्थ कर्मचारीहरूको देखाउटी स्वरुप र यथार्थ स्वरुपको वातावरण रहेको पाइन्छ ।

## ४.४.४ दृष्टिविन्दु

प्रस्तुत कथामा कथाकारले सम्पूर्ण घटना र यात्राको वर्णन आफू कथा वाहिरै रहेर कथाको सम्पूर्ण भूमिका म पात्रका माध्यमबाट प्रस्तुत भएकाले यहाँ प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.४.५ उद्देश्य

प्रस्तुत कथामा ठुलाबडा भनाउदा मानिसहरूले गर्ने विकृति विसङ्गति र उनीहरूको वास्तविक अनुहारको यथार्थ स्वरुप प्रस्तुत गर्नु यस कथाको मुख्य उद्देश्य रहेको छ । कर्मचारी वर्गले उच्च हाकिमहरूलाई आफ्नो वशमा पारेर तल्ला तहका कर्मचारीहरूलाई चुस्ने व्यवहारको समेत भण्डाफोर गर्नु समेत यस कथाको उद्देश्य रहेको छ ।

### ४.४.६ भाषाशैली

प्रस्तुत कथामा सरल सहज र स्वभाविक भाषाशैलीको प्रयोग भएको पाइन्छ । संवादात्मक एवं दृश्यात्मक वर्णन गरिएको पाइन्छ ।

### ४.४.७ सारवस्तु

प्रस्तुत कथाको सारवस्तु भनेको सामाजिक आडम्बर सरकारी ओहदामा बसेका व्यक्तिहरूले ठुलालाइ पोस्ने र निम्न तहकालाई चुस्ने प्रवृति र धन पैसाको बलमा अर्काकी छोरी चेलीलाइ गलत बाटोमा हिडन प्रोत्साहित गर्ने ठुलाबडाहरूको यथार्थ स्वरूपको भण्डाफोर गर्न खोजिएको छ । चरम प्रविधिको विकासले पुऱ्याउने फाइदा एवं बेफाइदाको स्वरुप पनि प्रस्तुत गरिएको छ ।

## ४.५ आँसु आँसु कथाको विश्लेषण

आँसु आँसु कथा **अभिशप्त समय** २०६४ कथा सङ्ग्रहमा रहेको यथार्थवादी कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** (३०- ३९) पृष्ठमा विस्तारित छ । यस कथाको कथानक रैखिकको शृङ्खलामा संरचित छ ।

### ४.५.१ कथानक

प्रस्तुत कथाको कथानक विवेक थापा काठमाडौ चावहिलमा डेरा खोज्दै एकजना सम्भ्रान्त महिलाको घरमा पुगेपछिको शृङ्खलाबाट प्रारम्भ भएको छ । काठमाडौमा आम विद्यार्थीले भोग्नुपर्ने समस्या घरैपिच्छे दिइरहनु पर्ने अन्तवार्ताका बीच विवेक थापा त्यहाँ पुगेको हुन्छ । घरायसी आर्थिक समस्या कमजोर हुन्छ । चावहिलमा जोली पाण्डेको घरमा डेरा पाँउछ । जोली पाण्डे क्याम्ब्रिज गरेकी जीवनमा ठूलो मान्छे बन्ने सपना लिएकी उनको बुबाले एकदिन दरबारमा हुने भोजमा लिएर जान्छन् । बुबाले एकजना आकर्षक पुरुषसँग परिचय गराएपछि उनको दुर्दशाको दिन शुरु हुन्छ । पर्सिपल्ट दरबारबाट वोलाहट हुन्छ । संसारमा आपनो बाबु आमा भन्दा हितैसी को हुन्छ कुनै आशंका नर्गन

भनेपछि उनी जान्छिन् र जे आशंका थियो अनन्तः त्यही हुन्छ । उनका इच्छा चाहना भावनाहरु बलात्कृत हत्या हुन्छ र जीवनले नयाँ मोड लिन्छ । सम्पन्न र घराना वाहेक बोल्न सर्म्पक गर्न मन नलाग्ने जतापनि स्वतन्त्र जीवनको उन्मुक्ति रात्रि जीवनको स्वाद लिने बानी पर्छ । उनको चार महिनाको पेटमा बच्चा समेत हुन्छ । सम्बन्धितलाइ सुनाएपछि चावहिलमा घर गाडी किनिदिन्छ र राणाजीहरूको हरेक महलभित्र छिर्न स्वतन्त्रता हुन्छ । यी सबै कुरा विवेक थापालाई जोली पाण्डेले सुनाउँन्छिन् र विवेक थापालाई समेत जोली पाण्डेले आफ्नो जीवन वृतमा हिडाउन थाल्छिन् । अन्ततः विवेक थापा आफ्नी श्रीमती छोरीलाई बोलाएर डेरा सर्छ र अब आइन्दा जोलीलाई नभेटने कसम खान्छ । यत्तिकैमा कथानक अन्त्य हुन्छ ।

## ४.५.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा मुख्य भुमिकामा जोली पाण्डे र विवेक थापा रहेका छन् । अन्य पात्रहरुमा जोली पाण्डेका बा आमा छोरी सुन्तली, विवेक थापाकी श्रीमती, छोरी, नोकर र एकजना पुरुष गौण पात्रका रुपमा रहेका पाइन्छन् । यस कथाका प्रमुख पात्रहरुको चरित्रचित्रण मात्र गरिएको छ ।

विवेक थापा

प्रस्तुत कथामा विवेक थापा केन्द्रिय भूमिका भएको प्रमुख पात्र हो । ऊ आफ्नो जीवनलाई अघि बढाउने क्रममा डेराको खोजीमा हिडेको सडघर्षशील निम्नस्तरीय गरीब किसानहरुको प्रतिनिधि पात्रका रुपमा उपस्थित छ । आम विद्यार्थी निम्नस्तरीय आर्थिक समस्याले पिरोलिएको काठमाडौमा अध्ययन सिध्याई जागिर खाइ घर व्यवहार हेर्ने सोच भएको गतिशील चरित्र भएको पात्र हो ।

जोली पाण्डे

प्रस्तुत कथामा जोली पाण्डे केन्द्रिय भूमिका भएकी प्रमुख नारी पात्र हो । प्रस्तुत कथाकी नायिका सामन्त दरबारियाहरुको शोषणमा परि जीवन लथालिङ्ग हुन पुगेकी छे । जीवनमा ठूलो मान्छे बन्ने सपना चकनाचूर भई आँसु आँसु भएर बाँच्न बाध्य पारिएकी नारी हो । गतिशील नारी पात्र हो ।

## ४.५.३ परिवेश

यस कथामा दरबारिया राणशासन व्यवस्थातिरको सामाजिक अवस्थाको चित्रण गरिएको छ । सहरिया परिवेश काठमाण्डौं, चावहिल र दार्जिलिङ स्थानहरु रहेका छन् । दरबारिया शोषक सामन्तहरुले जोली पाण्डेजस्ताको जीवनलाई पारेको बर्वादी एवं शोषणबाट भोग्नुपर्ने कष्टकर जीवन यस कथाको वातावरण रहेको छ ।

## ४.५.४ दृष्टिविन्दु

प्रस्तुत कथामा कथाकारले कथाको सम्पूर्ण घटना पात्रको वर्णन आफू कथा वाहिरै रहेर गरेकाले यहाँ तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.५.५ उद्देश्य

प्रस्तुत कथामा राणा दरबारियाहरुले गर्ने शोषण दमन अन्याय अत्याचार बाट निम्नस्तरका ब्यक्तिहरुले भोग्नुपर्ने पीडा मानसिक छटपटी पीडालाई चित्रण गर्नु नै यस कथाको उद्देश्य रहेको पाइन्छ । गरीब निम्न स्तरका ब्यक्तिहरुले शहरमा भोग्नुपर्ने कठिनाई जीवन प्रस्तुत गर्नु पनि यस कथाको उद्देश्य रहेको छ ।

### ४.५.६ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सरल, सहज र स्वभाविक भाषिक विन्यास गरि प्रस्तुत छ । संवादात्मक शैली, उखान टुक्काको प्रयोग र भाषा स्पष्ट बुझिने खालको रहेको छ ।

### ४.५.७ सारवस्तु

प्रस्तुत कथाको सारवस्तु भनेको शोषक सामन्त वर्गले निम्न स्तरका ब्यक्तिमाथि गर्ने अन्याय अत्याचार शोषण एवं सोझासाझा जनताले भोग्नुपरेका पीडालाइ अति मार्मिक पाराले देखाउनु र यस्ता सामन्तीहरुको समूल अन्त्य गर्नुपर्छ भन्ने सारवस्तु रहेको छ । निम्न स्तरका मान्छेहरूले शहरमा पाउने दुःख कष्टको अन्त्य हुनुपर्दछ भन्ने सारवस्तु रहेको छ ।

## ४.६ च्याम्पे कथाको विश्लेषण

च्याम्पे कथा **अभिशप्त समय** कथासङ्ग्रहमा रहेको सामाजिक यथार्थवादी कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** कथासङग्रहमा (४० -४५) पृष्ठमा विस्तारित छ । प्रस्तुत कथाको कथानक रैखिक ढाँचाको शृङ्खलामा संरचित छ ।

### ४.६.१ कथानक

प्रस्तुत कथाको कथानक च्याम्पेलाई प्रश्नकर्ताले तिमी किन यसरी रक्सी पिउँछौ ? भन्ने प्रश्नबाट प्रारम्भ भएको छ । च्याम्पे आर्थिक समस्याबाट ग्रस्त, दाउरा बेचेर विहान वेलुकीको छाक टार्ने गर्छ । च्याम्पले रक्सीलाइ मात्रै अचूक सम्पत्ति जसले दुःखको भवसागरबाट पार लगाएर सुःख र समृद्धिको संसारमा विचरण गराउँछ । च्याम्पेले रक्सी पिउनु देशको व्यथा बिर्सन र आफूले दाउरा बेचेर रक्सी खानुपर्ने अवस्था सिर्जना गर्ने को ? देश रोएको बेला तपाइहरुको आँसु किन झर्दैन ? च्याम्पे आफ्नो व्यथा यसरी पोख्छ । उसका दाउराका भारीले किचिएर हड्डीहरू खिइएका हुन्छन् । च्याम्पेको एउटा छोरो जङ्गल पसेको र एउटा छोरो गाँउमा राम्ररी बस्न समेत नपाइने र बेरोजगारी समस्याले गर्दा विदेश गएर श्रम बेचेर दुई छाक खान सक्ने त्यो पूरा गर्न खेतबारी बन्धक राखेर पैसा दिने निश्चय गरेर विदेश गएको हुन्छ । छोरीहरूमा एउटी छोरीको विहे गरेको ज्वाई दोहोरो भिडन्तमा परेको हुन्छ । अहिले छोरीले सडकमा मकै पोलेर बसेकी हुन्छे भने कान्छी छोरी काठमाण्डौमा काम गर्न भनेर गएकीमा ऊ मात्रै फर्किन उसँगै दुःखका भारीहरु पनि लास लागेर फर्किन् । उसको अस्मिता मात्रै

फर्केन, उसको बाँकी सबै कुरा फर्क्यो । अहिले घरमा काम लगाइदिन्छु लगेर गएको महिनाको पाँचसय दिने भनेर घरमा काम गर्दिनन रे अन्तै जागिर भेट्टाइन र बेलाबेला पैसा पठाई दिन्छे । च्याम्पे धेरै मात्तिसकेको हुन्छ । ऊ लखराउदै घरको बाटो समात्छ र कथानकको अन्त्य हुन्छ ।

### ४.६.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा प्रमुख भूमिकामा च्याम्पे र अन्य पात्रहरूमा कान्छी थपिनी, दिपाकी आमा, च्याम्पेका छोरा छोरी प्रश्नकर्ता रहेका छन् । यहाँ प्रमुख पात्रको मात्रै चरित्रचित्रण गरिएको छ ।

च्याम्पे

च्याम्पे प्रस्तुत कथामा केन्द्रीय भूमिका भएको प्रमुख पात्र हो । कथामा आदिदेखि अन्त्य सम्म नै उसको उपस्थिति रहेको छ । ऊ निम्न स्तरीय गरीब किसानहरुको प्रतिनिधि पात्रका रुपमा उपस्थित छ । च्याम्पे यस कथामा गरीब दाउरा बेचेर जीविकोपार्जन गर्ने रक्सीलाई औषधी ठान्ने दुइ छाक खान मुश्किल गरीब प्रतिनिधि पात्रका रुपमा उपस्थित छ । कथाको शुरुदेखि अन्त्यसम्म उसको व्यवहारमा कुनै परिवर्तन नआएकाले ऊ गतिहीन चरित्र भएको पात्र हो ।

### ४.६.३ परिवेश

प्रस्तुत कथामा गाँउले परिवेश द्वन्द्वको समय र द्वन्द्वको मारमा परेर निम्न स्तरका नेपालीले भोग्नु परेको समस्या र गरीबी र बेरोजगारी समस्याले गर्दा बिदेशिनु पर्ने युवायुवतीको समस्याको वातावरण पाइन्छ ।

### ४.६.४ दृष्टिविन्दु

प्रस्तुत कथामा कथाकारले सम्पूर्ण घटना र पात्रको वर्णन आफू कथा वाहिरै रहेर एउटै मात्र पात्रको माध्यमबाट वर्णन गरेकाले तृतीय पुरुष सीमित दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.६.५ उद्देश्य

प्रस्तुत कथाको मुख्य उद्देश्य च्याम्पेका माध्यमबाट गरीब गाँउलेहरूको अवस्थाको चित्रण गर्नु रहेको छ । युद्धको मारमा परेका सोझासाझा गाँउले नेपालीहरूले भोग्नुपरेको पीडा एवं निम्न स्तरीय दुइ छाक खान धौ धौ आर्थिक अवस्था कमजोर भएका किसानहरूको जीवन भोगाइ र गरीबीको मारबाट विदेशिने युवायुवतीको कष्टकर जीवनलाई देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

### ४.६.६ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सरल, सहज र स्वभाविक भाषिक विन्यासमा प्रस्तुत गरिएको छ । सरल वाक्यको प्रयोग स्थानिय भाषाको प्रयोग संवादात्मक भाषाशैली पाइन्छ । समग्रमा भाषाशैली सरल स्वतः स्फूर्त र प्रवाहमय रहेको छ ।

#### ४.६.७ सारवस्तु

प्रस्तुत कथामा निम्न स्तरीय गरीब जनताले भोग्नुपर्ने समस्या एवं युद्धको मारमा परेर बिदेशिन वाध्य युवायुवतीहरुको कष्टकर जीवन, गरीबी र बेरोजगारी समस्याको अन्त्य हुनुपर्दछ भन्ने कुरा देखाउनु नै यस कथाको सारवस्तु रहेको छ ।

### ४.७ मौनता कथाको विश्लेषण

मौनता कथा **अभिशप्त समय** कथासङ्ग्रह २०६४ मा रहेको सामाजिक समस्याको यथार्थ प्रस्तुति रहेको कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** कथा सङ्ग्रहमा (४६-५३) पृष्ठमा विस्तारित छ ।

#### ४.७.१ कथानक

प्रस्तुत कथाको कथानक रैखिक शृङ्खलामा संरचित छ । प्रस्तुत कथाको कथानक मौनताले कालीगण्डकीमा बिदेशी पर्यटकलाई घुमाउने र ऱ्याफ्टिङमा गाइड गर्ने नेपाली केटा दिपुसँगको परिचयबाट प्रारम्भ भएको छ । उनीहरूको आवतजावत बढेपछि बिहे हुन्छ र मौनताको जीवनले नयाँ मोड लिन्छ । उसले अल्लारे उमेरमै विहे गर्न पुग्छे । बिहे पछि पोखरामा पसल खोलेर बस्छन बिहेको चौथो वर्ष पुग्छ । मौनताको खुशीको सीमा नै हुदैन उनको महिनावारी रोकिन्छ । सन्तान जन्माउन असमर्थ मान्छे बाबु बन्ने खबर कतिको हर्षपूर्ण होला कल्पनाले दङ्ग पर्छे । साँझ दिपु आएपछि सुखद समाचार सुनाउँछे । तर दिपुले त बच्चा जन्माउन हतार गर्नुहुदैन डाक्टरकोमा गएर बच्चा फालिदिउँ भन्छ । त्यसपछि मौनताले अन्धकारबाहेक केही देख्दिनन् । बच्चा जन्माउने अठोट लिन्छिन् । दिपु उद्देश्यबाट बेखबेर मौनताले केही बुझ्न सक्दिनन् । दिपु त अर्के गुरुङसिनी पो लागेको हुन्छ । दिपुले मौनतालाई घरमा ल्याएर छोडेर जान्छ र ऊ आफू पोखरा फर्कन्छ । जीवन सोचेजति सरल छैन सासूससूराको हप्कीदप्की छोराले हेला गरेको समाजमा उसको के स्थान हुने उसको परिवार गरीब हातमुख जोर्न धौ धौ हुने परिवारमा ऊ एउटा थप सङ्कटका रुपमा उपस्थित भएकी हुन्छे । उसले त्यही छाप्रोमा भविष्यको आशा बोकेर जेनतेन यही छाप्रोमा बच्चा जन्माउँछिन र छोरोलाई जसरी पाल्ने प्रण गर्दै यो समाज र यहाँका मानिसहरूसित सङ्घर्ष गरेरै बाँच्ने अठोट गर्छिन् उसको जीवनको एउटा ठूलो अध्याय गुज्रिसकेको छ । तर अहिलेसम्म नाता प्रमाणित छैन अहिलेसम्म विवाह दर्ता छैन उसको बच्चाको जन्मदर्ता छैन आमाको नाताले भविष्यमा उसको छोरो यो राष्ट्रको नागरिक बन्ने सपना छैन । अनिश्चित र अन्योल भविष्य यो उसको भावी जीवनको उपसंहार कहाँ र कहिले हुनेछ सम्भवतः कसैलाई थाहा छैन होला । यत्तिकैमा कथानक समाप्त भएको छ ।

#### ४.७.२ पात्र/चरित्रचित्रण

मौनता कथामा प्रमुख भूमिकामा मौनता र दिपु पात्रहरू रहेका छन् । अन्य गौण पात्रहरूमा मौनताका बा आमा, सासू ससूरा, छोरो, गुरुङसिनी आदि पात्रहरू रहेका छन् । यहाँ प्रमुख पात्रहरूको मात्रै चरित्रचित्रण गरिएको छ ।

मौनता

मौनता यस कथाकी प्रमुख भूमिका भएकी केन्द्रिय नारी पात्र हो । कथामा आदि देखि अन्त्य सम्म नै उनको उपस्थिति रहेको छ । चञ्चले साहसी निडर गरीव परिवारमा जन्म भएकी अल्लारे उमेरमै बिहे गरकी सामाजिक समस्याको पीडा व्यथित गर्न पुगेकी र आफ्नो जीवन अन्योल र अनिश्चितमा धकेलिदा समेत घरजम गरेर बस्ने सङ्घर्षशील नारीका रुपमा उनको उपस्थिति रहेको छ ।

दिपु

दिपु यस कथाको पुरुष प्रमुख पात्र हो । यस कथामा आदि देखि अन्त्यसम्म नै उसको उपस्थिति रहेको छ । गरीब मिहिनेती तर प्रेममा धोका दिने स्वार्थी पुरुष पात्रका रुपमा उसको भूमिका रहेको पाइन्छ । यसरी प्रेममा धोका दिएर महिलाको जिन्दगी बर्बाद पार्ने पात्रका रूपमा उसको उपस्थिति रहेको पाइन्छ ।

### ४.७.३ परिवेश

प्रस्तुत कथामा गाउँले र सहरिया परिवेश रहेको छ । स्थानमा स्याङजा र पर्वतको सिमाना, काली गण्डककीको फाँट, बूढी गण्डकीको किनार र पोखरा सम्म रहेका छन् । प्रेममा हुने धोकाले मान्छेको जीवनमा पार्ने अन्धकार भविष्यको यस कथामा वातावरण रहेको पाइन्छ ।

### ४.७.४ दृष्टिविन्दु

प्रस्तुत कथामा कथाकारले सम्पूर्ण घटना र पात्रको वर्णन आफू कथा वाहिर नै रहेर गरेकाले तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ४.७.५ उद्देश्य

प्रस्तुत कथामा गरीब गाँउले निम्न स्तरका अशिक्षित महिलाहरूले भोग्नुपर्ने सामाजिक समस्याहरूलाई देखाउनु र प्रेममा धोका खाएपछि जीवन अन्धकार भविष्य तर्फ जाने कुराको प्रस्तुति नै यस कथाको उद्देश्य रहेको छ ।

### ४.७.६ भाषाशैली

प्रस्तुत कथामा कथाकारले सरल, सहज र स्वभाविक भाषिक विन्यास गरी प्रस्तुत गरेका छन् । पूर्ण वाक्यको प्रयोग भएको पाइन्छ । संवादात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.७.७ सारवस्तु

प्रस्तुत कथामा निम्न स्तरका अशिक्षित महिलाहरूले भोग्नुपर्ने आर्थिक पारिवारिक सामाजिक समस्याहरूको अन्त्य हुनुपर्दछ र महिलाहरूको अन्धकार भविष्य पार्ने पुरुषहरूलाई कार्वाही हुनुपर्ने भन्ने सन्देश नै यस कथाको सारवस्तु हो ।

## ४.८. मृत्युको खबर कथाको विश्लेषण

मृत्युको खबर कथा **अभिशप्त समय** २०६४ कथासङ्ग्रहमा रहेको द्वन्द्व कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** कथासङ्ग्रहमा (५४-५८) पृष्ठमा विस्तारित छ । यो कथा सर्वप्रथम नेपाल पत्रिकामा पुष २०६० मा प्रकाशित भएको पाइन्छ । प्रस्तुत कथाको कथानक रैखिक ढाँचाको शृङ्खलामा संरचित छ ।

### ४.८.१ कथानक

प्रस्तुत कथाको कथानक भाइ काठमाडौंमा बस्छ । दाजुले गाँउबाट भतिजो लिएर काठमाण्डौ आँउछन । गाँउमा बस्ने स्थिति हुँदैन युवाहरू कोही जङ्गल त कोही बिदेश गएका छन् । दाजुले भाइलाई पन्ध्र बर्ष गामको स्कूलमा मास्टरी गरियो अब पाँच बर्ष पेन्सन पाक्न बाँकी छ अब कहाँ जाने लालाबाला च्यापेर भन्छ । यता भाइको खरिदारको जागिर तलबले महिना दिन बिताउन गाह्रे स्वास्नीको किचकिच स्वास्नी विरामी भइरहने समस्या हुन्छ । दाजुले भतिजोलाइ पढाइदिन्थ्यौ कि भनेर आएको आफ्नो प्रमुख उद्देश्य बताउँछन् । श्रीमतीले राताराता आँखा बनाँउछिन भाइ केही बोल्न सक्दैन र दाजुले खर्च पठाइदिन्छु भन्छन र दाजु घर फर्कन्छन् । श्रीमतीले भतिजोलाई देखि सक्दिनन् केटाकेटीले समेत एक्लो पार्छन । घरमा कुनै न कुरामा झगडा भइरहन्छ । सरकारी तलबले घरखर्च चल्दैन तलब आउन सात दिन अघि नै खानेकुरा सकिन्छ । सिकी बेचेर गुजारा चलाउँछन । उनीहरूसँग सम्पत्तिको नाममा केही हुँदैन । दिउसो अफिसमा फोन आउँछ । दाजुको विद्यालयमा दोहोरो भिडन्तमा ज्यान जान्छ र दाजुलाई सम्झन्छन । यो दुर्दान्त घटना भतिजोलाइ कसरी सुनाउने ? नसुनाउ कि के गरुँ दोधारमा परिरहेको हुन्छ । यत्तिकैमा कथानक समाप्त हुन्छ ।

### ४.८.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा भाइ, दाजु, भतिजो, श्रीमती, छोराछोरी र हाकिम पात्रहरू रहेका छन् । यस कथामा मुख्यतः भाइ र दाजु नै मुख्य भूमिका भएका पात्र हुन ।

भाइ

भाइ प्रस्तुत कथाको प्रमुख केन्द्रीय चरित्र हो । ऊ सरकारी कर्मचारी हुन्छ । तलबबाट नै ऊ आफ्नो गुजारा गर्छ । उसको आर्थिक अवस्था कमजोर छ । ऊ सहयोगी पात्रका रूपमा चित्रित छ । कथामा आदि देखि अन्त्य सम्म नै उसको उपस्थिति रहेको छ ।

दाजु

दाजु यस कथाका प्रमुख पात्र हो । कथामा आदिदेखि अन्त्य सम्म नै उनको उपस्थिति रहेको छ । गाँउमा मास्टरी पेशा गर्ने मिहिनेती छोराछोरीलाई पढाउनु पर्छ भन्ने भावना भएको चरित्र हो । गाँउमा युद्धको मारमा परेको पात्र हो ।

### ४.८.३ परिवेश

प्रस्तुत कथामा गाँउले र सहरिया दुवै परिवेश देखिन्छ । भाइ काठमाडौ र दाजु गाँउमा बस्ने परिवेश देखिन्छ । गाउँमा युवायुवतीहरू बस्न नसक्ने युद्धको वातावरण रहेको छ । गरीब परिवार,द्वन्द्वको मारमा परेका नेपालीको वास्तविक चित्रण कथाकारले यस कथा मार्फत प्रस्तुत गरेका छन् ।

### ४.८.४ दृष्टिविन्दु

प्रस्तुत कथामा कथाकारले सम्पूर्ण घटना र पात्रका बारेमा कथावाहिरै रहेर वर्णन गरेकाले तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ४.८.५ उद्देश्य

प्रस्तुत कथामा शहरमा बस्ने निम्न स्तरका कर्मचारीको पीडा र गाउँमा द्वन्द्वको परिवेशवाट आर्जित भएर भोग्नुपरेका पीडा वेदनालाइ प्रस्तुत गर्नु रहेको छ । द्वन्द्वको मारबाट निर्दोष गाउँलेहरूले गाउँ छोडनुपर्ने, युवायुवतीहरूले विदेशिनुपर्ने समस्या एवं गाउँमा बस्दा मर्नुपर्ने अवस्थाको चित्रण नै प्रमुख उद्देश्य हो ।

### ४.८.६ भाषाशैली

प्रस्तुत कथामा सरल, सहज र सहस भाषाशैलीको प्रयोग भएको पाइन्छ । गाउँले स्थानियपनको प्रयोग संवादात्मक भाषाशैलीको प्रयोग, प्रश्नोत्तर शैलीको प्रयोग समेत भएको छ ।

### ४.८.७ सारवस्तु

यस कथाको सारवस्तु भनेको सधैका लागी युद्ध अन्त्य हुनुपर्ने गाउँमा सोझासाझा जनताहरूले निर्धक्क भएर बस्न पाउनुपर्ने र शहरमा महगी घरपेटीको किचकिच रोक्नुपर्ने र कर्मचारीको तलबमा बृद्धि हुनुपर्ने एवं विदेश पलायन हुनुपर्ने अवस्थाको अन्त्य हुनुपर्छ भन्ने सारवस्तु रहेको छ ।

## ४.९ डी.भी. भर्नुभयो ? कथाको विश्लेषण

डी.भी. भर्नुभयो ? कथा **अभिशप्त समय** २०६४ मा रहेको यथार्थवादी कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** कथासङ्ग्रहमा (५९-६२) पृष्ठमा विस्तारित छ । यो कथा सर्वप्रथम गोरखापत्र २०६० पुष १२ मा प्रकाशित भएको पाइन्छ । प्रस्तुत कथाको कथानक रैखिक ढाचाँको शृङ्खलामा संरचित छ ।

### ४.९.१ कथानक

प्रस्तुत कथाको कथानक श्रीमानलाई श्रीमतीले दैनिकजसो डी.भी भर्नुभयो ? भन्ने प्रश्नबाट प्रारम्भ भएको छ । श्रीमानले पटक पटक पश्चिमा देशहरूको विकृति संस्कृतिका बारेमा बताउँछन । तर सधै श्रीमतीको प्रश्न डी.भी भर्नुभयो हुन्छ । श्रीमानले रातदिनको कचकच उनको मनशाय बुझ्ी अमेरिका गएर के गछर्यौ भनी प्रश्न गर्छन । श्रीमतीले अमेरिका गएपछि तीन चार बर्षमा काठमाडौंमा बङ्गला बनाउँछु भन्छिन् । श्रीमतीले अनेकका उदारहण दिन्छिन श्रीमतीले देवीदेवताका मन्दिरमा डी.भी परोस भनेर पूजा गरेर भाकल गरेकी हुन्छिन् । श्रीमानले हरेक पटकको कचकचको रहस्य यही रहेछ भन्ने बुझ्छन । उनको यो हठ देखेर भोलिपल्ट चार दिनको छुट्टी लिएर डी.भी. भर्न निस्कन्छन र श्रीमतीको अनुहारमा यस्तो कान्ति कहिल्यै देखेका हुँदैनन् । दुवैजनाको अनुहार कम्प्यूटर भित्र कैद भइसकेको हुन्छ, एकैछिनमा कम्प्यूटरले भर्पाइ दिन्छ सक्सेस । उनको अनुहारमा ज्योतिर्मय आभा जाज्वल्यमान हुन्छ पुःन एकपटक । यत्तिकैमा कथानकको अन्त्य हुन्छ ।

### ४.९.२ पात्र /चरित्रचित्रण

प्रस्तुत कथामा प्रमुख भूमिकामा श्रीमान र श्रीमती रहेका छन । अन्य पात्रहरुमा जीवनदाइ, हरेराम, जयन्ती, जयन्तीको दुलाहा आदि गौण पात्रहरु हुन् । यहाँ प्रमुख पात्रहरूको मात्रै चरित्रचित्रण गरिएको छ ।

श्रीमान

श्रीमान प्रस्तुत कथाको केन्द्रीय चरित्र हो । कथामा आदि देखि अन्त्यसम्म नै उसको उपस्थिति रहेको छ । ऊ आफ्नै देशमा रमाउन चाहने स्वदेशमै केही गर्नुपर्दछ भन्ने भावना भएको सरकारी कर्मचारी र पश्चिमा देशहरूको संस्कृतिका बारेमा थाहा भएको देशभक्त पात्र हो । कथाको अन्त्यमा आएर परिवर्तन भएकाले ऊ गतिशील पात्र हो ।

श्रीमती

श्रीमती प्रस्तुत कथाकी मुख्य नारी पात्र हुन । कथामा आदिदेखि अन्त्यसम्म नै उनको उपस्थिति रहेको छ । डी.भी  भर्न मरिहत्ते गर्ने आफ्नो देशलाइ माया नगर्ने जिद्दी गर्ने पात्रका रुपमा प्रस्तुत छिन । उनी शुरुदेखि अन्त्य सम्म कुनै परिवर्तन नदेखिएकाले गतिहीन चरित्र भएकी पात्र हुन् ।

### ४.९.३ परिवेश

यस कथामा शहरिया काठमाडौंको परिवेश रहेको छ । डि.भी भर्न मरिहत्ते गर्ने नेपालीहरूको वास्तविक स्वरुप यस कथाको वातावरण रहेको छ । अरुको लहैलहमा लागेर डि.भी. भर्न मरिहत्ते गर्ने आफ्नो देशलाइ माया नगर्ने नेपालीहरूको चित्रण रहेको वातावरण समेत पाइन्छ ।

### ४.९.४ दृष्टिविन्दु

प्रस्तुत कथामा कथाकार कथाबाट वाहिर रहेर कथाका सम्पूर्ण घटना र पात्रका वारेमा वर्णन गरेकाले यहाँ तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुको प्रयोग देखिन्छ ।

### ४.९.५ उद्देश्य

प्रस्तुत कथामा कथाकार घनश्याम शर्माले डी. भी भरेर अमेरिका जान मरिहत्ते गर्ने नेपालीहरुको श्रीमतीका माध्यमबाट यथार्थ देखाउन खोजेका छन् यो नै यस कथाको मुख्य उद्देश्य हो ।

### ४.९.६ भाषाशैली

यस कथामा संवादात्मक भाषाशैली सरल सहज र सरस भाषाशैलीको प्रयोग भएको पाइन्छ । छोटा-छोटा वाक्यमा संरचित यस कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग र प्रश्नोत्तर शैली रहेको पाइन्छ ।

### ४.९.७ सारवस्तु

प्रस्तुत कथाको सारवस्तु भनेको डी.भी भरेर पलायन भई विदेशीने नेपालीहरूलाइ स्वदेशमै बसी देशका लागी केही गर्न सल्लाह दिनु नै यस कथाको सारवस्तु रहेको छ ।

## ४.१० तीनपुस्ता कथाको विश्लेषण

तीनपुस्ता कथा **अभिशप्त समय** २०६४ कथासङ्ग्रहमा रहेको यथार्थवादी कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** (६३- ६९) पृष्ठमा विस्तारित छ । यो कथा सर्वप्रथम अनुराग २०६१ कार्तिक पुषमा प्रकाशित भएको पाइन्छ । प्रस्तुत कथाको कथानक रैखिक ढाँचाको शृङ्खलामा संरचित छ ।

### ४.१०.१ कथानक

प्रस्तुत कथाको कथानक स्वास्नीले राजमार्गमा होटेल खोलेको हुन्छ र लोग्ने जड्याहा हुन्छ बाट कथानक प्रारम्भ भएको छ । लोग्ने नाम मात्रको हुन्छ । अर्धबैसे पचास नाघेकी आमा पनि साथमै हुन्छिन् । चौबीस घण्टा ओहोरदोहोर र चहलपहल आर्थिक गतिविधिमा सक्रिय राजमार्गमा उनीहरूको होटेल हुन्छ । अक्सर ट्रक ड्राइभरहरू गाडी त्यही रोक्छन । लोग्ने नाम मात्रको हुन्छ । एउटा ट्रक नियमित जसो त्यही रोकिन्छ । ड्राइभर गरेर पैसा कमाएर ट्रक किनेको छ । ड्राइभर भएपनि सभ्य बोल्छ, मीठो बोल्छ । ऊ त्यस मानिससँग लट्ठ पर्छे । आमासँग लान्छु भन्छ के गँरु तेल्ले, जौ त्यो

सगँ ? आमा सशङ्कित हुन्छिन । आमाले छोरी हिडेपछिको अन्धकार भविष्यको कल्पना गर्छिन । अचानक स्वास्नी गायब हुन्छे । स्वास्नी फर्किनन् । ऊ त पोइल गइसकेकी हुन्छे । उसले नयाँ जिन्दगी सुरु गरिसकेकी हुन्छे । उसले पोखरामा होटेल खोलेर राखिदिन्छ । होटल राम्रोसँग चल्छ । उसले निकै पैसा कमाउँछिन र उसलाइ जड्याहाकी भूतपूर्व स्वास्नी भन्न कसैले सक्दैनन । बेलाबेलामा आमालाइ भेटन समेत आउने गर्छिन । समय वित्दै जाँदा उसले छोरी जन्माइ लोग्ने खुशी हुन्छ । होटेलको सम्पूर्ण जिम्मा स्वास्नीको नै हुन्छ । लोग्ने घरमा कमै आउने भएपछि स्वास्नीले पुःन आफ्ना गतिविधिहरू सक्रिय बनाउँछे । उसले आफ्नो पुरानो बानी दाहोऱ्याउँछे । एक दिन लोग्ने अचानक गायब हुन्छ । उसले लोग्नेलाइ पत्ता लगाउन सक्दिन् । त्यही क्रममा उसले थुप्रै गरगहना र बैकको नगद सिद्धयाउँछे । लोग्ने नभएपछि होटेल चलाउन सक्दिन र ऊ पुःन आमा बसेको छाप्रोमा फर्केर आउँछे र त्यही पुरानो पतिलाइ स्वीकार गर्छे र पुःन बेपार गर्न शुरु गर्छे किनभने नयाँ पुस्ताकी छोरी पनि तरुनी भइसकेकी हुन्छे । ड्राइभरले गाडीबाटै सोध्छ यहाँ के के पाइन्छ ? आमा छोरी नातिनी तीनै जना एकै स्वरमा जेजे चाहियो त्यही त्यही पाइन्छ । ड्राइभर ओर्लन्छ । यत्तिकैमा कथानक अन्त्य हुन्छ ।

### ४.१०.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा स्वास्नी, लोग्ने, आमा, छोरी,( नयाँ लोग्ने) ड्राइभर, अरु ड्राइभर र खलासी रहेका छन् । यस कथामा प्रमुख पात्रहरू निम्न अनुसार छन् ।

स्वास्नी

स्वास्नी यस कथाकी प्रमुख नारी पात्र हो । यस कथामा आदिदेखि अन्त्यसम्म नै उनको उपस्थिति रहेको छ । प्रस्तुत कथामा आफ्नो शरीरलाई यौन व्यवसायमा लगाएर जीविकापार्जन गर्ने नारी पात्रका रुपमा उनको भूमिका रहेको पाइन्छ ।

लोग्ने

लोग्ने यस कथाको प्रमुख पुरुष पात्र हो । उ धेरै रक्सी पिउने र आफ्नी श्रीमतीलाई ठीक ठाँउमा राख्न नसक्ने पात्रका रूपमा देखिन्छ ।

नयाँ लोग्ने( ड्राइभर)

ड्राइभर पनि यस कथाको सहायक पात्र हो । उसले अर्काकी स्वास्नी लिएर गएको र पछि धोका दिएको पात्रका रूपमा उसको भूमिका रहेको छ ।

### ४.१०.३ परिवेश

प्रस्तुत कथाको परिवेश गाँउले र सहरिया दुवै रहेको पाइन्छ । स्थान गाँउ र राजमार्ग रहेको छ । यौन व्यवसाय संचालन गरेर जीविकोपार्जन गर्ने महिलाहरूको चित्रण यस कथाको वातावरण रहेको छ ।

### ४.१०.४ दृष्टिविन्दु

प्रस्तुत कथामा कथाकारले सम्पूर्ण घटनाको वर्णन आफू कथा बाहिरै रहेर गरेकाले यस कथाको दृष्टिविन्दु तृतीय पुरुष सर्वज्ञ रहेको छ ।

### ४.१०.५ उद्देश्य

यस कथाको उद्देश्य स्वास्नी मान्छेले यौन व्यवसाय संचालन गरेर जीविकोपार्जन गरेर आफ्नो जीवनलाई अन्धकार भविष्य पारेको देखाउनु नै उद्देश्य रहेको छ ।

### ४.१०.६ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सरल, सहज र सरस संवादात्मक शैली एवं उखानटुक्काको प्रयोग गरेको पाइन्छ ।

### ४.१०.७ सारवस्तु

प्रस्तुत कथामा स्वास्नी मानिसहरुले यौन व्यवसाय संचालन गरेर आफ्नो जीवनलाई अन्धकार तिर धकेल्नु हुँदैन भन्ने देखाउनु नै यस कथाको सारवस्तु रहेको पाइन्छ ।

## ४.११ जिरे कथाको विश्लेषण

जिरे कथा **अभिशप्त समय** २०६४ कथासङ्ग्रहमा रहेको यथार्थवादी कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** (७० -७५) पृष्ठमा विस्तारित छ । प्रस्तुत कथा सर्वप्रथम गोरखापत्र २०६२ जेष्ठ ७ गते प्रकाशित भएको पाइन्छ । प्रस्तुत कथाको कथानक रैखिक ढाँचाको शृङ्खलामा संरचित छ ।

### ४.११.१ कथानक

प्रस्तुत कथाको कथानक 'म' पात्र र जिरे बीचको वार्तालापबाट कथाको प्रारम्भ भएको छ । 'म' पात्रलाई काम गर्ने ज्यामी चाहिएको हुन्छ । यस्तै काम गर्न भनेर जिरे दमै आइपुग्छ । 'म' पात्रलाइ उसको नाम प्रति जिज्ञासा लाग्छ न्वारानको नाम के हो ? भनी प्रश्न गर्छन । उसले न्वारानको नाम पनि जिरे नै हो भन्छ र यसैमा खुशी छु भन्छ । 'म' पात्रले उसको बाबुको नाम सोध्छन । उसको बाबुको नाम जैरे दमै त्यसपछि 'म' पात्रले उसलाई काम दिन्छन र ऊ खुशी साथ काम गर्छ । ऊ मिहिनेती छ । उसको हातमा न पन्जा हुन्छ न त गोडामा चप्पल नाङ्गो खुट्टाले फोहोर हातले सोहोर्दै ठेलागाडामा हाल्दै गरेको हुन्छ । असारे झरीमा समेत ऊ आफ्नो काममा निरन्तर लागिरहन्छ । जिरेले काम गर्न थालेको महिना दिन पुग्छ र उसले तीन हजार रुपिया थाप्छ । म पात्रले अब यो पैसाले के गर्छौ ? भनी प्रश्न गर्छन र उसले तीन सय रक्सी खाएको तिर्ने दिनमा दश रुपियाको एक गिलास रक्सी पिउने र अरु खाद्यान सामग्री किनेर लग्ने कुरा बताउँछ सोही अनुसार सामान किनेर घरतिर लाग्छ । भोलिपल्ट जिरे उदास निराश र तनाबमा देखिन्छ, म पात्रले उसको कारण जान्न चाहन्छन ।

उसले भावुक हुदै हिजो राति उनीहरु आए आफूसँग भएको हिजो लगेको सबै सामग्री दिए र विहान आफ्नो बाटोतिर लागे । 'म' पात्रले तनाबको कारण यतिमात्रै हो त ? भनेर पु:न प्रश्न गर्छन । आज विहान यिनीहरू आए र दुई बर्ष देखि पालेको खसी पाँच हजार दिदा पनि नबेचेको खसी लिएर गए भन्दै रुन थाल्छ । यिनीहरु को थिए भन्दा थाहा नभएको कुरा गर्छ जिरे एकनाशले पानीमा भिज्दै राति र आज बिहानको दृश्य सम्भिmदै त्रिशूलीलाई नियालिरहेको हुन्छ । यत्तिकैमा कथानक समाप्त हुन्छ ।

## ४.११.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा 'म' पात्र, जिरे दमै र जैरे दमै पात्रहरू रहेका छन् । यहाँ प्रमुख पात्रहरूको मात्रै चरित्रचित्रण गरिएको छ ।

'म' पात्र

'म' पात्र प्रस्तुत कथामा कथावाचकको रूपमा कथानकका सम्पूर्ण घटना शृङ्खलाहरू अगाडि बढेकाले प्रमुख केन्द्रिय चरित्र हो । प्रस्तुत कथामा आदि देखि अन्त्य सम्म नै उसको उपस्थिति रहेको छ ।

जिरे दमै

जिरे दमै यस कथाको प्रमुख पात्र हो । कथाका सबै घटनाक्रम उसकै केन्द्रियतामा घटेका छन् । ऊ गरीब निम्न स्तरको इमान्दार सोझो मिहिनेती चरित्रका रुपमा रहेको पाइन्छ । ऊ गरीब निम्नस्तरको काम गरेर जीविकोपार्जन गर्न विवश किसान र दलित प्रतिनिधि पात्रका रूपमा उपस्थित छ ।

## ४.११.३ परिवेश

यस कथामा गाउँले परिवेश, गरीब अशिक्षित निम्नस्तरीय परिवार र विहान बेलुकाको छाक टार्न सडकको काम गर्नुपर्ने निम्नस्तरीय दलित यस कथाको वातावरण रहेको पाइन्छ । द्वन्द्वको परिवेश समेत पाइन्छ ।

## ४.११.४ दृष्टिविन्दु

प्रस्तुत कथामा प्रथम पुरुष परिधीय दृष्टिविुन्दको प्रयोग भएको छ । कथाकारले 'म' पात्रका माध्यमबाट कथाका घटना र अन्य पात्रका वारेमा वर्णन गरेकाले पनि प्रथम पुरुष परिधीय दृष्टिविन्दुको प्रयोग भएको छ ।

## ४.११.५ उद्देश्य

प्रस्तुत कथामा निम्नस्तरीय गरीब, अशिक्षित निम्न स्तरका ब्यक्तिहरूले भोग्नुपर्ने आर्थिक सामाजिक समस्या र द्वन्द्वको मारमा परेका गरीबहरूको कष्टकर जीवनशैली प्रस्तुत गर्नु यस कथाको उद्देश्य रहेको छ ।

### ४.११.६ भाषाशैली

प्रस्तुत कथामा सरल, सहज, र सरस भाषाशैलीको प्रयोग भएको पाइन्छ । संवादात्मक र प्रश्नोत्तर शैलीमा संरचित भाषाशैली रहेको छ ।

### ४.११.७ सारवस्तु

प्रस्तुत कथामा निम्न स्तरका गरीव अशिक्षित निम्न वर्गका ब्यक्तिहरुको जीवनस्तर उठाउन पहल गर्नुपर्ने र द्वन्द्वको मारबाट गरीबहरूले मुक्ति पाउनुपर्दछ भन्ने सन्देश दिन खोजिएको छ । यस देशमा रहेको गरीबीको खाडल सदाका लागी अन्त्य हुनुपर्दछ भन्ने सारवस्तु रहेको छ ।

## ४.१२ चियर्सदेखि गेम्बेसम्म कथाको विश्लेषण

चियर्सदेखि गेम्बेसम्म कथा **अभिशप्त समय** २०६४ कथासङ्ग्रहमा रहेको सरकारी कर्मचारीले गर्ने कार्यशैली विषयवस्तु बनाएर लेखिएको यथार्थवादी कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** कथा सङ्ग्रहमा (७६- ८२) पृष्ठमा विस्तारित छ । प्रस्तुत कथाको कथानक रैखिक ढाँचामा संरचित छ ।

### ४.१२.१ कथानक

प्रस्तुत कथामा कथानक डाक्टर दिलबहादर र इन्जिनियर विपिन बीचको मित्रताबाट कथानक प्रारम्भ भएको छ । दुवैजना सरकारी कर्मचारी दुवै जनाले एक वर्षको फरकमा अमृत साइन्स कलेजमा सँगै पढेका सँगै ब्याडमिन्टन खेल्ने दुवैजनाका परिवार सँगै हुदैनन् र सबैभन्दा प्रगाढ मिलनबिन्दु दुवै जना ट्वाँटे हुन्छन र साँझ बेस्कन रक्सी पिउँछन । उनीहरू हरेक साँझ बेस्कन रक्सी पिउदै मात्न थालेपछि आ-आफ्ना पीडा वेदना दुर्दशा आर्थिक समस्या घरायसी समस्या देखि राजनैतिक सम्मका कुरा गर्छन । उनीहरूको जे छ त्यो पेय पदार्थ नै हुन्छ । दिल बहादुरले आफ्नो पीडा पोख्छ । श्रीमती र तीनछोरीले गर्दा काठमाडौंमा घर बनाउन नसकेको उसले आफ्नी श्रीमतीलाई आरोप लगाउन समेत पछि पर्दैन । खरिदार सुब्बाले समेत घरघडेरी जोडेका धेरै जिल्लामा जाँदा धेरै हाकिमहरूका श्रीमतीसँग भेटाउदा नराम्रोसँग फसिएको समेत विपिनजी भनेर सबै कुरा भन्छ । बचेको रक्सी विपिनको गिलासमा थप्दै फेरि चौथो छोरी पनि मेरै भन्दै पानी समेत नहाली गँबे है गेम्बे डाक्टर भन्दै त्यही घोप्टिन्छ र छोरीहरूलाई आमा जस्तो हुन दिन्न भन्छ । विपिन भने उठेर हिड्छ । द्रोसो दिन दिलबहादुरले अरु त केही कुरा गरिनँ नि हिजो ? भनी प्रश्न गर्छ विपिनले थिएन थिएन खासै केही भन्दै हाँस्छ । यत्तिकैमा कथानक अन्त्य हुन्छ ।

### ४.१२.२ पात्र/चरित्रचित्रण

यस कथामा डाक्टर दिलबहादुर, इन्जिनियर विपिन र भान्छे सोमे पात्रहरू रहेका छन् । यहाँ प्रमुख दुई पात्रहरूको चरित्रचित्रण गरिएको छ ।

डाक्टर दिलबहादुर

डाक्टर दिलबहादुर यस कथाको केन्द्रीय चरित्र हो । कथाको आदिदेखि अन्त्यसम्म नै उसको उपस्थिति रहेको छ । ऊ आफ्नो सम्पूर्ण थोक रक्सी हो र रक्सी पिएपछि सवै कुरा भन्ने समय र परिस्थिति बुझ्न नसक्ने गतिहीन पात्रका रुपमा देखिन्छ । प्रस्तुत कथामा ऊ सरकारी कर्मचारी विकृतिमा फसेको पात्रका रूपमा चित्रित छ ।

इन्जिनियर विपिन

इन्जिनियर विपिन पनि यस कथाको प्रमुख पात्र हो । कथामा आदिदेखि अन्त्य सम्म नै उसको उपस्थिति रहेको छ । डा. दिलबहादुरको सानैदेखिको साथी सँगै रक्सी पिउने र कथाब्यथा सुन्ने गतिशील पात्रका रुपमा रहेको देखिन्छ ।

### ४.१२.३ परिवेश

यस कथामा सहरिया परिवेश रहेको र दुवै जना सरकारी कर्मचारी रहेको वातावरण रहेको छ । दुवै जना रक्सीको कुलतमा फसेका पात्रका भूमिकामा रहेका छन् ।

### ४.१२.४ दृष्टिविन्दु

प्रस्तुत कथामा कथाकार कथाबाट अलग्गै रहेर कथाका सम्पूर्ण घटना र पात्रका वारेमा वर्णन गरेकाले यहाँ तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ४.१२.५ उद्देश्य

प्रस्तुत कथामा सरकारी कर्मचारीहरूले गर्ने विकृति विसङ्गतिको स्वरूप देखाइ यसरी चियर्सबाट गेम्बेसम्म पनि सरकारी कर्मचारीहरू पुग्छन भन्ने कुरा देखाउनु नै उद्देश्य यस कथाको उद्देश्य रहेको छ ।

### ४.१२.६ भाषाशैली

यस कथामा सरल, सहज, सहस र स्वभाविक भाषाशैलीको प्रयोग भएको पाइन्छ । संवादात्मक शैली छाटोछोटा तर पूर्ण वाक्यको प्रयोग भएको पाइन्छ । समग्रमा कथाको भाषाशैली सरल स्वतःस्फूर्त र प्रवाहमय रहेको छ ।

### ४.१२.७ सारवस्तु

प्रस्तुत कथामा सरकारी कर्मचारीहरूले गर्ने हरेक विकृति विसङ्गति अन्त्य हुनुपर्दछ भन्ने सारवस्तु रहेको छ । प्रस्तुत कथामा कथाकारले सरकारी पदमा बसेका कर्मचारीहरूले गर्ने हरेक विकृति विसङ्गतिको कारणले राज्यलाई नै हानी नोक्सानी हुने भएकाले यस्तो गलत प्रवृति रोक्नुपर्दछ भन्ने यस कथाका माध्यमबाट देखाउन खोजेका छन् ।

## ४.१३ अस्तित्वको खोजीमा कथाको विश्लेषण

अस्तित्वको खोजी कथा **अभिशप्त समय** २०६४ कथा सङ्ग्रहमा रहेको सामाजिक यथार्थवादी कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** कथासङ्ग्रहमा (८३-८९) सम्म विस्तारित छ । प्रस्तुत कथा रैखिक ढाँचाको शृङ्खलामा संरचित छ ।

### ४.१३.१ कथानक

प्रस्तुत कथाको कथानक लोग्ने र स्वास्नी बीचको वार्तालापबाट प्रारम्भ भएको हुन्छ । उनीहरू सबै कुरामा सम्पन्न छन् । तर श्रीमती श्रीमान सँग विचारमा फरक छे । उसले घरलाई झ्यालखाना सम्झन्छे । तर श्रीमान श्रीमतीका लागी जे गर्न पनि तयार हुन्छ । श्रीमानले आफ्नी श्रीमती असन्तोष हुनुपर्ने कारणहरू खोज्छ । उनीहरूको विवाह मागी भएको । जागिर किन खानुपर्‍यो ? ब्यापार उद्योग केका लागी ? राजनीति महिलाहरूले गर्ने काम होइन् । समाजसेवा छोराछोरी र श्रीमानको सेवा गर्नु नै उत्तम हो अन्य क्षेत्र कला, सङ्गीत प्राध्यापन कुनै खाँचो छैन सोच्छ । तर श्रीमती भने जागिर खाने राजनीति गर्ने, ब्यापार ब्यवसाय गर्ने, समाजसेवा गर्ने सोच छ । श्रीमतीलाइ राष्ट्रको सेवा गर्ने गरीवी दु:खीहरूको सेवा गर्ने चाहना छ । उसलाई आफ्नो छुट्टै पहिचान बनाउनु छ । एक दिन श्रीमतीले श्रीमानलाई भोलि एकदिनको समय मेरा निम्ति पाउन सक्छु भनेर अनुरोध गर्छिन्, हुन्छ श्रीमानको जवाफ हुन्छ । श्रीमान श्रीमती गाडीमा निस्कन्छन् सहरको व्यस्त आर्ट ग्यालरी तिर गाडी रोकिन्छ । आयोजकले अनुपमालाई फूलमालाले स्वागत गर्छन । आयोजकले प्रर्दशनमा राखिएका कलाकार अनुपमाका चित्रकलाका बारेमा बोलिदिन श्रीमती अर्थात अनुपमालाइ निम्त्याउँछन् र श्रीमान छक्क पर्छ र यत्रो कलाकृतिको सृजना कुन बेला गरिन् । अनुपमा बोल्न थालिन उनी आफ्नो अस्तित्व जोगाउन सफल भइन र यता श्रीमान भने आर्ट ग्यालरीको एउटा कुनामा उभिएर यो सम्पूर्ण दृश्य नियालिरहेका हुन्छन र आफ्नो अस्तित्वको खोजीमा हुन्छन । यत्तिकैमा कथानक समाप्त हुन्छ ।

### ४.१३.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा श्रीमान, श्रीमती प्रमुख केन्द्रीय चरित्र रहेका छन् । यहाँ यी दुई प्रमुख पात्रको चरित्रचित्रण गरिएको छ ।

श्रीमान

श्रीमान यस कथाको प्रमुख पुरुष पात्र हो । कथामा आदिदेखि अन्त्यसम्म नै उसको भूमिका रहेको छ । ऊ सम्पन्न ब्यक्ति हो । उसले श्रीमतीलाई हाउस वाइफ मात्रै होस भन्ने चाहन्छ र

श्रीमतीको विचार बुझ्न नसक्ने र उसको शुरुदेखि अन्त्यसम्म व्यवहारमा परिवर्तन नदेखिएकाले ऊ गतिहीन चरित्र भएको पात्र हो ।

श्रीमती

श्रीमती यस कथाकी प्रमुख नारी पात्र हुन् । कथामा आदिदेखि अन्त्यसम्म नै उनको उपस्थिति रहेको छ । उनी चाहि जतिसुकै धनदौलत भएपनि नारीले सबै ठाउँमा सहभागी हुन पाउनुपर्छ र महिलालाई हेपेर दमन गरेर राख्नु हुँदैन भन्ने पात्रका भूमिकामा रहेकी छ । उनी गतिशील चरित्र भएकी पात्र हुन् । महिलाहरूको प्रतिनिधि पात्रका रुपमा उनको भूमिका रहेको छ ।

### ४.१३.३ परिवेश

प्रस्तुत कथाको परिवेश शहरिया रहेको पाइन्छ । स्थान काठमाडौ रहेको छ भने महिलाहरूलाई सबै क्षेत्रमा समान सहभागिता गराउनुपर्दछ महिलाहरूलाई राज्यका हरेक क्षेत्रमा समानुपातिक सहभागिता गराई पुरुष भन्दा राम्रो काम गर्न सक्छन् भन्ने वातावरण रहेको छ ।

### ४.१३.४ दृष्टिविन्दु

प्रस्तुत कथामा कथाकार कथा भन्दा बाहिरै रहेर सम्पूर्ण घटना र वर्णन पात्रहरूका माध्यमले भएकाले यहाँ  तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दु रहेको पाइन्छ ।

### ४.१३.५ उद्देश्य

यस कथाको प्रमुख उद्देश्य भनेको महिलाहरूलाई सबै क्षेत्रमा सहभागितामूलक सहभागी गराउनुपर्दछ महिलाहरूले पनि पुरुष भन्दा बढी काम गरेर देखाउन सक्दछन् भन्ने नै यस कथाको सारवस्तु रहेको छ । महिलाहरूलाई समाजमा हेर्ने दृष्टिकोण परिवर्तन हुनुपर्दछ भन्ने यस कथाको उद्देश्य रहेको छ ।

### ४.१३.६ भाषाशैली

प्रस्तुत कथामा सरल, सहज र सरस भाषाशैली रहेको पाइन्छ । प्रस्तुत कथामा श्रीमान र श्रीमती बीचको अस्तित्वको लडाईलाई सरल, सहज र भाषिक विन्यास गरी प्रस्तुत गरिएको छ । कथामा संवादात्मक र प्रश्नोत्तर शैलीको प्रयोग भएको छ । यस कथाको भाषाशैली कृत्रिम,आलङ्कारिक नभई सहज स्वतःस्फूर्त र प्रवाहमय रहेको छ ।

### ४.१३.७ सारवस्तु

यस कथाको सारवस्तु भनेको महिलाहरूलाई राज्यको हरेक क्षेत्रमा समानुपातिक सहभागिता गराएमा पुरुष भन्दा पनि बढी काम गर्न सक्छन् त्यसैले पुरुषहरूको सोचमा परिवर्तन हुन जरूरी छ र राज्यका हरेक क्षेत्रमा महिलालाई सहभागी गराउनुपर्दछ भन्ने यस कथाको सारवस्तु रहेको छ ।

## ४.१४ एउटा अर्को आत्महत्या कथाको विश्लेषण

एउटा अर्को आत्महत्या कथा **अभिशप्त समय** २०६४ कथा सङ्ग्रहमा रहेको यथार्थवादी कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** कथासङ्ग्रहमा (९०- ९६) पृष्ठमा विस्तारित छ । यो कथा सर्वप्रथम मधुपर्क साउन २०६२ मा प्रकाशित भएको पाइन्छ । प्रस्तुत कथा रैखिक ढाँचाको शृङ्खलामा संरचित छ ।

### ४.१४.१ कथानक

प्रस्तुत कथाको कथानक दुलहा र दुलही बीचको बिहेको विषयबाट प्रारम्भ भएको छ । विहेका सबै कुरा पक्का भइसकेको हुन्छ । बिहेको अन्तिममा आएर दुलाहाको पहिलो श्रीमतीले आत्महत्या गरेको कुरा दिदीले थाहा पाउँछिन् । विहेको अन्तिम अवस्थामा दिदीले बिहे गर्न राजी हुन्छिन । बिहेको काम शुरु हुन्छ । दुलही अन्माउने बेला दिदी अचानक मूर्छा पर्छिन हतारहतार बेहुलीलाइ अन्माएर पठाइन्छ । दिदीलाइ तत्काल अस्पताल भर्ना गरिन्छ । पाँच दिनपछि दिदीले अस्पतालको बेडमा पत्रिका पढछिन् । बिहे गरेको पाँचै दिनमा सामूहिक आत्महत्या । दिदी पुःन मूर्छित हुन्छिन् । आफ्नै बहिनी ज्वाइको तस्वीर देखेर कहिल्यै नबिउँभिने बाटो समात्छिन् । उनले पूरा समाचार पढेको भए उनको त्यो अवस्था हुन्थ्यो कि हुदैन्थ्यो । बिहे गरेको पाचै दिनमा आत्महत्या गर्ने मध्ये पुरुषका डायरीका अंशहरू यस्ता थिए –मेरो पहिलो श्रीमतीले आत्महत्या गरेकी हुन् तापनि उनको अप्रत्यक्ष हत्यारा म नै थिएँ । मैले घर निर्माणका लागि लिएको ऋणको ब्याजको बोझले म उक्त ऋण यसरी थिचिएको थिएँ उक्त ऋण आधा मिनाहा हुने सर्तमा मैले मेरो पहिलो पत्नी त्यसपछि मलाई पत्तै नदिइ आत्महत्या गरिन् । वास्तवमा मैले पनि उनी सँगै आत्महत्या गर्नु थियो तापनि म ऋणको बोझले मेरो परलोकसम्म पनि विगार्ने पक्षमा थिइनँ । यसर्थ मैले अर्को बिहे गरेर बाँकी ऋणबाट समेत मुक्त हुनु थियो । त्यसैले यस पटक हामीले सामूहिक आत्महत्याको निर्णय गरेका ... । यत्तिकैमा कथानक अन्त्य हुन्छ ।

### ४.१४.२ पात्र/चरित्रचित्रण

यस कथाका प्रमुख पात्रहरू दुलहा दुलही र दिदी रहेका छन् । यहाँ प्रमुख पात्रहरूको चरित्रचित्रण गरिएको छ ।

दुलहा

दुलहा यस कथाको प्रमुख पुरुष पात्र हो । ऊ यस कथामा आदिदेखि अन्त्यसम्म उसको भूमिका रहेको छ । दुलहा गरीब आर्थिक अवस्था भएको ऋणको बोझबाट मुक्ति पाउनका लागी दाइजो लिएर ऋण मुक्त गर्ने र समय र परिस्थिति अनुसार चल्न नसकेकाले गतिहीन चरित्रका रूपमा रहेको पाइन्छ ।

दुलही

दुलही यस कथाकी प्रमुख नारी पात्र हो । यस कथामा आदिदेखि अन्त्यसम्म नै उनको उपस्थिति रहेको छ । गरीब निम्न रोजगार नपाएकी पढेलेखेकी पात्रका रूपमा चित्रित छ । दुलहासँग द्रोसो विवाह गर्न बाध्य पारिएकी नारी पात्र हो ।

### ४.१४.३ परिवेश

प्रस्तुत कथामा शहरिया परिवेश स्थानमा काठमाडौको रहेको छ । गरीबी, अभाव, वेरोजगारले मान्छेको जीवनमा पार्ने प्रभाव र ऋणको बोझले मान्छेको जीवनमा पार्ने प्रभाव यस कथाको वातावरण रहेको छ ।

### ४.१४.४ दृष्टिविन्दु

प्रस्तुत कथामा  कथाकार कथाभन्दा अलग्गै रहेर सम्पूर्ण घटना र पात्रको वर्णन भएकाले यहाँ तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ  ।

### ४.१४.५ उद्देश्य

प्रस्तुत कथामा आर्थिक समस्याले मान्छेको जीवनमा पार्ने प्रभावलाई देखाउनु नै प्रमुख उद्देश्य रहेको पाइन्छ । अनिच्छा हुँदाहुँदै विवाह गर्दा कस्तो जीवन हुनपुग्छ भन्ने पनि यस कथाको उद्देश्य रहेको छ ।

### ४.१४.६ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सरल, सहज र सरस भाषाशैलीको प्रयोग भएको पाइन्छ । संवादात्मक शैली र उखान टुक्काको समेत प्रयोग पाइन्छ । समग्रमा कथाको भाषाशैली सरल स्वतःस्फूर्त र प्रवाहमय रहेको छ ।

### ४.१४.७ सारवस्तु

प्रस्तुत कथाको सारवस्तु भनेको आर्थिक समस्या, गरीबी,र बेराजगारीले मान्छेको जीवनमा पार्ने प्रभाव र बिहे गर्दा सोचविचार गरेर गर्नुपर्छ र ऋणको बोझले मान्छेको जीवनमा प्रभाव पार्ने भएकाले गरीबी अन्त्य गरी रोजगारीको अबसर प्रदान गर्नुपर्दछ  भन्ने रहेको छ ।

## ४.१५ उसैको प्रतिबिम्ब कथाको विश्लेषण

उसकै प्रतिबिम्ब कथा **अभिशप्त समय** २०६४ कथासङ्ग्रहमा रहेको प्रेम कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** (९७- १०४) पृष्ठमा विस्तारित छ । प्रस्तुत कथाको कथानक रैखिक ढाँचाको शृङ्खलामा संरचित छ ।

### ४.१५.१ कथानक

प्रस्तुत कथाको कथानक मिसाइल डाइमण्ड र प्रेम बीच ठमेलमा गुरुङ सरले चिनजान गराइएबाट प्रारम्भ भएको हुन्छ । मिस डाइमण्ड नेपाल घुम्न आएकी पर्यटक हुन भने प्रेम पर्यटकहरूलाइ घुमाउने गाइड हुन्छन र विभिन्न ठाँउमा घुम्न जाने क्रममा यी दुइ बीच प्रेम हुन्छ । मिसाइल डाइमण्डले आफ्नो सौतेनी बाबुले गरेको बलत्कारको घटना समेत प्रेमलाई भन्छे । उनीहरू भावनात्मक रुपमा नजिक हुदाँहुदै पनि उनको जाने बेला हुन्छ र एयरपोर्टमा दुवैजना छुट्टिन्छन् । प्लेन आकाशमा उड्छ, प्रेमको मनभित्र उसैको प्रतिबिम्ब मात्रै बाँकी रहन्छ । यत्तिकैमा कथानक अन्त्य हुन्छ ।

### ४.१५.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा मिस डाइमण्ड, प्रेम मुख्य पात्रको भूमिकामा रहेका पात्रहरु हुन् । अन्य पात्रमा गुरूङ सर रहेका छन् । यहाँ प्रमुख पात्रको मात्रै चरित्रचित्रण गरिएको छ ।

मिस डाइमण्ड

मिस डाइमण्ड यस कथाकी प्रमुख नारी पात्र हुन् । कथामा आदि देखि अन्त्यसम्म नै उनको उपस्थिति रहेको छ । उनी अमेरिकाबाट नेपाल घुम्न आएकी पर्यटक बाबुबाट शोषण भएकी र प्रेम गाइडसँग प्रेम गरेकी पात्रका रुपमा उनको भूमिका रहेको पाइन्छ ।

प्रेम

प्रेम यस कथाको प्रमुख पुरुष पात्र हो । कथामा आदिदेखि अन्त्यसम्म नै उसको उपस्थिति रहेको छ । मिस डाइमण्डसँग माया गर्न पुगेको पात्रका रुपमा उसको भूमिका रहेको छ ।

### ४.१५.३ परिवेश

यस कथामा शहरिया परिवेश रहेको पाइन्छ । स्थाहरुमा काठमाडौ, नागढुगा, मलेखु, पोखरा, फेवाताल, माछ्ापुच्छे, अन्नापूर्णाक्षेत्र, कालीगण्डकी जोमसोम आदि स्थानहरु रहेका छन् । प्रेम कथाव्यथा, प्रेम अनुराग यस कथाको वातावरण रहेको पाइन्छ ।

### ४.१५.४ दृष्टिविन्दु

प्रस्तुत कथामा कथाकार कथाबाट बाहिरै रहेर कथाका सम्पूर्ण घटना र पात्रहरूका बारेमा वर्णन भएकाले यहाँ यस कथामा तृतीय पुरुष सर्वज्ञ दृष्टिबिन्दु रहेको पाइन्छ ।

### ४.१५.५ उद्देश्य

प्रस्तुत कथाको विदेशीहरूलाई आकर्षित गर्नु, समुन्द्रपारका मानिसहरूका जीवनपद्धति, संस्कार संस्कृतिलाई र प्रेम कथाव्यथा प्रेम अनुराग प्रस्तुत गर्नु यस कथाको उद्देश्य रहेको छ ।

### ४.१५.६ भाषाशैली

प्रस्तुत कथामा सरल, सहज र सरस भाषाशैली रहेको पाइन्छ । प्रश्नोत्तर एवं संवादात्मक शैली रहेको पाइन्छ । अग्रेजी भाषाका शब्दहरू नाइस, हाउ वन्डरफुल, सो फन्नी आदिको समेत प्रयोग भएको छ ।

### ४.१५.७ सारवस्तु

यस कथाका माध्यमबाट प्रेम कथाव्यथा, प्रेम अनुराग र समुन्द्रपारका मानिसहरूका जीवनपद्वति, संस्कार र संस्कृतिलाई प्रस्तुत गर्नु नै यस कथाको सारवस्तु रहेको पाइन्छ ।

## ४.१६ भत्किएको गोरेटो कथाको विश्लेषण

भत्किएको गोरटो कथा **अभिशप्त समय** २०६४ कथा सङ्ग्रहमा रहेको यथार्थवादी कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** कथा सङग्रहमा (१०५-११०) पृष्ठमा विस्तारित छ । प्रस्तुत कथाको कथानक रैखिक ढाँचाको शृङ्खलामा संरचित छ ।

### ४.१६.१ कथानक

प्रस्तुत कथाको कथानक वृन्दा गुरुङ र लक्ष्मण बस्नेतको बिहेको प्रसङ्गबाट प्रारम्भ भएको छ । वृन्दा पन्ध्र बर्षकी र लक्ष्मण बस्नेत तेत्तीस बर्षको हुन्छ । ऊ घरमा आइरहन्छ । बुबाको अफिसको हाकिम पनि हुन्छ । उसले बुबा आमालाई विहेका लागी राजी गराउँछ र अन्ततोगत्वा त्यही मानिससँग बिहे हुन्छ । बिहेका शुरुका दिन राम्रैसँग बित्छन र केही बर्षपछि ऊ विदेश जान्छ । दुई बर्ष उसले बिदेशमा विताएर फर्कन्छ । उसले कमाएको सबै रकम वृन्दाको खातामा राख्छ । ऊ बिदेशबाट फर्केपछि वनाउटी माया जस्तो लाग्न थाल्छ वृन्दालाई । वृन्दा पनि लक्ष्मणसँग नियन्त्रित भएर बस्न सक्ने अवस्थामा थिइन । उनीहरू औपचारिक लोग्ने स्वास्नीमा सीमित हुँदै जान्छन । उनीहरु एक अर्काबाट पलायन हुन खोजिरहेका हुन्छन । व्यापारको सिलसिलामा लक्ष्मण महिनौ गायब हुन्छ । यी वितेका समयमा वृन्दाले धेरै लोग्नेमान्छेहरू पाइसकेकी हुन्छे  र कसैले रखौटीका रुपमा राख्न चाहन्छन । तर लक्ष्मणले उसलाई छाडन चाहदैन ऊ लिन आउँछ तर वृन्दा मान्दिनन र उल्टै पारपाचुके माग्छिन र अन्ततः पारपाचुके दिन्छ । वृन्दा भने नयाँ उत्सकुता र उमङ्ग बोकेर कम्प्युटर इन्सिच्युट पुग्छिन रेशम सर भन्दै त्यहा कुर्ची खाली हुन्छ । रेशम सर त विराटनगर आफ्नो बिहेमा जानुभयो भनेपछि उसको जीवनमा अन्धकार मात्रै बाँकी रहन्छ । उनी जहाँबाट हिडेर आएकी थिइन त्यो गोरेटो भत्किइसकेको हुन्छ । यत्तिकैमा कथानक समाप्त हुन्छ ।

### ४.१६.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा वृन्दा गुरुङ, लक्ष्मण वस्नेत, वृन्दाका बाआमा, रेशम सर कर्मचारी आदि पात्रहरु रहेका छन् । यस कथाका पमुख पात्रहरु निम्न अनुसार रहेका छन ।

वृन्दा गुरुङ

वृन्दा गुरुङ यस कथाकी प्रमुख नारी पात्र हुन् । कथामा आदिदेखि अन्त्यसम्म नै उनको उपस्थिति रहेको छ । समय र परिस्थितिलाई बुझ्न नसक्दा उनको जीवन अन्धकार बन्न पुगेको उनको भूमिका रहेको छ ।

लक्ष्मण वस्नेत

लक्ष्मण वस्नेत यस कथाको प्रमुख पुरुष पात्र हो । कथामा उसको आदिदेखि अन्त्यसम्म नै उपस्थिति रहेको छ । अनमेल बिहे गर्न मरिहत्ते गरेको र अन्त्यमा पारपाचुके गर्न बाध्य पात्रका रुपमा भूमिका रहेको छ ।

## ४.१६.३ परिवेश

यस कथाको शहरिया परिवेश रहेको पाइन्छ । स्थानमा काठमाडौ रहेको छ । अनमेल विवाहबाट उत्पन्न हने परिस्थितिले निम्त्याउने लोग्ने स्वास्नीको जिन्दगी र अन्धकार भविष्य यस कथाको वातावरण रहेको छ ।

## ४.१६.४ दृष्टिविन्दु

प्रस्तुत कथामा कथाकार कथा भन्दा बाहिरै रहेर सम्पूर्ण घटना र पात्रका वारेमा वर्णन भएकाले यहाँ तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुको पयोग भएको छ ।

## ४.१६.५ उद्देश्य

प्रस्तुत कथामा लोग्ने स्वास्नी बीचको अनमेल विवाह र त्यसबाट उत्पन्न हुने अन्धकार भविष्य प्रस्तुत गर्नु नै मुख्य उद्देश्य रहेको पाइन्छ । सहरिया परिवेशका ब्यक्तिहरूले ललाइफकाई गरेको अनमेल विवाहका कारण सोझासाझाले भोग्नुपर्ने अन्धकार भविष्यको वास्तविकता कथाकारले यस कथामा प्रस्तुत गरेका छन ।

## ४.१६.६ भाषाशैली

प्रस्तुत कथामा सरल, सहज र सरस भाषाशैलीको पयोग भएको पाइन्छ । संवादात्मक शैली र उखान टुक्काको प्रयोग भएको पाइन्छ । समग्रमा कथाको भाषाशैली सरल स्वतःस्फूर्त र प्रवाहमय रहेको छ ।

## ४.१६.७ सारवस्तु

यस कथाको सारवस्तु अनमेल विवाहका कारण समाजमा नारीहरूले भोग्नुपर्ने समस्याहरूमा सचेत हुनुपर्दछ भन्ने रहेको छ । कथाकारले यस कथाका माध्यमबाट अनमेल विवाह रोक्न पहल

गर्नपर्दछ र छोरीचेलीहरूको अन्धकार भविष्य हुनबाट जोगाउनुपर्दछ भन्ने सन्देश पनि यस कथाको सारवस्तु रहेको छ ।

### ४.१७ आज मिटिङ छ कथाको विश्लेषण

आज मिटिङ छ कथा **अभिशप्त समय** कथासङ्ग्रहमा रहेको यथार्थवादी कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** कथा सङग्रहमा ( १११- ११५) पृष्ठमा संरचित छ । यो कथा सर्वप्रथम जनमत पत्रिका कार्तिक २०६२ मा प्रकाशित भएको पाइन्छ । प्रस्तुत कथाको कथानक रैखिक ढाचाँको शृङ्खलामा संरचित छ ।

#### ४.१७.१ कथानक

प्रस्तुत कथाको कथानक दुई जना पि.ए.ले दुईजना सरलाई फोन लगाइदिएपछिको टेलिफोन वार्ताबाट प्रारम्भ भएको छ । यी दुई जना सरहरु छुट्टाछुट्टै कार्यालयका हाकिम हुन्छन । सेवाग्राहीको भेट्नको लाइनमा हुन्छन् । सरहरु भने वार्तालापमा सरुवा फायल सदर यसै विषयमा कुरा गरिरहेका हुन्छन र लामो समयको कुराकानी पछि तेस्रो सरलाई पछि खबर हुन्छ । तीनैजना सरहरु हरेक साँझ रेष्टुरेन्टमा बस्छन र राति अबेर घर फर्कन्छन घरमा नोकरचाकर छोराछोरी बिदेशमा, कुनै कुराको तनाब छैन । श्रीमतीलाइ मिटिङबाट आएको बताउँछन । हप्तामा तीनदिन अनिवार्य मिटिङ बस्छ । नौलो नौलो स्थान सुरासुन्दरी भएको ठाउँमा जान्छन । सम्पत्ति विवरणका कुरा देखि यही देशमा बस्ने सम्मका कुरा गर्छन । तीनैजना सरहरु मात्तिइसकेका हुन्छन र मध्यरात घर पुग्छन । तीनैजनाका श्रीमतीहरूले प्रश्न गर्छन आजको मिटिङ भर्खर सकिएको हो ? तीनै जनाको एउटै स्वर मिटिङ भर्खरै सकिएको हो । यत्तिकैमा कथानक अन्त्य हन्छ ।

#### ४.१७.२ पात्र /चरित्रत्रित्रण

प्रस्तुत कथामा तीनजना सरहरु तीनवटै सरहरूकी श्रीमतीहरु, छोराछोरी कर्मचारी पि.ए युवती आदि पात्रहरु रहेका छन् । यस कथामा तीनजना सरहरु नै केन्द्रीय पात्रहरू हुन । कथाको आदिदेखि अन्त्य सम्म नै उनीहरूको उपस्थिति रहेको छ । उनीहरुको शुरुदेखि अन्त्यसम्म नै कुनै परिवर्तन नदेखिएकाले गतिहीन भूमिका भएका पात्रहरू हुन् ।

#### ४.१७.३ परिवेश

प्रस्तुत कथामा शहरिया परिवेश रहेको पाइन्छ । स्थानमा काठमाडौ रहेको छ । उच्च सरकारी कर्मचारीहरूले मिटिङका नाममा गर्ने गरेको विकृति यस कथाको वातावरण रहेको छ ।

#### ४.१७.४ दृष्टिविन्दु

प्रस्तुत कथामा कथाकार कथाभन्दा बाहिरै रहेर कथाका सम्पूर्ण घटना र पात्रहरूको वर्णन भएकाले यहाँ तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ४.१७.५ उद्देश्य

प्रस्तुत कथामा सरकारी कर्मचारीका उपल्लो तहका कर्मचारीको भण्डाफोर गर्नु नै मुख्य उद्देश्य रहेको छ । कथाकारले सरकारका उच्च तहमा बसेका कर्मचारीले गर्ने गलत प्रवृतिको पर्दाफास गर्नु नै यस कथाको उद्देश्यलाई देखाएका छन ।

### ४.१७.६ भाषाशैली

प्रस्तुत कथामा सरल, सरस र सहज भाषाशैलीको प्रयोग भएको छ । छोटाछोटा वाक्यमा संरचित यस कथामा अधिकांशतः पूर्ण वाक्यको पयोग भएको पाइन्छ । प्रश्नोत्तर र संवादात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.१७.७ सारवस्तु

प्रस्तुत कथामा सरकारी उच्च तहमा बसेका कर्मचारीहरूले गर्ने विकृति विसङ्गति रोक्न र मिटिङका नाममा हुने सम्पत्तिको दुरुपयोगका विरुद्ध लाग्नुपर्छ भन्ने सन्देश नै सारवस्तु हो । प्रस्तुत कथामा कथाकारले सरकारी निकायको पदमा बसेर गर्ने गलत प्रवृतिको अन्त्य गर्नुपर्दछ भन्ने सन्देश दिनु पनि यस कथाको सारवस्तु रहेको छ ।

## ४.१८ चक्रव्यूहभित्रको जीवन कथाको विश्लेषण

चक्रव्यूहभित्रको जीवन कथा **अभिशप्त समय** कथा सङ्ग्रहमा रहेको यथार्थवादी कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** कथासङ्ग्रहमा (११६- १२३) पृष्ठमा संरचित छ । यो कथा सर्वप्रथम समकालीन साउन असोज २०६१ मा प्रकाशित भएको पाइन्छ । प्रस्तुत कथाको कथानक रैखिक ढाँचाको शृङ्खलामा संरचित छ ।

### ४.१८.१ कथानक

प्रस्तुत कथाको कथानक हुलाकीको छोरीले एस.एल.सी पास गरेपछि प्रारम्भ भएको छ । हुलाकीको छोरी शर्मिलाको उच्च शिक्षा हासिल गर्ने इच्छा हुन्छ । तर उनीहरू आर्थिक अवस्थामा कमजोर हुन्छन । आर्थिक अवस्थाका कारण गाउँकै स्कूलमा एक वर्ष अध्यापन गर्छिन । एक वर्षपछि काठमाडौ अध्ययनका लागि जान्छिन र काठमाडौमा पूजा उसकी साथी लिन आउँछिन । पूजाले आफ्नो डेरामा लिएर जान्छिन । शहरको वातारणसँग पूजा परिचित हुन्छे । शर्मिलाको कलेज शुरु हुन्छ । डेरा लिएर बस्न थाल्छिन । एकदिन पूजाले मामाघर जाने कुरा गर्छिन । दुवैजना जान्छन र मामाघरबाट फर्किन्छन । मामाले शर्मिलालाई डेरामा छोडिदिन्छन । पैसा समेत दिएर जान्छन । शर्मिलाले पुःन

मामाघर जाने कुरा पूजासँग गर्छिन । दुवैजना मामाघर जान्छन । पु:न मामा कोठामा छोडन आउँछन र अब शर्मिलासँग कुनै कुरा बाँकी हुदैन अस्तित्व समाप्त भइसकेको हुन्छ । मामा फर्किन्छन । त्यस दिनदेखि पूजाको मामाघर गएकी छैनन र सबै खर्च  उसैले दिन्छ र अर्को बिहे गरेमा सबै पोल खोलिदिने भनी धम्क्याउँछ । कोही बचाउने भए चौरासी लाख जुनीसम्म ऋणी हुनेछु । यत्तिकैमा कथानक अन्त्य हुन्छ ।

### ४.१८.२ पात्र चरित्रचित्रण

प्रस्तुत कथामा शर्मिला, पूजा, शर्मिलाको बाबु, पूजाका मामा माइजू ड्राइभर गार्ड आदि पात्रहरू रहेका छन् । यस कथाका प्रमुख पात्रहरू निम्न अनुसार छन ।

शर्मिला

शर्मिला यस कथाकी प्रमुख केन्द्रीय पात्र हुन् । यस कथामा आदिदेखि अन्त्यसम्म नै उनको भूमिका रहेको छ । सानैदेखि पढने इच्छा भएकी आर्थिक अवस्था कमजोर गरीब परिवार उच्च शिक्षा पढने इच्छा सहर काठमाडौ गइसकेपछि उनको जीवन लथालिङ्ग भएकी पात्र हुन् ।

पूजा

पूजा यस कथाकी सहायक पात्रका रुपमा भूमिका रहेकी पात्र हो । शर्मिलालाई मामाघरमा लगेर जाने र उनको जीवन बबार्द पार्नमा उनको भूमिका रहेको छ । उनी खलपात्रका रुपमा समेत देखिन्छन् ।

मामा

मामा यस कथाको सहायक पात्र हो । उनले शर्मिलाको जीवन बर्बाद पारेको भूमिकाका रूपमा देखिन्छन् । शहरमा छिरेका सोझासाझा केटीहरूको जीवन लथालिङ्ग पार्ने पात्रका रुपमा मामा पात्र रहेको छ । धनदौलत धेरै भएको सामन्ती प्रतिनिधि पात्रका रुपमा समेत प्रतिनिधित्व गरेको छ ।

### ४.१८.३  परिवेश

यस कथामा सहरिया र गाउँले दुवै परिवेश देखिन्छ । स्थानमा शहरमा काठमाडौ रहेको छ भने गाउँमा गरीब परिवार आर्थिक अवस्था नाजुक भएको परिवार शहरमा पढन गएपछि शहरको वातावरण नबुझेर हुने बर्बादीका घटना यस कथाको वातावरण रहेको छ ।

### ४.१८.४ दृष्टिविन्दु

यस कथामा कथाकार कथाभन्दा बाहिरै रहेर सम्पूर्ण घटना र पात्रका बारेमा वर्णन गरेकाले यहाँ तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दु रहेको छ ।

### ४.१८.५ उद्देश्य

प्रस्तुत कथामा शहरमा शहरिया वातावरण नबुझ्नेमा छोरीचेलीहरूको कसरी जीवन बर्बाद हुन्छ देखाउनु नै यस कथाको उद्देश्य रहेको छ ।

### ४.१८.६ भाषाशैली

यस कथामा गरीब गाउँले छोरी पढनको लागी शहरमा जादाँ त्यहाका शोषक सामन्तले आफ्नो कब्जामा पारी जीवन लथालिङ्ग पारेको परिस्थितिलाई कथाकारले सरल, सहज र स्वभाविक भाषिक विन्यास गरी प्रस्तुत गरेका छन । समग्रमा कथाको भाषाशैली सरल स्वतःस्फूर्त र प्रवाहमय रहेको छ ।

### ४.१८.७ सारवस्तु

प्रस्तुत कथामा गाउँबाट पढ्नलाई भनेर शहरमा जाने छोरीचेलीहरूलाई विग्रनबाट रोक्नुपर्दछ भन्ने सारवस्तु रहेको पाइन्छ ।

## ४.१९ टाँकीको फेद कथाको विश्लेषण

टाँकीको फेद कथा **अभिशप्त समय** कथासङ्ग्रहमा रहेको सामाजिक यथार्थवादी कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** कथासङ्ग्रहमा (१२४- १३०) पृष्ठमा विस्तारित छ । प्रस्तुत कथाको कथानक रैखिक ढाँचाको शृङ्खलामा संरचित छ ।

### ४.१९.१ कथानक

प्रस्तुत कथाको कथानक गाउँमा सरकारी कर्मचारी आउँदैछन भने पटाङ्गिनीमा कटुवाले ठूलो स्वरले चिच्याउँछ र घरको एकएकजना उपस्थित हुन्छन । भारमलेकी श्रीमती कित्थीलाई ल्याउन पठाउँछन । भारमले मुग्लान पसेको चार बर्ष भएको हुन्छ । ठिटाहरू कित्थीलाई लिन जान्छन । कित्थी छाउपडी गोठमा हुन्छे । आफू छुइकी भएकी आउन नसक्ने समाचार पठाउँछिन । ठिटाहरू त्यही सन्देश लिएर जान्छन । पञ्चे भलादमीले ठिटाहरू पुःन ससूराले बोलाएको छ भनेर बोलाएर ल्याउ भन्छन र अन्ततः कित्थी आउँछिन् । पटाङ्गिनीको दृश्य परिवर्तन हुन्छ । कित्थीलाई यो कुकर्म कसको गरिस भनी दबाब हुन्छ र जैसिङ्गे लाटाको भन्छे । सबै जना छक्क पर्छन र जैसिङ्गे लाटोलाइ पनि ल्याइन्छ । कित्थीलाइ भारमलेको घर निकाला गरिन्छ । उसले अर्को पोइल नजादा सम्म छाउपडी गोठमा जीवन निर्वाह गर्नुपर्ने र जैसिङ्गे लाटोलाई गाउँ निकाला गरिदिन्छन । यत्तिकैमा कथानक समाप्त हन्छ ।

### ४.१९.२ पात्र चरित्रचित्रण

प्रस्तुत कथामा कित्थी, जैसिङ्गे लाटो, कटवाले, साइमले दमै, जैमले कित्थीका सासू ससुरा, कित्थीको पोई, भारमले, छोरेट्टा छोरेट्टी, पञ्चभलादमी वैकेनी पात्रहरू रहेका छन् । प्रमुख पात्रहरू निम्न अनुसार छन् ।

कित्थी

कित्थी यस कथाकी प्रमुख नारी पात्र हो । यस कथामा आदिदेखि अन्त्य सम्म नै उनको भूमिका रहेको छ । कित्थी अन्धविश्वास रुढिवादी प्रथाबाट सिकार भएकी अमानवीय व्यवहारबाट पीडित लोग्ने विदेश हुँदा अर्के लोग्नेमान्छेसगँको सहवासले गर्दा भविष्य अन्योल भएकी पात्र हो । छाउपडी प्रथाको नारी प्रतिनिधिपात्रका रुपमा कित्थीले प्रतिनिधित्व गरेकी छिन् ।

जैसिङ्गे लाटो

जैसिङ्गे लाटो यस कथाको प्रमख पुरुष पात्रका रुपमा रहेको छ । कित्थी सँगको सहवासपछि ऊ पनि गाउँ निकाला भएको पात्र हो ।

## ४.१९.३ परिवेश

प्रस्तुत कथाको परिवेश गाउँले ( पटाङ्गिनी ) स्थान सुदूरपश्चिम र वातावरण रुढिवादी संस्कार र छाउपडी प्रथा रहेको छ । गरीबी र अशिक्षा पनि यस कथाको वातावरण रहेको पाइन्छ ।

## ४.१९.४ दृष्टिविन्दु

यस कथामा कथाकार कथाभन्दा बाहिरै रहेर सम्पूर्ण घटना र पात्रहरूका बारेमा वर्णन गरेकाले यहाँ  तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दु रहेको छ ।

## ४.१९.५ उद्देश्य

प्रस्तुत कथामा सुदूरपश्चिमाञ्चल क्षेत्रमा हुने रुढिवादी प्रथा र छाउपडी प्रथाको स्वरुप देखाउनु नै यस कथाको मुख्य उद्देश्य हो । कथाकार घनश्याम शर्माले विशेष गरेर सुदूरपश्चिमाञ्चल क्षेत्रका भौगालिक र सांस्कृतिक परिवेशलाई आधार मानेर त्यहाँको कथ्य प्रस्तुत गरेका छन् । गरीबीका कारण लोग्नेमानिसहरू रोजगारका लागि मुगलान जाने कुरा प्रस्तुत गर्नु र गाउँमा कुनै जटिल समस्या समाधान गर्नु परेमा पञ्चभलादमीहरुले न्यायको फैसला गर्ने र रजस्वला भएकी स्त्रीलेघरवाहिर गोठमा कष्टका साथ बस्नुपर्ने परम्परालाई प्रस्तुत गर्नु नै यस कथाको उद्देश्य रहेको छ ।

## ४.१९.६ भाषाशैली

यस कथाको भाषाशैली गाउँले सुदूरपिश्चमेली भाषा रहेको छ । स्थानमा पटाङ्गिनी र वातावरण पञ्चभलादमी जम्मा भई निर्णय गर्ने रूढिवादी परम्परा रहेको छ । सुदूरपश्चिमेली भाषामा जस्तैः छोरेट्टा -केटा , छोरेट्टी -केटी र वैकेनी- आइमाइ आदि शब्दहरू उल्लेख भएका पाइन्छन् ।

## ४.१९.७  सारवस्तु

प्रस्तुत कथामा सुदूरपश्चिमाञ्चल क्षेत्रको रुढिवादी प्रथा र छाउपडी प्रथाको अन्त्य गर्नुपर्दछ भन्ने सारवस्तु रहेको छ । कथाकार घनश्याम शर्माले यस कथाका माध्यमबाट गरबीका कारण

रोजगारीका लागि मुगलान जाने समस्या अन्त्य गर्न पहल हुनुपर्ने, गाउँमा पञ्चभलादमी जम्मा भएर गर्ने फैसला रोक्न पहल गर्नुपर्ने र छाउपडी भई गोठमा दुःख कष्टका साथ बस्न विवश नारीहरूलाई मुक्ति दिलाउन पहल गर्नुपर्ने सन्देश दिन खोजेका छन् ।

## ४.२० उसको टाउको कथाको विश्लेषण

उसको टाउको कथा **अभिशप्त समय** कथा सङ्ग्रहमा रहेको यथार्थवादी कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** कथासङ्ग्रहमा (१३१ -१३७) पृष्ठमा विस्तारित छ । यो कथा सर्वप्रथम मधुपर्क,चैत २०६२ मा प्रकाशित भएको पाइन्छ । यो कथा रैखिक ढाँचाको शृङखलामा संरचित छ ।

### ४.२०.१ कथानक

प्रस्तुत कथाको ऊ पात्र अर्थात सरकारी कर्मचारी देशमा बहुदलीय ब्यवस्था आइसकेपछि उसको कार्यालयमा ऊ सँगैसँगै काम गर्ने समकालीन साथीहरू चुनाबको प्रचारप्रसार र कुनै न कुनै पाटीमा लाग्छन र पाटीमा लाग्न सल्लाह दिन्छन तर ऊ पात्र भने कार्यालयको अनुशासित भएर काम गर्दछ कुनै पाटीमा लाग्दैन । दक्ष कर्मचारी पाखा लाग्दछन र जस्ले चाकडी चाप्लुसी गर्ने र घूषखोरीको दिन शुरु हुन्छन । अचानक उसको सरुवा पो हुन्छ । तिनै चलतापूर्जाले भनेको नमान्दा उसको सरुवा हुन्छ । उसले रमाना रोक्न पहल गर्छ । उसका साथीहरूले हाकिम काठमाडौ गएको र कोसेली लिएर भेटन जान सल्लाह दिन्छन ऊ काठमाडौ जान्छ । हाकिमलाई भेट्छ र हाकिमले दुइ महिनाको तलब दिने सर्तमा सरुवा रोकिदिन्छन । ऊ सरासर टिकट काटेर बसमा चढ्छ, टाउको दुख्छ रोगी स्वास्नी बालक छोराछोरी अनि दुइ महिनाको तलब सम्झेर झनै टाउको दुख्न थाल्छ । यत्तिकैमा कथानक अन्त्य हुन्छ ।

### ४.२०.२ पात्र /चरित्रचित्रण

प्रस्तुत कथामा 'ऊ' पात्र, हाकिम, सहपाठी साथीहरू र मन्त्री रहेका छन् । यस कथाको प्रमुख पात्र 'ऊ' पात्र हो ।

'ऊ'

ऊ यस कथाको प्रमुख भूमिका भएको पात्र हो । कथामा आदिदेखि अन्त्य सम्म नै उसको केन्द्रियतामा नै कथा घुमेको छ । ऊ पात्र मिहिनेती कसैको पछि नलाग्ने कर्मचारी हुन्छ । ऊ पात्र चाकडी चाप्लुसी र घूषखोरी विरुद्ध हुँदाहुदै अन्त्यमा घूष खुवाउन बाध्य पात्रका भूमिकाका रुपमा रहेको छ ।

### ४.२०.३ परिवेश

यस कथाको परिवेश शहरिया काठमाडौ रहेको छ । समय बहुदलीय प्रजातन्त्र आएपछिको र वातावरण कर्मचारी तन्त्रमा हुने मनपरीतन्त्र रहेको छ ।

### ४.२०.४ दृष्टिविन्दु

प्रस्तत कथामा ऊ पात्रका माध्यमबाट कथाका सम्पूर्ण घटना र पात्रका बारेमा वर्णन गरेकाले तृतीय पुरुष सीमित दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ४.२०.५ उद्देश्य

यस कथामा कर्मचारीतन्त्रमा हुने गरेको चाकडी चाप्लुसी र घूषखोरी विरुद्धको वास्तविकता देखाउनु नै यस कथाको मुख्य उद्देश्य रहेको छ ।

### ४.२०.६ भाषाशैली

यस कथामा सरल, सहज र सरस भाषाशैलीको प्रयोग भएको पाइन्छ । संवादात्मक शैली र उखानटुक्काको समेत प्रयोग भएको छ ।

### ४.२०.७ सारवस्तु

यस कथामा कर्मचारी तन्त्रमा हुने विकृति विसङ्गतिको भण्डाफोर गर्नु नै प्रस्तुत कथाको सारवस्तु हो । कथाकार घनश्याम शर्माले यो कथाका माध्यमबाट यो देशमा कर्मचारीतन्त्रमा हुने गरेको चाकडी, चाप्लुसी र भष्ट्रकर्मचारीहरूलाई कार्वाही हुनुपर्ने सन्देश दिन खोजेका छन् ।

## ४.२१ नजन्मिएको कथा कथाको विश्लेषण

नजन्मिएको कथा **अभिशप्त समय** कथासङ्ग्रहमा रहेको यथार्थबादी कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** कथासङ्ग्रहमा (१३८-१४५) पृष्ठमा विस्तारित छ । प्रस्तुत कथाको कथानक रैखिक ढाँचाको शृङ्खलामा संरचित छ ।

### ४.२१.१ कथानक

प्रस्तुत कथाको कथानक तिमीले सधैं अरुको मात्रै कथा लेख्छौ, मेरो कथा कहिल्यै लेखिदिँदैनौ । लौ भन मेरो कथा कहिल्यै लैख्छौ ? श्रीमतीको आदेशात्मक अनुरोध पछि ऊ पात्रले आफ्नै श्रीमतीको बारेमा कथा लेख्ने कि नलेख्ने सोच्छ र कथानक प्रारम्भ हुन्छ । ऊ पात्र जब पिउन बस्छ, केके सम्भिरहन्छ । डेरा, श्रीमती, छोराछोरी, कार्यालय, हाकिम, तलब, काठमाडौमा घरघडेरी गर्न नसकेको छटपटाहट, छोराछोरी बिरामी हुँदा लागेको रिन, दशैमा बाबुआमालाई पैसा पठाउन नसकेको खिन्नता, आत्मग्लानि । नैतिकहीन र दुराचारी मान्छेहरूको समुदाय । भीषण बाढी, पहिरो । सुशासनको अन्त्य, कुशासनको विकृति ! सामाजिक भेदभाव ! निराशा ! कुण्ठा ! गरीबी आदि सम्भन्छ । उ एउटा कथा लेख्न बसेको धेरै पर पुग्छ । श्रीमती निदाएको बुझेपछि कापी र कलम लिएर कसको कथा लेख्ने आज, यस पटक, यो कथा आफ्नै कथा लेख्ने, आफ्नी श्रीमतीको या गरीबीको, कहालीलाग्दो जीवनचक्रको, बाँच्न र मर्न दोसाँध बाहिरी आवरणमा सद्दे देखिएपनि मानसिक रुपमा विक्षिप्त भएको आफ्नै कथा

लेख्ने । काठमाण्डौको अभाव र महँगी गाँउको सजीव गरीबीको, सहरका सम्भ्रान्त महिला पुरुषका बारेमा एक जोडी महिला पुरुषका बारेमा लेखकले सोच्छ यी सब थुप्रै कथाहरू थिए जुन जन्मिन सकेका थिएनन । अब उसको मानसपलटबाट सबै दृश्यहरू गायब हुन्छन र सोच्यो, फेरि पनि कुनै कथा जन्माउन सकिएन । यत्तिकैमा कथानक अन्त्य हुन्छ ।

### ४.२१.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा 'ऊ' पात्र (लेखक), ऊ पात्रकी श्रीमती र महिला पुरुष पात्रहरू रहेका छन् । यस कथाको मुख्य पात्रको मात्र चरित्रचित्रण गरिएको छ ।

'ऊ' पात्र

ऊ पात्र यस कथाको प्रमख भूमिका भएको पात्र हो । यस कथामा आदिदेखि अन्त्यसम्म नै उसकै केन्द्रियतामा कथा घुमेको छ । ऊ पात्रले देखेका आम मानिसका समस्याहरूलाई प्रस्तुत गरेका छन् ।

### ४.२१.३ परिवेश

यस कथाको परिवेश शहरिया, स्थान काठमाडौ रहेको छ । शहरमा हुने विकृति विसङ्गति यस कथाको वातावरण रहेको छ । शहरमा आम मानिसहरूले भोग्नुपर्ने समस्याहरु पनि यस कथाको वातावरण रहेका छ ।

### ४.२१.४ दृष्टिविन्दु

यस कथामा ऊ पात्रका माध्यमबाट सम्पूर्ण घटना र पात्रका बारेमा वर्णन गरेकाले तृतीय पुरुष वस्तुपरक दृष्टिविन्दुको प्रयोग भएको छ । यस कथामा कथाकार कुनै पनि पात्रको मन भित्र नपसी वर्णन गरेकाले यहाँ वस्तुपरक दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.२१.५ उद्देश्य

प्रस्तुत कथामा शहरिया परिवेशमा हुने विकृति विसङ्गतिमा लिप्त आम मानिसहरूको जीवनशैली, रहनसहन र आम मानिसहरूले शहरमा भोग्नुपर्ने समस्याहरू प्रस्तुत गर्नु नै यस कथाको उद्देश्य रहेको छ ।

### ४.२१.६ भाषाशैली

प्रस्तुत कथा शहरमा हुने विकृति विसङ्गतिको अवस्थालाई सरल, सहज र भाषिक विन्यास गरी प्रस्तुत गरिएको छ । पूर्ण वाक्य, वर्णनात्मक प्रश्नोत्तर शैली रहेको छ । यस कथाको भाषाशैली सहज स्वःतस्फूर्त र प्रवाहमय रहेको छ ।

### ४.२१.७ सारवस्तु

प्रस्तुत कथाको सारवस्तु शहरिया परिवेशमा हुने विकृति र विसङ्गतिको अन्त्य गर्नुपर्दछ भन्ने रहेको छ । आम मानिसहरूका समस्याहरुलाई राज्यले समयमै सम्बोधन गरी गलत प्रवृति गर्ने ब्यक्तिहरूलाई निरुत्साहित गर्ने र शहरमा हुने अनियमितताको भण्डाफोर गर्नुपदछ भन्ने यस कथाको सारवस्तु रहेको छ ।

## ४.२२ एउटा समयको अन्त्य कथाको विश्लेषण

एउटा समयको अन्त्य कथा **अभिशप्त समय** कथासङ्ग्रहमा रहेको यथार्थवादी कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** कथासङ्ग्रहमा (१४६-१५२) पृष्ठमा विस्तारित छ । यो कथा सर्वप्रथम अक्षर, पुष-चैत २०६२ मा प्रकाशित भएको पाइन्छ । यस कथाको कथानक रैखिक ढाँचाको शृङ्खलामा रहेको छ ।

### ४.२२.१ कथानक

प्रस्तुत कथाको कथानक ऊ पात्रको घरको आर्थिक अवस्था नाजुक बेरोजगार तीस बर्ष पुग्न लागिसकेको देशमा कुनै रोजगारीको सम्भावना देख्दैन र घरमा बाआमाको कहिले बिहे गर्छस भन्ने किचकिचबाट कथानक प्रारम्भ भएको छ । बाआमाको बारम्बारको कचकचबाट ऊ आजित भइ बिहे गर्छ । छोराछोरी समेत जन्मिई जिम्मेवारी समेत बढ्छ । मनको पीडा बेदना पोख्न कोही नभएपछि श्रीमतीलाई बिदेश जाने कुरा गर्छ र पत्नीले पनि स्वीकृति दिन्छिन् । घरखेत बन्धकी राखेर भएपनि जाने विचार गर्छ । ऊ भोलिपल्टै काठमाडौ हिड्छ । सालोको घरमा पुग्छ । दाइ र भिनाजु पनि गाँउबाट विस्थापित भएर उसकै घरमा हुन्छन् । सालोकी श्रीमतीले अप्ठयारो मान्न थाल्छिन र दुःख र कष्टका बीच कामको खोजी र विदेश जानेहरूको भीडमा समावेश हुन्छ र म्यानपावर कम्पनीमा आफ्नो पासपोर्ट र सर्टिफिकेट बुझाउँछ । म्यानपावरमा पैसा बुझाउनुपर्ने पैसा हुँदैन गाउँकै एउटा ब्यापारीसँग सयकडा पाँचका दरले ऋण लिन्छ र अर्को हप्ता बिदेशिन्छ । बिदेशमा होटेलमा काम गर्छ उसले मानसिक र शारीरीक पीडा भोग्नुपरेको छ । ऊ नेपाल फर्कन र आफ्नै देशमा केही गर्ने सोचका साथ खाडी मुलुक छोडछ । ऊ देश छोडेर खाडी मुलुक जाँदा असङख्य सपनाहरु थिए । ऊ उद्देश्य विहीन फर्कदै गर्दा प्लेन दर्घटना हुन्छ सबै यात्रुको मुत्यु हुन्छ र एउटा समयको अन्त्य हुन्छ । यत्तिकैमा कथानक अन्त्य हुन्छ ।

### ४.२२.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा ऊ पात्र, उसकी श्रीमती, छोराछोरी, सालो, सालोका श्रीमतीका दाइ, भिनाजु, म्यानपावरको डाइरेक्टर, ब्यापारी रहेका छन् । यस कथाको प्रमुख पात्रको मात्र चरित्रचित्रण गरिएको छ ।

ऊ पात्र

ऊ प्रस्तुत कथाको पात्र प्रमुख भुमिका भएको केन्द्रिय पात्र हो । कथामा आदिदेखि अन्त्य सम्म नै उसकै केन्द्रियतामा कथा घुमेको छ । ऊ पात्र गरीबीको भुमरीबाट उम्कन बिदेश जान बाध्य पात्र हो । ऊ पात्रले विदेशमा गएर पनि धेरै दुःख कष्ट भोगेको छ र विदेशमा दुःख गर्नुभन्दा आफ्नै देशमा केही गर्छु भन्ने भावना भई स्वदेश फर्किएकाले ऊ यस कथाको गतिशील चरित्र हो ।

### ४.२२.३ परिवेश

यस कथाको परिवेश गाँउले र शहरिया दुवै रहेको छ । स्थानमा काठमाडौ र खाडीमुलुक रहेका छन् । देशमा रोजगारीको अवसर नभई विदेशिने नेपाली युवाहरुको कारुणिक व्यथा र गाउँमा द्वन्द्वको मारले युवाहरू बस्न नसकी शहरपस्ने र विदेशिने समस्या यस कथाको वातावरण रहेको छ ।

### ४.२२.४ दृष्टिविन्दु

यस कथाको तृतीय पुरुष सीमित दृष्टिविन्दु रहेको छ । प्रस्तुत कथामा कथाकारले कथाको सम्पूर्ण घटना र पात्रको वर्णन एउटै पात्रको माध्यमबाट गरेकाले यहाँ सीमित दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ४.२२.५ उद्देश्य

प्रस्तुत कथामा देशमा रोजगारी नभएर बिदेशिन बाध्य युवा नेपालीहरुको कष्टकर जीवन विदेशमा गएर भोग्नुपर्ने शारीरीक र मानसिक पीडाको चित्रण देखाउनु नै प्रमुख उद्देश्य रहेको छ । गाउँमा द्वन्द्वको मार खेप्न नसकेर शहर वस्ने युवाहरूको चित्रण समेत यस कथाको उद्देश्य रहेको छ ।

### ४.२२.६ भाषाशैली

प्रस्तुत कथामा स्वदेशमा रोजगारी नभएर विदेशिने युवाहरुको कष्टकर जीवनलाई सरल, सहज र स्वभाविक भाषिक विन्यास गरी प्रस्तुत गरिएको छ । पूर्ण वाक्यको प्रयोग वर्णनात्मक शैली रहेको छ । उखान टुक्काको प्रयोग पाइन्छ ।

### ४.२२.७ सारवस्तु

प्रस्तुत कथाको सारवस्तु देशमै रोजगारीको सिर्जना गरी विदेशिने हजारौं युवा नेपालीहरूलाई स्वदेशमै रोजगारको व्यवस्था गरी विदेश गई भोग्नुपर्ने कष्टकर जीवनलाइ अन्त्य गर्नुपर्छ भन्ने यस कथाको सारवस्तु रहेको छ ।

## ४.२३ अवशेष जीवनयात्रा कथाको विश्लेषण

अवशेष जीवनयात्रा कथा **अभिशप्त समय** कथासङ्ग्रहमा रहेको सामाजिक यथार्थवादी कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** कथा संङग्रहमा (१५३-१५८) पृष्ठमा विस्तारित छ । यो कथा सर्वप्रथम

मिर्मिरे, भदौ २०६२ मा प्रकाशित भएको पाइन्छ । प्रस्तुत कथाको कथानक रैखिक ढाँचाको शृङ्खलामा संरचित छ ।

### ४.२३.१ कथानक

प्रस्तुत कथाको कथानक पिङ्की र उसका बाआमा पार्टीमा जाने विषयको वार्तालापबाट प्रारम्भ भएको छ । पिङ्की पार्टीमा नजाने बताउँछिन भने बाआमा जानुपर्ने भन्छन र पिङ्की पनि बाआमा सँगै पार्टीमा जान्छिन । पार्टीमा पिङ्कीलाई विपुलसँग परिचय गराइन्छ । ऊ नातेदार नै पर्ने रहेछ । एकदिन फुपूले अनौठो प्रस्ताव देवर विपुललाइ पिङ्की दिनुपर्ने प्रस्ताव लिएर आउँछिन । पिङ्कीको पढने इच्छा सङ्गीत र कला सिक्ने सौख हुन्छ । एक्कासी बिहेको पस्ताब प्रति कडाइका साथ विरोध गर्छिन । पिङ्कीका बाआमा र फुपू तीनै जना मिलेर कन्भिन्स गर्छन र पिङ्कीले सहमति दिन्छिन । पिङ्की विपुलको घरमा भित्रिन्छे । दुवैजना खुशी छन् । अचानक विपुल मिसनमा पर्छ र फौजीको जागिर ब्यारेक सिस्टमले पिङ्कीलाई त्यसै दिक्क बनाएको हुन्छ, त्यसमा पनि लामो समय छुट्टिएर बस्नुपर्ने पीडाले उसलाइ आहात बनाएको छ । उसले कलेज र संगीत छोडन सक्तिन । ऊ संगीत विना बाँच्न नसक्ने भइसकेकी हुन्छे । विपुल विना बाँच्न सक्ने कल्पना गरिसकेकी हुन्छे । विपुल फर्कन्छ । पिङ्कीले आफूले गरेको सफलता देखाउँछिन तब विपुल भने प्रतिक्रियाविहीन र फौजी भाषामा आजबाट कलेज कही नजाने यो उसको अन्तिम निर्णय सुनाउँछ । त्यसपछि पिङ्कीले पनि घर छोडने निर्णय गर्छिन् । रातारात सफलताको सिढी चढाउनेहरू कामुक दृष्टिले हेर्न थाल्छन । उसको यौवनलाइ भोग गर्नेहरू रातारात करोडपति बनाउने मानिसहरु गायब हुन्छन । अहिले ऊ सँग सबैथोक छ तर रित्तो कोख छ विपुलकी पत्नी भएर त बस्न सकिन समाजमा महिलाका तर्फबाट गरिने भनिएका हरेक विकृतिका जड पुरुषहरू नै हुन् । यो घाम जत्तिकै यथार्थ हो । उसले यो अवस्था हुन्छ भनेर कल्पना सम्म पनि गरेकी थिइन । उनको अन्तिम धोको शेषपछि विपुलका छोराहरूलाइ सम्पत्ति पाउने गरि कागज बनाउने हुन्छ । के तिमीले यो अवशेष जीवन कस्तो होला भनेर सोचेका छौ ? छैन भने पनि एकपटक सोचिदेउ ल ! । यत्तिकैमा कथानक अन्त्य हुन्छ ।

### ४.२३.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा पिङ्की, विपुल, पिङ्कीका बाआमा, फुपू आदि पात्रहरु रहेका छन् । यहाँ प्रमुख दुई पात्रको मात्र चरित्रचित्रण गरिएको छ ।

पिङ्की

पिङ्की यस कथाकी प्रमुख नारी चरित्र हो । कथामा आदिदेखि अन्त्यसम्म नै उनको उपस्थिति रहेको छ । समाजमा महिलाहरूका तर्फबाट गरिने भनिएका जड पुरुषहरू नै हुन भन्ने यथार्थ देखाउने पात्र हुन् । महिलाहरूको प्रतिनिधि पात्रका चरित्रका रुपमा यस कथामा उनको उपस्थिति रहेको छ । समय र परिस्थिति अनसार परिवर्तन हुन नसक्ने गतिहीन चरित्रका रुपमा उनको उपस्थिति देखिन्छ ।

विपुल

विपुल यस कथाको प्रमख भुमिका भएको केन्द्रिय पुरुष पात्र हो । कथामा आदिदेखि अन्त्य सम्मनै उसको उपस्थिति देखिएकाले विपुल कथाको मुख्य पात्र हो । ऊ फौजी शंकालु प्रेममा धोका दिएको पात्रका रुपमा उपस्थित छ । समय र परिस्थिति अनुसार परिवर्तन हुन सक्ने भएकाले यस कथाको गतिशील चरित्र हो ।

### ५.२३.३ परिवेश

प्रस्तुत कथाको परिवेश शहरिया, सम्भान्त परिवार स्थानमा काठमाडौ रहेको छ । महिलामाथि हुने अन्याय अत्याचार र अनिच्छाका कारण जर्वजस्ती विवाह गर्ने परम्पराबाट महिलाले भोग्नुपर्ने पीडा यस कथाको वातावरण रहेको छ ।

### ४.२३.४ दृष्टिविन्दु

प्रस्तुत कथामा तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुको प्रयोग गरिएको छ । प्रस्तुत कथामा कथाकार कथाभन्दा अलग्गै रहेर कथाका सम्पूर्ण घटना र पात्रका वर्णन गरेकाले यहाँ तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

### ४.२३.५ उद्देश्य

प्रस्तुत कथामा महिलामाथि जर्बजस्ती विवाह गर्ने परम्परा र विवाह पश्चात महिलाहरूले भोग्नुपर्ने पीडा र मानसिक छटपटाहट प्रस्तुत गर्नु र प्रेममा धोका खाएका महिलाहरूको चित्रण एवं समाजमा महिलामाथि हुने गरेका हरेक विकृतिका जड पुरुषहरु नै हुन भन्ने देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

### ४.२३.६ भाषाशैली

प्रस्तुत कथामा कथाकारले सरल, सहज र भाषिक विन्यास गरी पस्तुत एवंम पढेलेखेका पात्रहरु भएकाले उनीहरुले पयोग गर्ने भाषा ठेट नेपाली वर्णनात्मक र संवादात्मक शैलीको प्रयोगले कथा स्पष्ट रहेको छ । उखानटुक्काको समेत प्रयोग भएको पाइन्छ ।

### ४.२३.७ सारवस्तु

प्रसतुत कथामा हरेक महिलाको विकृतिका जड पुरूषहरू हुन् । महिलामाथि हुने दमन अन्याय अत्याचारका विरुद्ध महिलाहरु एक भएर लाग्नु पर्दछ र जर्बजस्ती अनिच्छाका कारण हुने विवाह रोक्नुपर्दछ भन्ने यस कथाको सारवस्तु रहेको छ ।

## ४.२४ बालिसरा कथाको विश्लेषण

प्रस्तुत कथा **अभिशप्त समय** (२०६४) कथासङ्ग्रहमा रहेको अनमेल विवाह सम्बन्धीको यथार्थवादी कथा हो । प्रस्तुत कथा **अभिशप्त समय** कथा सङ्ग्रहमा (१५९-१६६) पृष्ठमा विस्तारित छ । प्रस्तुत कथाको कथानक रैखिक ढाँचाको शृङ्खलामा संरचित छ ।

### ४.२४.१ कथानक

प्रस्तुत कथाको कथानक बालिसराको सानै उमेरमा बिहे भएको प्रसङ्गबाट प्रारम्भ भएको छ । दस वर्षकी बालिसरालाइ बिहे गर्न नहुने तर गाँउको चलन यस्तै छ । छोरीको जात अर्काको नासो राख्नहुदैन भन्ने चलन हुन्छ । बीस वर्षे लोग्नेसँग दशवर्षे स्वास्नी कस्तो बेमेलको जिन्दगी ! लोग्नेलाई बिहे गरेको अनुभूति हुँदैन घरमा ऊ नयाँ सदस्यको आगमन मात्रै । बालिसरालाई लोग्ने राक्षस जस्तै लाग्छ । लोग्ने केही दिनमा नै मुगलान जान्छ र बालिसराको मनस्थिति सामान्य देखिन थाल्छ । बालिसरालाइ सपनामा ऊ आउँछ र उसले लखेटिरहन्छ । ऊ निदाउन अघि सपना देख्न नपरोस् भनेर कल्पना गरेकी हुन्छे । बालिसराका यौवनका खुड्किलाहरू चढदै जान्छन लोग्नेको खबर छैन सपना पनि हराउँदै जान्छ । ऊ आफ्नो लोग्नेको आकृति समेत चिन्न नसक्ने भएकी हुन्छे । बालिसरालाई त्यो मानिस सपनामा भए पनि आइदिए हुन्थ्यो लाग्छ । च्याल तिहार, माघेसक्रान्ति, शिवरात्रि र होली सबै चाडहरू जान्छन । उसको खसम हुँदैन उसले यी भीडमा आफ्नो खसमको अनुहार खोज्छे । दशकौ भएको हुन्छ । यतिका बर्ष किन घर फर्केर नआएको होला ? के उसले बालिसरालाई बिर्सिसकेको होला ? उसले बिहे गरेको समेत विर्सेको होला ? बालिसराले बुझ्न सक्दिनन् । उसलाई आफ्नो जिन्दगीसँग दिक्क लाग्छ । बाँच्नु बेकार लाग्छ । यसरी यो बर्षको होरी समेत सकिन्छ । बालिसराको जीवनको यो अर्को होरी अधुरो होरी हुन्छ र अर्को साल होरीमा खसम आएन भने ऊ होरी हेर्न नआउने प्रतिज्ञा गर्दै घरतिर लाग्छे । यत्तिकैमा कथानक अन्त्य हुन्छ ।

### ४.२४.२ पात्र/चरित्रचित्रण

बालिसरा

बालिसरा यस कथाकी प्रमुख नारी पात्र हो । उनको दश वर्षकै उमेरमा अनमेल विवाह भएको हुन्छ । छोरीको जात अर्काको नासो राख्नु हुँदैन भनेर सानै उमेरमा विहे गराइदिएर पठाइदिने रूढिवादी परम्परा अनुसार बीस बर्षे लोग्नेसँग विहे गराएकी अनमेल विवाहबाट रूमलिएकी पात्र हो । रूढिवादी परम्पराबाट आक्रान्त भएकी पात्र हो ।

### ४.२४.३ परिवेश

यस कथामा सुदूरपश्चिमको गाउँले परिवेश रहेको छ । स्थानमा खप्तडको लेक रहेको छ । सुदूरपश्चिममा रुढिवादी परम्परा अनुसार छोरीलाई अर्काको नासो राख्नुहँदैन भन्ने चलनअनुसार अनमेलविवाह गर्ने परम्परा र लोग्ने मानिसहरू गरीबीका कारण रोजगार गर्नका लागी मुगलान जाने

वातावरण रहेको छ । अनमेल विवाहबाट उत्पन्न हुने परिस्थितिका वारेमा कथाकारले यस कथामा अति मार्मिक तरीकाले प्रस्तुत गरेका छन् ।

### ४.२४.४ दृष्टिविन्दु

प्रस्तुत कथामा तृतीय पुरुष सीमित दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ । प्रस्तुत कथामा कथाकार कथाभन्दा वाहिरै रहेर सम्पूर्ण घटनाको वर्णन एउटै पात्रको भएकाले यहाँ सीमित दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ४.२४.५ उद्देश्य

प्रस्तुत कथामा  रुढिबादी प्रथा अनुसार छोरीचेलीहरूलाई अर्काको नासो राख्नु हुँदैन भन्ने चलन अनुसार अनमेल विवाह गर्न बाध्य तिनका भोगाइ र मानसिक छटपटाहटलाई प्रस्तुत गर्नु यस कथाको उद्देश्य रहेको छ ।

### ४.२४.६ भाषाशैली

प्रस्तुत कथामा सरल, सहज र सरस भाषाशैली रहेको छ । सुदूरपश्चिमेली भाषा र देउडा भाका समेत समावेश रहेको छ । कथाकार घनश्याम शर्माले सुदूरपश्चिमाञ्चल क्षेत्रका भौगोलिक र सास्कृतिक परिवेशलाई आधार मानेर त्यहाँका लोक सस्कृति तथा संस्कारहरूलाई कथ्य बनाएका छन ।

### ४.२४.७ सारवस्तु

प्रस्तुत कथामा सुदूरपश्चिमाञ्चल क्षेत्रमा हुने रुढिवादी प्रथा र अनमेल विवाह अन्त्य गर्नुपर्दछ । त्यहाँको गरीबीका कारण रोजगारीका लागी मुगलान जाने नेपालीहरुको स्वदेशमै रोजगारी र शिक्षाको उज्यालो छर्नुपर्दछ र रुढिवादी परम्परा अन्त्य हुनुपर्ने यस कथाको सारवस्तु रहेको छ ।

## ४.२५ निष्कर्ष

घनश्याम शर्माको अभिशप्त समय (२०६४) कथासङ्ग्रह भित्र रहेका २३ वटा कथाहरूको कथातत्वका आधारमा विश्लेषण गरिएको छ । घनश्याम शर्माका द्वन्द्व कथाहरूमा अभिशप्त समय, मुत्युको खबर र जिरे कथाहरू रहेका छन् । यी द्वन्द्व कथाहरूमा सर्वसाधारण मानिसहरूले अनुभूत गरेका सन्त्रास, पीडा देखिन्छन् । जुन उद्देश्यका निमित्त देशमा युद्व भएको थियो, त्यो परिणाममुखी हुन नसकेको र नागरिकहरूमा छाएको निराशालाई कथामा व्यक्त गरेका छन् । द्वन्द्वमा हत्या हिंसा र विनासका प्रसङ्गहरू उल्लेख गर्दै द्वन्द्वले नेपालीहरूको जीवनलाई मात्र आघात पारेको तथ्यलाई यी कथाका माध्यमबाट प्रष्ट पारेका छन् । लामो समयको द्वन्द्वबाट विस्थापित मनहरू, दोहोरो चेपुवामा परेका मानिसहरू तिनका भोगाइ र मानसिक छटपटाहटलाई कथामा व्यक्त गरेका छन् ।

घनश्याम शर्माको अभिशप्त समय कथा सङ्ग्रह भित्र रहेका अधिकांश कथाहरू सामाजिक सन्दर्भमा आधारित पाइन्छन् । अशिक्षा र गरीबीका कारण, परम्परित मान्यताका कारण, रुढिवादी कुसंस्कारबाट आक्रान्त भएका मानिसहरूको यथार्थता प्रस्तुत गरिएका कथाहरू रहेका छन् जस्तै : छाउपडी प्रथाको प्रतिनिधित्व कित्थीले, अनमेल विवाहको प्रतिनिधित्व बालिसराले, अनिच्छित विवाह गर्न बाध्य नारी वृन्दाले प्रतिनिधि गरेका पात्रहरु हुन् । समाजभित्रको मूल्य विघटनको स्थिति छर्लङ्याउन जोली पाण्डेको नियति, मौनताको अन्योल भविष्य जस्ता विषयवस्तुद्वारा विसङ्गत जीवनको चित्र उतार्ने प्रयास गरेको पाइन्छ । राजनीतिक भ्रष्ट नेताहरूको चरित्र, कर्मचारी वर्गका कष्ट र पीडा, दाम्पत्य जीवनका जटिलताहरू, गरीबीको दुर्दान्त चित्रण, समाजका यथार्थहरूको प्रस्तुति रोजगारका लागि मुगलान वा खाडीमुलुक जाने र एक्लो जीवन विताउने नारीका भग्न मानसिकता, कुण्ठा, उदासिनता आदिलाई यी कृतिहरूमा प्रस्तुत गरिएका छन् । चेपाङहरुको जनजीवनको चित्रण, प्रेम अनुराग, पतिपत्नी बीचको सम्बन्धको संवेदनशीलता, नातासम्वन्ध आदिको रूपलाई कथामा स्पष्ट पारेका छन् । समग्रमा गाउँले र शहरिया परिवेश दुवै रहेका कथाहरु छन् । दृष्टिविन्दुमा आन्तरिक र वाहय दुवै दृष्टिविन्दुको प्रयोग भएको छ तथापि तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुको प्रयोग वढी भएको छ । भाषाशैली सरल, सहज र भाषिक विन्यास गरी प्रस्तुत गरिएको छ । संवादात्मक, प्रश्नोत्तर र दृश्यात्मक वर्णनशैली रहेको पाइन्छ । उखानटुक्काको प्रयोग पनि पाइन्छ । समग्रमा यी कथाहरूका माध्यमबाट घनश्याम शर्मा सामाजिक यथार्थवादी धाराका कथा लेख्ने कथाकार हुन् । समग्रमा यी कथाहरूले समाजमा हुने विकृति र विसङ्गतिको अन्त्य हुनुपर्दछ, अशिक्षा गरीबीको स्तर बढाउनु पर्दछ, युवाहरूलाई स्वदेशमै रोजगारी दिनुपर्दछ, नारीहरु मथि हुने विभेद अन्त्य हुनुपर्दछ र देशमा युद्ध सदाका लागि अन्त्य हुनुपर्दछ भन्ने सन्देश नै यी कथाहरूमा कथाकारले दिन खोजेका छन् ।

# अध्याय : पाँच

## उपसंहार

घनश्याम शर्मा (२०२१) नेपाली साहित्यका क्षेत्रमा सामाजिक यथार्थवादी कथाकारका रूपमा सुपरिचित स्रष्टा हुन् । नेपालको सुदूरपश्चिमको अछाम जिल्लाको एक निम्न मध्यम परिवारमा जन्मिएका शर्मा बान्ह बर्षको सानै उमेरदेखि नै साहित्य सिर्जनामा लागेका अप्रकाशित रचनाहरू भेटिन्छन् । शर्माले २०६० सालमा धूलोमा उडेका सपनाहरू (२०६०) कथासङ्ग्रह प्रकाशित गरी औपचारिक रूपमा नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेका हुन् । उनले आफ्नै जन्मथलोमा माध्यमिक शिक्षा हासिल गरेका शर्मा उच्च शिक्षा भने राजधानी काठमाडौं प्रवेश गरी गरेको देखिन्छ । सानैदेखि प्राविधिक काम गर्ने इच्छाले पुलचोक इन्जिनियरिङ्ग अध्ययन संस्थानमा ओभरसियर पढ्न शुरु गरी प्राइभेट कलेजमा समेत भर्ना भई समाजशास्त्रमा स्नातकोत्तर सम्मको अध्ययन पूरा गरेको पाइन्छ । उनले ओभरसियरको पढाई सिध्याएपछि विभिन्न ठाउँमा प्राइभेट जागिर गर्दै २०४८ सालमा स्थायी रूपमा ओभरसियरमा नाम निकाली सरकारी सेवामा प्रवेश गरी काम गरेको, २०६६ सालमा सिभिल इन्जिनियरमा वढुवा भएको पाइन्छ । राजनीतिमा कम्यूनिष्ठ विचारधारा कसैको झण्डा बोकेर नहिडने सदस्यता कसैको नलिएका सामाजिक काम र साहित्य सिर्जनामा निरन्तर लागिरहने पेशामा सरकारी सेवकको रुपमा काम गर्दा कर्तब्य र जिम्मेवारी प्रति संवेदनशील देखिन्छन् । कथाकार घनश्याम शर्माले गुरुप्रसाद मैनालीका कथाहरू, लेखनाथ पौडेलका कविताहरू, रमेश विकलका कथाहरू, पारिजातका कथा र उपन्यासहरू र रसियन आख्यानकारहरूका धेरै पुस्तकहरूबाट प्रभावित हुनुका साथै उनले साझा पुरस्कार, मदन पुरस्कार र जगदम्बा पुरस्कार पाएका सबै पुस्तकहरू पढने गर्नुहन्थ्यो भन्ने कुरा शोध नायककी श्रीमती सरला शर्मा बताँउन्छिन् । नेपाली साहित्यका क्षेत्रमा सामाजिक यथार्थवादी कथाकारका रूपमा परिचित शर्मा तीनवटा सम्मान तथा पुरस्कारबाट सम्मानित भएका छन् ।

कथा लेखनबाट साहित्यिक क्षेत्रमा प्रवेश गरेका शर्मा नेपाली कथा क्षेत्रमा तीनवटा कथासङग्रहरू प्रकाशित छन् र केही कथाहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका पाइन्छन् । उनका हालसम्म प्रकाशित कथाहरूमा **धूलोमा उडेका सपनाहरू** (२०६०), **अभिशप्त समय**(२०६४), र **छिरिङ डोल्मा र अनाम शहिदहरू** (२०६८) रहेका छन् । उनका यी तिनैवटा कथासङग्रहहरूका आधारमा कथा यात्रा र प्रवृत्तिहरू प्रस्तुत गरिएको छ । सामाजिक र वैयक्तिक जीवनका आरोह र अवरोह चाप प्रतिचापले कथाकारको मष्तिष्कमा पारेको प्रभाव एवंम कथा लेखनगत प्रौढता र परिपक्वतालाई पनि आधारस्रोत मानिएको छ । उनका समग्र प्रवृत्ति हेर्दा उनी सामाजिक यथार्थवादी कथाकार हुन् । उनले मानिसको सामाजिक जीवनभित्रका तीता यथार्थहरूलाई आफ्ना कथामा उतारेका छन् । उनका कथाहरूमा मानवीय अनुभूति र संवेदनाहरूको मानिसले भोग्न बाध्य हुनुपर्ने अनेक समस्याहरूको दुष्परिणाम देखाइएको हुन्छ । उनका कथाहरूमा गरीबी, अभाव, निम्नवर्ग र मजदूर दलितको वास्तविक यथार्थता र समाजमा हुने अन्याय, अत्याचार, शोषण र दमनको स्वरूप देख्न पाइन्छ । आफूले भोगेको जीवन विभिन्न संस्कृति र अनुभवहरूलाई पात्र र कथावस्तुको स्वरुप दिएर कलात्मक रुपमा

अभिव्यञ्जित गर्नमा सिपालु शर्माका कथाहरूमा अनेकौ वैयक्तिक, सामाजिक, पारिवारिक, सामुदायिक र सामाजिक विकृति र विसङ्गतिको चित्रण प्रभावकारी रूपमा देखिन्छ । विभिन्न किसिमका सामाजिक समस्या, मानवीय मूल्यको ह्रासोन्मुखता, सामाजिक कुसंस्कारप्रति असुन्तुष्टि उनका कथामा पाइने विशेषता हुन् । मान्छेको जीवनका विभिन्न पाटाहरू केलाउँदै त्यसमा देखिएका विसङ्गति पहिल्याउनु नै उनका कथाको केन्द्रीय पक्ष हो । राजनीतिक विसङ्गति र भ्रष्ट नेताहरूका चरित्र, कर्मचारी वर्गका समस्या र पीडा, द्वन्द्वले पारेको प्रभाव, नारीहरूले सहनुपर्ने विविध समस्याजस्ता यथार्थहरूको प्रस्तुति र ग्रामीण तथा सहरी परिवेशको चित्रणले उनका कथा मार्मिक बन्न पुगेका छन् । समग्रमा उनका कथाहरूमा विद्यमान सामाजिक समस्याका विविध पक्षहरूलाई आलोचनात्मक दृष्टिले हेरी मानिसको जीवन झन्झन् सङ्कटपूर्ण र जटिल बन्दै गएको यथार्थको सजीव चित्रण पाइन्छ ।

घनश्याम शर्माको **अभिशप्त समय** (२०६४) कथासङ्ग्रहमा संङकलित कथाहरूको विश्लेषण कथानक, पात्र/चरित्रचित्रण, परिवेश, दृष्टिविन्दु, उद्देश्य, भाषाशैली, सारवस्तु जस्ता तत्वहरूका आधारमा गरिएको छ ।

**अभिशप्त समय** (२०६४) कथासङ्ग्रह शर्माको कथायात्राको द्रोसो प्रकाशित कथासङग्रह हो । यस कथाङग्रहमा २३ वटा कथाहरू संङ्कलित छन् । उनका यस सङग्रहका कथाहरूमा द्वन्द्व विस्थापित मनहरू, दोहोरो चेपुवामा परेका मानिसहरू, तिनका भोगाइ र मानसिक छटपटाहट र विभिन्न सामाजिक समस्याहरूका चित्रण पाइन्छन् । दाइजो प्रथा, जातीय भेदभाव, प्रेमविवाह, अन्धविश्वास, रुढिवादी परम्परा, वालविवाह, अनमेल विवाह, छुवाछुतको भावना, छाउपडी प्रथा आदिलाई हेरी ती संङ्कीर्ण सामाजिक मूल्यबाट मानवीय भावनामा पर्ने कुप्रभावबारे प्रकाश पारेका छन् । अन्धविश्वासले पूरै गाँजेको समाजमा जतातत्तै रोग, शोक र अकाल मृत्युले राज गरेको नारी माथि हुने अन्याय अत्याचार र दमनको स्वरुप पनि देख्न सकिन्छ । समाजमा गरीबी र शोषणको चरम रुप विद्यमान भएकाले उच्च वर्गका मानिसहरूले निम्न वर्गका मानिसहरूको जीवनमाथि खेलबाड गरी आफूले मात्र आनन्द भोगिरहेका सन्दर्भमा सम्पन्न वर्गका मानिसहरूको दुश्चरित्र र अनैतिक गतिविधिहरूको पर्दाफास गरिदिएका कथाहरू छन् । उनका कथाहरूमा नेपालीहरू देशमा रोजगार नभएर रोजगारका लगि मुगलान वा खाडी मुलुक जाने गरीब र अशिक्षित नेपालीहरूको अवस्थालाई देखाएका छन् । उनका कथाहरूमा निम्न वर्ग र उच्च वर्ग पनि देखिन्छन् । सुदूरपश्चिमाञ्चल क्षेत्रका भौगोलिक र सांस्कृतिक परिवेशलाई आधार मानेर त्यहाँको लोकसस्कृति तथा संस्कारलाई कथ्य बनाएका कथाहरु छन् । उनका कथाहरूमा चेपाङहरूको जनजीवनको चित्रण पनि पाइन्छ । उनले मानिस भित्रका बर्बर पाशविक प्रवृत्तिको भन्डाफोर गर्दै सदा दुर्नियत र बिडम्बनामा बाँच्न बाध्य हुनुपर्ने मान्छेका कथा लेखेका छन् । उनका कथामा साँहिला, मङ्गले, सोमे, बुधे र अन्तरी गरीब चेपाङहरूको प्रतिनिधित्व गरेका पात्रहरू रहेका छन् । गरीब दुःखी पात्रहरूमा च्याम्पे, जिरे पात्रहरूले प्रतिनिधित्व गरेका छन् भने तीन जना सरहरू, कार्यालयको हाकिम, भद्र मानिसले उच्च वर्गको प्रतिनिधित्व गरेका छन् । बालिसराले अनमेल विवाह र कित्थीले छाउपडी प्रथाको प्रतिनिधित्व गरेका पात्रहरू हुन् । यस कथासङग्रहमा सङ्ग्रहीत कथाहरूमा आन्तरिक र वाह्य दुवै दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । सहरिया र गाउँले परिवेश

रहेको पाइन्छ । वर्णनात्मक र संवादात्मक शैली अपनाइएको यस कथा सङ्ग्रहमा अधिकांश कथाहरूमा सहज, सरल, सरस र स्वभाविक जीवन्त भाषाशैलीको प्रयोग पाइन्छ । वाक्य गठनमा सामान्य तथा सरल वाक्यको प्रयोग गरिएको छ । ठाउँ ठाउँमा उखान टुक्काको प्रयोगले कथालाइ अझ बढी प्रभावकारी बनाएको देखिन्छ ।

कथाकार घनश्याम शर्माका कथाहरूमा पाइने कथागत प्राप्तिहरूमा उनले मानिसभित्रको बर्बर पाशविक प्रवृतिको भण्डाफोर गर्दै सदा दुर्नियति र बिडम्बनामा बाँच्न हुनुपर्ने मान्छेको कथा लेखेका छन् । उनका कथाहरूमा समुन्द्रपारका मानिसहरूका जीवनपद्धति, संस्कार र संस्कृति पनि उनका कथामा देख्न पाइन्छ । विशेष गरेर उनले सुदूरपश्चिमाञ्चल क्षेत्रका भौगोलिक र सांस्कृतिक परिवेशलाई आधार मानेर त्यहाँको लोकसंस्कृति तथा संस्कारहरुलाई कथ्य बनाएका कथाहरू पाइन्छन् । समाजमा गरीबी र अशिक्षाका साथै परम्परित मान्यताका कारण अनेकौं कुरीति, रुढिवादी विचारधारा र कुसंस्कारबाट मान्छेको जीवन दुःख र कष्टको पर्याय बनिरहेको यथार्थ पनि उनका कथामा स्पष्ट देख्न सकिन्छ । उनका कथामा सामाजिक सन्दर्भमा आधारित अनेकौं वैयक्तिक, पारिवारिक, सामुदायिक र सामाजिक विकृति र विसङ्गति स्पष्ट रूपमा देख्न पाइन्छ । द्वन्द्वकथाहरूमा द्वन्द्वले नेपालीहरूको जीवनलाई आघात मात्र पारेको तथ्यलाइ पनि स्पष्ट पारेको देख्न सकिन्छ । यसरी समग्रमा उनका कथाहरूमा विद्यमान सामाजिक समस्याका विविध पक्ष आलोचनात्मक र व्यङ्ग्य दृष्टिले हेरी मानिसको जीवन झन्झन संकटपूर्ण र जटिल बन्दै गएको यथार्थको सजीव चित्रण पाइन्छ । उनका कथाहरूले समाजमा हुने हरेक किसिमका विकृति र विसगतिको अन्त्य गर्नुपर्दछ भन्ने सन्देश दिन खोजेका छन् । द्वन्द्वले नेपालीहरूको जीवनलाई आघात मात्र पारेको र द्वन्द्व सदाका लागि अन्त्य हुनुपर्ने सन्देश पनि उनका कथाहरूमा पाइन्छन् ।

# सन्दर्भग्रन्थसूची


गौतम, ध्रुवचन्द्र, (२०६०), समाजको गाथा सुनाइरहेका कथाहरू शीर्षक, **धूलोमा उडेका सपनाहरू,** काठमाडौं : अनुराग प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद र ज्ञानु अधिकारी,(२०६९), **नेपाली कथाको इतिहास,** काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान ।

पोखरेल, बालकृष्ण,(२०४०), **नेपाली बृहत शब्दकोश, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।**

रावल, ललिजन, (२०६०), **धूलोमा उडेका सपनाहरू,** टिप्पणी, काठमाडौं : अनुराग प्रकाशन ।

लुइटेल, खगेन्द्र प्रसाद, (२०६०), **कविता सिद्वान्त र नेपाली साहित्यको इतिहास,** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, घनश्याम, (२०६०), **धूलोमा उडेका सपनाहरू**, काठमाडौं : अनुराग प्रकाशन ।

शर्मा, घनश्याम, (२०६४), **अभिशप्त समय**, ललितपुर : साझा प्रकाशन ।

शर्मा, घनश्याम, (२०६८), **छिरिङ डोल्मा र अनाम सहिदहरू,** ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम,(२०७०), **नेपाली कथा र कथाकार**, काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान ।


**अन्य सूची**


अनिल पौडेल सँगको अन्तवार्ता ।

भागवत आचार्यसँगको अन्तवार्ता ।

रमेशनाथ पौडेल सँगको अन्तवार्ता ।

ललिजन रावल सँगको अन्तवार्ता ।

शोध नायकको श्रीमती बाट प्राप्त जानकारी ।